# फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन
# २०८१

फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदल

# फौजदारी न्याय प्रशासन सुधार
# अध्ययन तथा सुझाव प्रतिवेदन
# २०८१

## फौजदारी न्याय प्रशासन सुधार
## अध्ययन तथा सुझाव कार्यदल

मिति: २०८१।०३।२३

सम्माननीय प्रधानमन्त्रीज्यू
नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

**विषय: प्रतिवेदन पेश गरेको सम्बन्धमा।**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।१०।१८ को निर्णयानुसार फौजदारी कानून र फौजदारी न्याय प्रशासनमा समयानुकूल परिवर्तन र सुधारका लागि अध्ययन गरी सिफारिस गर्न फौजदारी न्याय प्रशासन अध्ययन तथा सुधार कार्यदल गठन भएको व्यहोरा निवेदन गर्दै कार्यदिश भित्र रही कार्यदलले तयार गरेको प्रस्तुत प्रतिवेदन पेश गरिएको छ ।

१. डा. दिनमणी पोखरेल, माननीय महान्यायाधिवक्ता — संयोजक ..........

२. श्री फणिन्द्र गौतम, सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — सदस्य ..........

३. श्री लिलादेवी गड्तौला, सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य ..........

४. श्री बिमल पौडेल, रजिष्ट्रार, सर्वोच्च अदालत — सदस्य ..........

५. श्री संजीवराज रेग्मी, नायब महान्यायाधिवक्ता — सदस्य ..........

६. श्री प्रकाश महर्जन, अधिवक्ता, विज्ञ — सदस्य ..........

७. श्री टेकबहादुर तामाङ्ग, प्रहरी अतिरिक्त महानिरीक्षक — सदस्य ..........

८. श्री हर्कबहादुर रावल, अधिवक्ता, नेपाल वार एशोसियसन — सदस्य ..........

९. श्री सोमकान्ता भण्डारी, सहन्यायाधिवक्ता — सदस्य सचिव ..........

# विषयसूची

*परिच्छेद एक* ........ *1*

१.१ पृष्ठभूमि ........ 1

१.२ कार्यदलको गठन तथा कार्यदिशः ........ 4

१.२.१ कार्यदलको गठन ........ 4

१.२.२ कार्यदलको कार्यदिश ........ 5

१.३ कार्यदलको कार्यविधि ........ 7

*१.४ अध्ययन विधि* ........ *7*

१.६ अध्ययन प्रतिवेदनको स्वरुप ........ 9

*परिच्छेद-२* ........ *10*

*पूर्व अध्ययन (Literature Review)* ........ *10*

*परिच्छेद-३* ........ *23*

*मुलुकी अपराध संहिता, २०७४ को कार्यान्वियन सम्बन्धमा देखिएका समस्या, विश्लेषण तथा सुझावहरु* ........ *23*

*३. १ सरोकारवालाहरुबाट प्राप्त भएका मुख्य मुख्य सुझावहरु* ........ *23*

३.२ सरोकारवालाहरुसँगको छलफलबाट पहिचान गरिएका समस्याहरु ........ 24

३.३ मुलुकी अपराध संहिता, २०७४ मा गरिनु पर्ने सुधारहरु ........ 25

३.४ मुलुकी अपराध संहितामा गर्नु पर्ने सुधारहरू( तीन महले) ........ 43

*परिच्छेद ४* ........ *80*

*मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को कार्यान्वियन सम्बन्धमा देखिएका समस्या, विश्लेषण तथा सुझावहरु* ........ *80*

४.१ सरोकारवालाहरुबाट प्राप्त मुख्य सुझावहरु ........ 80

४.२. सरोकारवालाहरुसँगको छलफलबाट पहिचान गरिएका समस्याहरु ........ 84

१. फौजदारी मुद्दाको बढ्दो संख्याले गर्दा राज्यको स्रोतमा अत्याधिक चाप पर्न गएकोले मुद्दाको संख्या न्यूनिकरण र मुद्दा छिटो निक्यौलको लागि फौजदारी कार्यविधि प्रकृयाको सरलीकरण तथा मुद्दाको चापलाई कानूनीगत तवरमा सुधार गर्न अध्ययन गर्नुपर्ने हुन्छ। यस सवालमा निम्न कानूनी व्यवस्था लगायतको उपयोगिताको बारे छलफल र थप अध्ययन हुनुपर्ने देखिएको, ........ 84

४.३. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ मा गरिनु पर्ने सुधारहरु ........ 86

४.४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा गर्नु पर्ने सुधारहरू( तीन महले) ........ 105

*परिच्छेद ५* ........ *126*

*फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वियन) ऐन, २०७४ सम्बन्धमा देखिएका समस्या, विश्लेषण तथा सुझावहरु* ........ *126*

*५. १. सरोकारवालाहरुबाट प्राप्त भएका मुख्य मुख्य सुझावहरु.* **126**

५.२ सरोकारवालाहरुसँगको छलफलबाट पहिचान गरिएका समस्याहरु **127**

५.३ फौजदारी कसूर (सजाय निर्धाण तथा कार्यान्वयन) ऐन, २०७४ मा गर्नुपर्ने सुधारहरु- **129**

५.५ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा गर्नुपर्ने सुधारहरु (तीन महले) **134**

*परिच्छेद ६* **141**

*विषयगत ऐनहरुको सवालमा गरिनुपर्ने सुधारहरु* **141**

६.१ बालबालिका सम्बन्धी ऐन, २०७५ **141**

६.२ अध्यागमन ऐन, २०४९ **145**

६.३ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ **145**

६.४ लागू औषध (नियन्त्रण) ऐन,२०३३ **146**

६.५ सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ **148**

६.६ सङ्गठित अपराध निवारण ऐन, २०७० **149**

६.७. वन ऐन, २०७६ **150**

६.८ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ **150**

६.९ वैदेशिक रोजगार ऐन, २०६४ मा गर्नु पर्ने सुधार 151

*परिच्छेद-७* **153**

*संस्थागत सुधारको सम्बन्धमा गरिनुपर्ने सुधारहरु* **153**

*७.१. अपराध अनुसन्धान तर्फ-* **153**

७.२. अभियोजन तर्फ **154**

७.३. न्यायिक कारवाही र सजाय कार्यान्वयन **155**

७.४. विविध **155**

*परिच्छेद ८* **157**

*निष्कर्ष र सुझावहरु* **157**

*अनुसूचीहरु* **162**

# परिच्छेद एक

## १.१ पृष्ठभूमि

शान्ति, सुरक्षा तथा अमनचयन मानिसको जीवनमा अपरिहार्य हुन्छ ।जसको प्रत्याभूतिका लागि कानून आवश्यक रहन्छ। सामाजिक शान्ति, सुरक्षा तथा अमनचयन विरुद्ध हुने कार्य तथा मानवीय व्यवहारलाई नियमन गर्ने कार्य विशेष गरी फौजदारी कानूनले गर्दछ।फौजदारी कानूनले केही मानवीय व्यवहार, कार्य तथा कर्तव्य विमुखतालाई अपराधीकरण गरी निषेधित गर्दछ। फौजदारी कानूनको धरातल समाज नै हुने हुँदा फौजदारी कानून पनि समाजसँगै परिवर्तन हुँदै जान्छ। समाजको परिवर्तन एवं गतिशिलतालाई फौजदारी कानूनले आत्मसाथ गरेको हुन्छ। समाजको विकास तथा परिवर्तनसँगै कतिपय मानवीय आचरण अपराधीकरण हुन्छन भने कतिलाई अपराधिकरण गरिँदैन। तसर्थ,समाजको आवश्यकता तथा समय अनुसार भएका परिवर्तन तथा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा विकास भएका विधिशास्त्रका नविनतम् अवधारणालाई समेत सम्बोधन गर्नको लागि कानूनमा समयानुकूल परिमार्जन तथा परिवर्तन गर्न आवश्यक रहन्छ ।

नेपालको सन्दर्भमा हेर्दा वि.सं. २०२० सालमा मुलुकी ऐन जारी भई सोका माध्यमबाट नागरिकहरुको व्यवहारलाई नियमन गरी कसूर, सजाय तथा फौजदारी कार्यविधिहरुको सम्बन्धमा व्यवस्था गरिँदै आएको थियो। उक्त मुलुकी ऐनलाई खारेज गर्दै फौजदारी कानूनका सारवान तथा कार्यविधि पक्षका परिवर्तित मान्यताहरुलाई आत्मसाथ गर्दै विभिन्न कानूनमा छरिएर रहेका विषयहरुलाई एकीकृत गरी फौजदारी संहिताको रुपमा मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ जारी भई मिति वि.सं.२०७५ साल भाद्र १ गतेदेखि लागू भएको अवस्था छ । यी संहिताहरुले नेपालको फौजदारी कानून र फौजदारी न्याय प्रशासनमा व्यापक परिवर्तन गर्नुका साथै अपराध पीडितलाई फौजदारी न्यायको अभिन्न अङ्गको रुपमा सम्बोधन गर्न खोजेको छ। साथै संहिता कानूनसँगै अन्य विषयगत कानूनहरुमा समेत संहिता कानूनहरुले अंगिकार गरेका मान्यता अनुकूल परिमार्जन गरिएको समेत छ । यद्यपि कतिपय कानूनहरुमा सो अनुरुप परिमार्जन हुन सकेको देखिँदैन ।

मुलुकमा शान्ति सुरक्षा कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न, विभिन्न धार्मिक तथा सांस्कृतिक समुदाय बीचको सुसम्बन्ध तथा शान्ति कायम गर्न, फौजदारी कसूर निवारण र नियन्त्रण गर्न र तत्सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल फौजदारी कसूर सम्बन्धी संहिताको व्यवस्था गर्न मुलुकी अपराध संहिता, २०७४ जारी भएको व्यहोरा उक्त संहिताको प्रस्तावनामा उल्लेखित छ। प्रस्तुत संहिता सामान्य कानूनको रुपमा लागू हुने भनी सोही संहिताको दफा ५ मा उल्लेख गरिएको छ । यस संहिताले केही नयाँ प्रावधानहरुलाई समावेश गरेको पाइन्छ । कसूरको गम्भीरता बढाउने र घटाउने आधारहरु तोकी प्राय अधिकांश कसूरको सजायको हकमा कैद र जरिवानाको सजायको न्यूनतम तल्लो हद (थ्रेसहोल्ड) नराखी अधिकतम सीमा निर्धारण गरिएको छ । यस संहिताले नयाँ कसूरको रुपमा जातिहत्या, म्याच फिक्सिङ, राष्ट्रपति उपर आक्रमण गर्न नहुने, छाउपडीमा राख्न नहुने, राष्ट्र सेवकलाई कर्तव्य पालना गर्न बाधा विरोध गर्न नहुने, राष्ट्र सेवकलाई मद्दत दिन इन्कार गर्न नहुने जस्ता कार्यलाई समेत समावेश गरेको छ ।

फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरी, कारबाही, सुनुवाई र किनारा तथा सोसँग सम्बन्धित आवश्यक कार्यविधि र त्यस्ता मुद्दामा भएको फैसला कार्यान्यवन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी कार्यविधि कानूनलाई सरलीकृत र समयानुकूल बनाउन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ जारी भएको अवस्था छ। फौजदारी कार्यविधि सम्बन्धमा सामान्य तथा एकीकृत कानूनको रुपमा रहेको यस संहिताले फौजदारी कसूर भनी विभिन्न मुद्दाहरुलाई अनुसूची १, २, ३ र ४ मा समावेश गरेको छ। प्रस्तुत संहिताले नेपाल बाहिर भए गरेको कसूरको सम्बन्धमा समेत अनुसन्धानको प्रकिया सम्बन्धी कानूनी व्यवस्था गरेको छ। साथै संहिताले फौजदारी कसूरमा सजाय छुटको मागदाबी लिई अभियोगपत्र दायर गर्न सकिने सम्बन्धमा विस्तृत व्यवस्था गरेको छ। यस संहिताले अदालतको क्षेत्राधिकार, विभिन्न चरणहरुको सुनुवाई, मुद्दा फिर्ता, मुद्दा मिलापत्र, साक्षी तथा पीडित संरक्षण, प्रमाण परीक्षण, श्रव्य दृश्यका माध्यमबाट साक्षी बुझ्ने लगायतका विषयमा व्यवस्था गरेको पाइन्छ।

न्यायपूर्ण, शान्तिपूर्ण र सुरक्षित समाज सिर्जना गरी सर्वसाधारणको हित र सदाचार कायम गर्नको लागि फौजदारी कसूर गर्ने कसूरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यन्वयन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न फौजदारी कसूर (सजाय निर्धारण तथा

कार्यान्वयन) ऐन, २०७४ जारी भएको अवस्था छ । यो ऐन कार्यान्वयन गर्दा अपराध संहिता र फौजदारी कार्यविधि संहिताको अधिनमा रही कार्यान्वयन गर्नु पर्नेछ भन्ने व्यवस्था गरिएबाट यो ऐन छुट्टै स्वतन्त्र रुपमा लागू हुने ऐन नभई अपराध संहिता र फौजदारी कार्यविधि संहिताको परिपूरकको रुपमा लागू हुने ऐनको रुपमा रहेको देखिन्छ। ऐनले सजाय निर्धारण गर्दा कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा, कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरुको अलवा सजायको उद्देश्य समेतलाई आधार मान्नुपर्ने व्यवस्था गरेको छ। यस ऐनले दण्डका सुधारात्मक र वैकल्पिक उपायहरु अवलम्बन गर्ने व्यवस्था गरेको छ जस्तै- सामुदायिक सेवा, सुधार गृहमा पठाउन सकिने, खुल्ला कारागार, प्यारोलमा राख्न सकिने, सामाजिकीकरण गराउनु पर्ने इत्यादि । साथै यस ऐनको केही दफामा उल्लिखित प्रावधानहरुको कार्यान्वयन गर्न समय समेत दिइएको छ ।

फौजदारी न्याय प्रशासनसँग सम्बन्धित यी संहिताहरु कार्यान्वयनमा आएको पाँच वर्ष भन्दा बढी भैसकेको अवस्था छ । यी कानूनमा सामान्य संशोधन गरी तत्कालको आवश्यकतालाई सम्बोधन गरिए तापनि कार्यान्वयनको अवस्थाको अध्ययन गरी सुधार गर्नुपर्ने विषयहरु पहिचान गर्नु पर्ने देखिएको छ। कतिपय व्यवस्थाहरु समयानुकूल र सामाजिक मान्यता समेतका आधारमा अध्ययन गर्नुपर्ने समेत देखिएको छ। मुलुकी अपराध संहिताले अपराधीकरण गरेका कतिपय कार्यहरु अन्य विशेष कानूनमा पनि समावेश गरिएका छन्। कानूनको दोहोरोपनाले कार्यान्वयनमा कठिनाई श्रृजना गर्दछ। अपराध संहिताले अवलम्बन गरेको दण्ड र सजायको सिद्धान्त अन्य फौजदारी कसूर सम्बन्धी कानूनको दण्ड सजायसँग सामन्जस्य हुन आवश्यक रहेको देखिन्छ। कतिपय कानूनमा रहेका व्यवस्थाहरु संहिता कानूनले अङ्गिकार गरेको दण्ड सजायको सिद्धान्त अनुकूल पुनरावलोकन हुन आवश्यक रहेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, लागू औषध (नियन्त्रण) ऐन, २०३३, बालबालिका सम्बन्धी ऐन, २०७५, खाद्य ऐन २०२३, विष्फोटक पदार्थ ऐन २०१८ तथा कालोबजार तथा अन्य सामाजिक अपराध नियन्त्रण ऐन, २०३२ लगायतका कानूनहरुमा पुनरावलोकन गर्नुपर्ने देखिएको छ। कतिपय विशेष कानूनहरुमा गरिएका कार्यविधिगत प्रबन्ध मुलुकी फौजदारी कार्यविधि संहिताका प्रावधानसँग सामन्जस्य हुनुपर्ने देखिन्छ ।

संहिताहरुको कार्यान्वयनको क्रममा सरोकारवालाहरु बीच कानूनी व्यवस्थाका व्याख्या र बुझाईमा फरकपना र जटिलताहरु देखिएका छन्। सर्वोच्च अदालतबाट भएका व्याख्या र

प्रतिपादन भएका सिद्धान्तका आधारमा समेत विद्यमान कानूनमा सुधार गर्नुपर्ने हुन्छ । कतिपय फौजदारी कसूरका सम्बन्धमा भएका व्यवस्थाहरु हाम्रो सामाजिक मूल्य र मान्यता अनुकूल नभएको भन्ने विषय पनि देखिएको छ। फौजदारी कानूनले निषेधित कसूरको अनुसन्धान तथा अभियोजनमा थप सुधारका उपाय पहिचान गर्न आवश्यक छ भने सम्बद्ध निकायहरुका बीचमा समन्वय विस्तार हुन सकेमा फौजदारी न्याय प्रशासन प्रभावकारी हुन सक्ने अपेक्षा रहेको छ। तसर्थ, फौजदारी कानून र फौजदारी न्याय प्रशासन सम्बन्धी समग्र कानूनहरुको कार्यान्वयनको अवस्था तथा अपराध अनुसन्धान र अभियोजनको अवस्था र प्रभावकारिताको अध्ययन तथा अनुसन्धान गरी सुधारका विषयमा नेपाल सरकारलाई सुझाव दिन प्रस्तुत कार्यदल गठन गरिएको हो। यस कार्यदलमा फौजदारी कानून कार्यान्वयन गर्ने सरोकारवाला निकायहरु तथा फौजदारी कानूनका विज्ञहरु समेतको प्रतिनिधित्व हुने गरी फौजदारी न्याय प्रशासनका विषयमा अध्ययन गरी सुझाव दिन नेपाल सरकारले प्रस्तुत कार्यदल गठन गरेको हो ।

## १.२ कार्यदलको गठन तथा कार्यदेशः

### १.२.१ कार्यदलको गठन

मुलुकी अपराध संहिता तथा फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनहरु कार्यान्वयनमा आएको पाँच वर्षभन्दा बढी समेत भइसकेको सन्दर्भमा ती कानूनहरुको कार्यान्वयनको अवस्था तथा ती कानूनमा उल्लिखित व्यवस्थाहरु समयानुकूल र सामाजिक मान्यताका आधारमा सुधार गर्न आवश्यक रहेको महसुस गरी मुलुकी अपराध संहिता, फौजदारी कार्यविधि कानून र सजाय निर्धारण कानूनमा रहेका कमी तथा कार्यान्वयनमा देखिएका कठिनाइ र समस्या पहिचान गर्ने, मुलुकी अपराध संहिता र अन्य विशेष कानूनमा देखिएको दोहोरोपना पहिचान गरी दण्ड सजाय तथा जरिवाना लगायतका विषयमा एकरुपता तथा सामञ्जस्यता कायम गर्न गरिनुपर्ने कानूनी सुधारका उपाय पहिचान गर्ने लगायतका विषय समावेश गरी फौजदारी कार्यविधि कानून तथा फौजदारी न्याय प्रशासन सम्बन्धी कानून र सो कार्यान्वयनमा सम्बद्द संरचनाहरुमा गर्नुपर्ने सुधारका लागि सुझाव सहित नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्न कार्यदल गठन गरिएको हो। सो कार्यदल महान्यायाधिवक्ताको संयोजकत्वमा फौजदारी न्याय प्रशासनसँग सम्बद्ध निकायका प्रतिनिधिहरु तथा फौजदारी कानून विषयका विज्ञहरु समेत रहने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१०।१८ गतेको निर्णयानुसार कार्यदल गठन भएको अवस्था छ ।कार्यदलको गठन देहाय बमोजिम रहेको छः

## कार्यदल

| क्र.सं. | नाम | पद | |
|---|---|---|---|
| १. | डा. दिनमणी पोखरेल | माननीय महान्यायाधिवक्ता | अध्यक्ष |
| २. | श्री फणीन्द्र गौतम[1] | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ३. | श्री लिलादेवी गड्तौला | सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय | सदस्य |
| ४. | श्री विमल पौडेल | रजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य |
| ५. | श्री संजीवराज रेग्मी | नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ६. | श्री प्रकाश महर्जन | अधिवक्ता, सम्मानीय प्रधानमन्त्रीबाट तोकिएको विज्ञ | सदस्य |
| ७. | श्री टेकबहादुर तामाङ | प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय | सदस्य |
| ८. | श्री हर्क रावल | अधिवक्ता, उपाध्यक्ष, नेपाल बार एशोसियसन | सदस्य |
| ९. | श्री सोमकान्ता भण्डारी | सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य सचिव |

### १.२.२ कार्यदलको कार्यादेश

- मुलुकी अपराध संहिता लगायत फौजदारी कार्यविधि कानून र सजाय निर्धारण कानूनमा रहेका कमी तथा कार्यान्वयनमा देखिएका कठिनाई र समस्या पहिचान गर्ने,
- मुलुकी अपराध संहिता र अन्य विशेष कानूनमा देखिएको दोहोरोपना पहिचान गरी दण्ड सजाय तथा जरिबाना लगायतका विषयमा एकरुपता तथा सामन्जस्यता कायम गर्न गरिनुपर्ने कानूनी सुधारका उपाय पहिचान गर्ने,

[1] कार्यदलको प्रारम्भमा तत्कालीन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री उदयराज सापकोटाले सदस्यको रुपमा रही कार्य गर्नु भएको थियो।

- फौजदारी कानूनसँग सम्बन्धित विशेष कानूनहरुमा पुनरावलोकन गरी सुधारका उपाय सुझाउने,
- फौजदारी कार्यविधि कानून तथा फौजदारी न्याय प्रशासन सम्बन्धी कानून तथा यसको कार्यान्वयनमा सम्बद्ध संरचनाहरुमा गर्नुपर्ने सुधारका लागि सुझाव दिने,
- कसूरको अनुसन्धान तथा अभियोजन र न्यायिक प्रक्रिया लगायत विद्यमान कार्यविधि कानूनको सम्बन्धमा पुनरावलोकन गरी सुझाव प्रस्तुत गर्ने,
- दण्ड नीतिको पुनरावलोकन तथा दण्डका सुधारात्मक उपायहरुको कार्यान्वयनका लागि गरिनुपर्ने तयारी तथा संस्थागत प्रबन्धका बारेमा सुझाव दिने,
- कार्यदलले कार्य संचालनको लागि आफै कार्यविधि व्यवस्थित गर्न सक्नेछ ।

## उपसमिति

कार्यदलको कार्य तथा अध्ययन अनुसन्धानमा सहयोग गर्ने गरी कार्यदलको मिति २०८०।११।०१ को निर्णयबाट नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मीको अध्ययक्षतामा सात सदस्यीय उपसमिति (Working Team) गठन भएको छ, जुन देहाय बमोजिमको रहेको छ-

| क्र.सं. | नाम | पद | |
|---|---|---|---|
| १. | श्री संजीवराज रेग्मी | न्यायब महान्यायाधिवक्ता | संयोजक |
| २. | श्री सोमकान्ता भण्डारी | सहन्यायाधिवक्ता | सदस्य |
| ३. | श्री प्रकाश न्यौपाने | उपसचिव, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय | सदस्य |
| ४. | श्री दिपेन्द्र शाही | प्रहरी उपरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ५. | श्री अमित उप्रेती | उपन्यायाधिवक्ता | सदस्य सचिव |
| ६ | श्री दीपिका गजुरेल | सहायक न्यायाधिवक्ता | आमान्त्रित सदस्य |
| ७ | श्री उमंग निरौला | सहायक न्यायाधिवक्ता | आमान्त्रित सदस्य |

## १.३ कार्यदलको कार्यविधि

कार्यदलको कार्यविधि देहाय बमोजिम हुने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयले तय गरिएको थियो । सो कार्यविधिमा रही कार्यदलले प्रतिवेदन तयार गरेको छ । कार्यविधि देहाय बमोजिम रहेका छन्:

- कार्यदलले सर्वोच्च अदालत, नेपाल सरकार, नेपाल बार एशोसिएसन लगायत सम्बद्ध अनुसन्धान निकाय वा पदाधिकारी वा विभिन्न संघ संस्था वा नागरिकसँग यस सम्बन्धमा अन्तरक्रिया एवं छलफल गरी राय सुझाव लिन सक्नेछ ।
- यस सम्बन्धी विज्ञसँग परामर्श बैठक गरी सुझाव लिन सक्नेछ ।
- कार्यदलले सुझाव संकलन तथा परामर्शका लागि सातवटै प्रदेशमा अन्तरक्रिया र परामर्श कार्यक्रम गर्न सक्नेछ।
- कार्यदलले अन्य देशका विज्ञसँग परामर्श गरी सुझाव लिन र तुलनात्मक अध्ययनका लागि नेपाल सरकारको स्वीकृति लिई अध्ययन भ्रमण गरी सुझाव र राय लिन सक्नेछ।
- कार्यदलको सचिवालय महान्यायाधिवक्ताको कार्यालयमा रहनेछ ।
- कार्यदलको सहयोगका लागि उपसमिति गठन गरी सहयोग लिन सक्नेछ ।
- आयोगलाई काम शुरु गरेको मितिले प्रतिवेदन पेश गर्न छ महिना कार्य अवधि रहनेछ।

## १.४ अध्ययन विधि

प्रस्तुत अध्ययन मूलतः Doctrinal र Non doctrinal विधिबाट गरिएको छ । साथै अध्ययन विधिका साधनका रुपमा सुझाव संकलन, अन्तरक्रिया एवम् छलफल विधि समेत प्रयोग गरिएको छ । कार्यदल सदस्यहरु बीच भएको छलफल र निर्णय अनुसार उपसमितिले फौजदारी संहिता तथा अन्य कानूनहरुमा समाहित भएका व्यवस्थाहरुको बारेमा अध्ययन तथा विश्लेषण गरी समस्याहरु पहिचान गरी सो कानूनी व्यवस्थाहरुमा सुधार गर्नपर्ने कुराहरु बुँदागत रुपमा तयार गरेर सो कुरालाई कार्यदलको बैठकमा पेश गरेको थियो । सो विषयहरुमा कार्यदलका सदस्यहरु बीच छलफल गरी प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । यसरी प्रारम्भिक मस्यौदा पृष्ठपोषणका लागि सरोकारवाला निकाय, कानून कार्यान्वयन गर्ने पदाधिकारीहरुसँग (न्यायाधीश, सरकारी वकील, कानून व्यवसायी, प्राध्यापक, फौजदारी कानूनका विज्ञ, अनुसन्धान अधिकृत, अर्ध न्यायिक निकायहरु, कारागार प्रशासक आदि) प्रादेशिक रुपमा छलफल गरिएको थियो। छलफलबाट प्राप्त भएका सुझाव समेत उपर कार्यदलमा छलफल गरी सोका आधारमा

समेत प्रस्तुत प्रतिवेदन तयार गरिएको छ। प्रादेशिक रुपमा भएका छलफल र उपस्थित तथा सहभागीहरुको नामावली अनुसूचीहरुमा समावेश गरिएको छ । छलफल कार्यक्रम भएको मिति र स्थान देहाय बमोजिम रहेका छन् ।

| सि.नं | मिति | कार्यक्रम स्थान | प्रदेश |
|---|---|---|---|
| १ | २०८०/१२/२४ | काठमाडौं | बागमती |
| २ | २०८१/०१/१९ | विराटनगर | कोशी |
| ३ | २०८१/०१/२२ | बिरगंज | मधेश |
| ४ | २०८१/०१/२९ | पोखरा | गण्डकी |
| ५ | २०८१/०२/१९ | बुटवल | लुम्बिनी |
| ६ | २०८१/०३/१५ | काठमाडौं | बागमती |

साथै उक्त कार्यदलले सुझाव संकलनमा जनसहभागिता तथा पहुँच बढाउनको लागि इमेल मार्फत फौजदारी न्याय प्रशासनमा गरिनुपर्ने कानूनी तथा संस्थागत सुधारको सम्बन्धमा आधार कारण सहित बुँदागत सुझाव वा संघ संस्था तथा कानून अध्यापन गराउने क्लेजहरुमा यस विषयसँग सम्बन्धित कुनै अध्ययन अनुसन्धान गरिएको प्रतिवेदन रहेको भए सो समेत समितिको अध्ययनको प्रयोजनको लागि इमेल मार्फत उपलब्ध गराई दिन आह्वन गरी सूचना प्रकाशन गरिएको थियो।प्राप्त सुझावहरुको अध्ययन र विश्लेषण गरी प्रतिवेदनमा समावेश गरिएको छ।

यस कार्यदलबाट गरिएको अध्ययन पद्धतिलाई देहाय अनुसार चित्रण गरिएको छ :



## १.५ अध्ययनको सीमा

यस अध्ययनका देहाय बमोजिमका सीमाहरु रहेका छन्-

१) यस अध्ययन कार्यदलको कार्यदिश फौजदारी कानूनसँग सम्बन्धित अन्य विशेष कानूनहरुमा पुनरावलोकन गरी सुधारका उपाय पेश गर्ने रहेको सन्दर्भमा सो अनुसार अध्ययन गरिएको छ। यस कार्यदलले फौजदारी कानूनसँग सम्बन्धित सबै विशेष कानूनहरुको समग्र अध्ययन गरेको छैन । विशेष गरी आर्थिक अपराधसँग जोडिएका कानूनका बारेमा अध्ययन गरिएको छैन ।

२) यो अध्ययनले माथि उल्लेखित विशेष ऐनहरुको प्रशासनिक तथा अन्य व्यवस्थाहरुको अध्ययन नगरी कसूर तथा सजायसँग सम्बन्धित कानूनी व्यवस्थाहरुको मात्र अध्ययन तथा विश्लेषण गरेको छ ।

३) यस अध्ययनको विधिका रुपमा सूझाव सङ्कलन तथा छलफल कार्यक्रम गरिएको र सो कार्यक्रम निश्चित स्थानमा गरी सरोकारवालाहरुबाट सुझाव संकलन गरिएको छ।

## १.६ अध्ययन प्रतिवेदनको स्वरुप

परिच्छेदः- एक परिचय

परिच्छेदः- दुई पूर्व अध्ययन

परिच्छेदः- तीन सारवान कानून अन्तर्गत मुलुकी अपराध संहिता, २०७४ को कार्यान्वयन सम्बन्धमा देखिएका समस्या, विश्लेषण र सुझावहरु

परिच्छेदः- चार कार्यविधि कानून अन्तर्गत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को कार्यान्वयन सम्बन्धमा देखिएका समस्या, विश्लेषण र सुझावहरु

परिच्छेदः- पाँच फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयन सम्बन्धमा देखिएका समस्या, विश्लेषण र सुझावहरु

परिच्छेदः- छ विषयगत ऐनहरुको सवालमा गरिनुपर्ने सुधारहरु

परिच्छेदः- सात संस्थागत सुधारका सम्बन्धमा गरिनुपर्ने सुधारहरु

परिच्छेदः- आठ निष्कर्ष र सुझावहरु

अनुसूचीहरु

# परिच्छेद-२

## पूर्व अध्ययन (Literature Review)

यस कार्यदलको विषयवस्तुसँग सम्बन्धित देहायको उपलब्ध अध्ययन सामग्रीहरु अध्ययन गरी समस्या पहिचान तथा अपनाउन सकिने सुझावहरुको विकल्पहरुको छनौट गर्नको लागि अध्ययन गरिएको छ । अध्ययन समयसिमाको बाध्यताले गर्दा मुलत: फौजदारी न्यायसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरु यस कार्यदलको विषयसँग सम्बन्धित अध्ययन प्रतिवेदनहरु तथा सम्मानित सर्वोच्च अदालतबाट फौजदारी न्यायलाई दिशानिर्देश र मार्गदर्शन दिइएको फैसलाहरुलाई मात्र छनौट अध्ययनको निम्ति सन्दर्भ सामग्रीको रुपमा छनौट गरिएको छ ।

### क. संहिता संशोधन सम्बन्धी अध्ययन प्रतिवेदन, सर्वोच्च अदालत, २०८०

सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७९।०७।२३ को निर्णयानुसार मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि नियमावली, २०७५, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को कार्यान्वयनको अनुभव तथा कार्यान्वयनमा देखिएका समस्याहरुका सम्बन्धमा अध्ययन गरी सुधार गर्नुपर्ने विषयहरुको पहिचान गरी प्रतिवेदन पेश गर्न माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईज्यूको संयोजकत्वमा अध्ययन समिति गठन भई प्रस्तुत प्रतिवेदन पेश गरेको अवस्था छ ।

सुझाव संकलन, अन्तरक्रिया एवम् छलफल विधि समेत प्रयोग गरेर गरिएको यस अध्ययनमा मातहत अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, फैसला कार्यान्वयन निर्देशनालय एवम् नेपाल बार एशोसिएसन र सर्वोच्च अदालत बार एशोसिएसनसँग संहिता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव माग गरिएको र प्राप्त सुझावहरुमा छलफल तथा विश्लेषण गरी सोको आधारमा सुझावहरु तयार गरिएको थियो ।

यस अध्ययनले मुलुकी अपराध संहिताको दफा ४१ को जीवित रहेसम्म कैद हुने सजायको व्यवस्था, दफा ४३ को एकीकृत कसूर वापत थप सजायको व्यवस्था तथा दफा ४४ को थप

सजाय भन्ने शब्दावलीको पुनरावलोकन गरी संशोधन गर्नुपर्ने उल्लेख गरेको छ । साथै मुलुकी अपराध संहिताको दफा १६६ मा भएको छुवाछुत तथा भेदभाव हुने व्यवहारको कसूरमा भएको सजाय र यसै विषयमा विशेष ऐनमा रहेको सजाय बीच एकरुपता नरहेको तथा संहिताको दफा २२५ र बालबालिका सम्बन्धी ऐनको दफा ७२(३) मा कसूरदारलाई हुने कैद र जरिवानाको सजायको हदमा विविधता रहेको विषय यस अध्ययनले उठान गरेको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को सन्दर्भमा यस संहिताको दफा ५३ मा विदेश गएको व्यक्तिको तर्फबाट उजुरी वा फिराद दायर गर्ने सम्बन्धमा स्पष्ट हुनुपर्ने, दफा ५७ मा रहेको पक्राउ पुर्जी जारी गर्ने कसूर र समाह्वान जारी हुने कसूर बीच स्पष्ट भिन्नता हुनपर्ने, दफा ११२ मा नबुझी नहुने साक्षीलाई मुद्दाको पक्षले निवेदन दिएमा मात्र बुझ्न सकिने व्यवस्था रहेकाले अदालतले आवश्यक ठानेमा समेत बुझ्न सक्ने कानूनी ब्यवस्था राख्न आवश्यक रहेको भन्ने समेत सुझावहरु समावेश गरिएको छ ।

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को सन्दर्भमा यस अध्ययनले सो ऐनको दफा ३६ उपदफा (१) को खण्ड (क) र (ख) को प्रावधानसँग ऐ उपदफा (२) मा उल्लेखित जुनसुकै कुरा लेखिएको भए तापनि भन्ने वाक्यांशको अर्थ गर्दा सो प्रावधानहरु एक आपसमा नमिलेको देखिएको, ऐ. ऐनको दफा ३६ को उपदफा (२) र (३) को व्यवस्था एक अर्कामा विरोधाभाषपूर्ण रहेको, धेरै प्रतिवादी रहेका एउटै मुद्दामा कसूर ठहर सम्बन्धी निर्णय हुँदा कसैलाई सजाय निर्धारण सुनुवाइ गरिनु पर्ने गरी र कसैलाई सजाय निर्धारण सुनुवाइ गर्नु पर्ने हदभन्दा कम सजाय हुने गरी कसूर ठहर फैसला भएको अवस्थामा सजाय तोक्ने तथा सजाय निर्धारण सुनुवाइमा एकरुपता नरहेको भन्ने लगायतका विषयहरु उठान गरेको छ ।

**ख) आत्महत्या दुरुत्साहन सम्बन्धी अध्ययन प्रतिवेदन, राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०७८**

नेपालमा पहिलोपटक मुलुकी अपराध संहिता, २०७४ ले दफा १८५ मा आत्महत्या दुरुत्साहनलाई फौजदारी कसूरका रुपमा व्यवस्था गरेको छ। उक्त दफाले आत्महत्या दुरुत्साहन गर्ने कार्य र आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गर्ने वा गराउने कार्यलाई अपराधीकरण गरेको छ । यस नवीनतम् व्यवस्था लागू भएसँगै यस दफाको प्रयोग, कार्यान्वयन र न्यायिक व्याख्याको अवस्था के कस्तो रहेको छ सोको अध्ययन गर्न आवश्यक मानी यस

अध्ययन प्रतिवेदन तयार गरिएको देखिन्छ। यस अध्ययनको उद्देश्यका रुपमा आत्महत्या दुरुत्साहन सम्बन्धी सैद्धान्तिक तथा अवधारणागत पक्ष, अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र अभ्यासहरु तथा राष्ट्रिय कानूनी व्यवस्थाको विवेचना गर्नु, जिल्ला अदालतहरुबाट आत्महत्या दुरुत्साहन सम्बन्धी मुद्दामा भएका फैसलाहरुको प्रवृत्तिको विध्लेषण र व्याख्या गरी आवश्यक सुझावहरु दिने रहेका छन् ।

यस अध्ययनको प्रयोजनार्थ ३४ वटा जिल्ला अदालतहरुबाट आर्थिक वर्ष २०७७/०७८ मा आत्महत्या दुरुत्साहन सम्बन्धी मुद्दामा भएका ४८ थान फैसलाहरु मध्ये नमुना छनौट विधि अपनाई २८ वटा फैसलाहरुलाई अध्ययन तथा विश्लेषण गरिएको छ। आत्महत्या दुरुत्साहन सम्बन्धी फैसलाहरुको प्रवृत्तिको विश्लेषण गर्दा २८ वटा मुद्दाहरु मध्ये १५ वटा मुद्दामा प्रतिवादीले सफाई पाउने ठहर भएको र १३ वटा मुद्दामा प्रतिवादी उपर कसूर ठहर भएको देखिन्छ । कसूर ठहर भएको ६ वटा मुद्दामा मृतकले लेखेको सुसाइड नोट/आत्महत्या पत्र र डायरीलाई प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरिएको छ भने प्रतिवादीलाई सफाई दिने गरी भएको ३ वटा मुद्दा मृतकको सुसाइड नोट/ आत्महत्या पत्र र डायरीलाई  प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गरिएको छैन । २८ वटा मुद्दाहरुमध्ये ३ वटा मुद्दामा मात्र फैसला गर्ने क्रममा आत्महत्या दुरुत्साहन सम्बन्धी सिद्धान्त/ अवधारणागत पक्षको व्याख्या तथा उल्लेख गरेको देखिन्छ ।

यस अध्ययनले २८ वटा फैसलाहरुको विवेचना र विश्लेषण गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) मा उल्लेखित आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गरेको भन्ने वाक्यांशलाई स्पष्टीकरण खण्ड थप गरी स्पष्ट पार्नुपर्ने, यस कसूरका सम्बन्धमा अन्य मुलुकको कानूनी व्यवस्थाहरु र अभ्यास सम्बन्धी बृहत प्रकृतिको अध्ययन हुनुपर्ने, यस विषयका सम्बन्धमा अभियोजनकर्ता, न्यायाधीश तथा इजलास सहायकहरुलाई आवश्यक प्रशिक्षण सञ्चालन गर्नुपर्ने लगायतका सुझावहरु पेश गरेको छ ।

## ग) बाल न्याय सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु, महान्याधिवक्ताको कार्यालय, २०७८

नेपालको संविधानले धारा ३९ मा बालबालिका सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। उक्त मौलिक हकलाई कार्यान्वयन गर्नका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भई लागू भई रहेको अवस्था छ । साथै बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ समेत जारी भई सोही अनुरुप अनुसन्धान, अभियोजन र न्याय निरोपणका प्रक्रियाहरु सञ्चालित छन् । यस परिप्रेक्ष्यमा बाल न्यायको दृष्टिमा मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयनको अवस्था र सोमा सुधार गर्नुपर्ने विषयहरुको पहिचान गर्ने यस अध्ययनको मुख्य उद्देश्य रहेको थियो। महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको अध्ययनको प्रयोजनार्थ बालबालिका सम्बन्धी मुद्दामा मुद्दा चलाउने गरी निर्णय भई बाल इजलासमा दायर भएका मुद्दाहरुमध्ये ४६ वटा मुद्दाको मिसिल अध्ययन गरी विश्लेषण गरिएको थियो ।

यस अध्ययनले कसूरजन्य कार्यको अनुसन्धान गर्ने अलगै प्रहरी एकाइ गठन गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुन नसकेको, बाल न्याय सम्बन्धी तालीम लिएको प्रहरी अनुसन्धान अधिकारी तोक्ने नगरेको, यस सम्बन्धी तालीम लिएको प्रहरी अधिकारीको संख्या पनि न्युन रहेको, बालबालिकालाई नियन्त्रणमा लिने र सो कुरा अभिभावक वा संरक्षकलाई ढाँचामा सूचना दिने, अनुसन्धानका लागि नियन्त्रणमा लिइएका बालबालिकालाई अलग्गै निगरानी कक्षको प्रबन्ध गर्ने व्यवस्थाको कार्यान्वयन नभएको,बालबालिकालाई प्रतिवादी भनी सम्बोधन गर्ने, पक्राउ, हिरासत, बयान जस्ता शब्द प्रयोग हुने गरेको, बालबालिकाको अभिभावकको धारणा लिने, बाल मनोविज्ञ वा बाल हित सम्बन्धी काम गर्ने व्यक्तिसँग परामर्श सेवा उपलब्ध गराउने, अनुसन्धानका क्रममा बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने जस्ता कानूनी व्यवस्थाहरुको कार्यान्वयनको अवस्था समेत सन्तोषजनक नदेखिएको जस्ता कानूनी व्यवस्थाहरुको कार्यान्वयनमा रहेका कमजोरीहरु यस अध्ययनले औंलाएको छ । साथै दिशान्तर सम्बन्धी व्यवस्थाको प्रयोग तथा कार्यान्वयन भएको संख्या अत्यन्त न्यून रहेको विषय यस अध्ययनले प्रकाश पारेको छ।

**उक्त समस्याहरु पहिचान गरी यस अध्ययनले देहायका सुझावहरु पेश गरेको छ-**

बालबालिका संलग्न कसूरको अनुसन्धान गर्ने छुट्टै एकाई गठन नभएसम्म अनुसन्धानको प्रयोजनको लागि अनुसन्धान गर्ने निकायमा कार्यरत र अभियोजनको प्रयोजनको लागि अभियोजन गर्ने निकायमा कार्यरत बाल न्याय सम्बन्धी तालिम प्राप्त कर्मचारीलाई सो कार्य गर्न तोक्नु पर्ने, बालबालिकाले गरेको कसूरजन्य कार्यमा निज वयस्क भएपछि अनुसन्धान र अभियोजन गर्नुपर्ने अवस्था भएमा कस्तो कार्यविधि अवलम्बन गर्ने भन्ने विषयमा कानूनी व्यवस्था गर्ने, दिशान्तरका लागि निर्धारण गरिएको सजायको सीमाले अनुसन्धान र अभियोजनमा सो व्यवस्था अभ्यास गर्ने प्रकृतिका मुद्दा नै अत्यन्त कम रहेको हुँदा पुनरावलोकन गरी अनुसन्धान अधिकारीले एक वर्षसम्म कैद हुन सक्ने मुद्दा, अभियोजनकर्ताले तीन वर्षसम्म कैद हुन सक्ने मुद्दा र बाल अदालतलाई कसूरको प्रकृतिका अनुसार जुनसुकै मुद्दामा दिशान्तर गर्ने अधिकार दिन उपयुक्त हुने, बालबालिका सम्बन्धी ऐनको दफा ३६(२) मा उल्लेख भएको बाल सुधार गृहमा पठाउने व्यवस्था र मुलुकी अपराध संहिताको दफा ४५(२) मा उल्लेख भएको सुधार गृहमा पठाउने व्यवस्थामा एकरुपता कायम गर्नु पर्ने, छ महिना कैदको विकल्पको रुपमा एक वर्ष बाल सुधार गृह वा सुधार गृहमा पठाउने व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने, संहिताको दफा ४१ को जीवित रहेसम्म कैद हुने सजायको व्यवस्थामा पुनरावलोकन गरि बालबालिकाको हकमा जन्म कैदको अवधि पच्चीस वर्ष हुने र सोही अनुसार बालबालिकालाई सजाय निर्धारण गर्ने गरी कानूनी व्यवस्था गर्ने, बालबालिकालाई पटके कसूरदार मान्न नहुने व्यवस्थालाई आत्मसात गरेको सन्दर्भमा मुलुकी अपराध संहिताको दफा ४५(५) र बालबालिका सम्बन्धी ऐनको दफा ३६(७) मा उल्लिखित पटके रुपमा कसूर गरेको भन्ने शब्दावलीलाई पनि पुनरावलोकन गर्नु पर्ने इत्यादि।

## घ) सरकार वादी मुद्दाको अभियोजनमा देखिएका समस्या र समाधानका उपाय, महान्यायाधिवक्ताको कार्यालय, २०८०

सरकार वादी मुद्दाको अभियोजनमा देखिएका समस्या समाधानका उपायहरुका सन्दर्भमा अध्ययन, अनुसन्धान गरी समस्याहरुको पहिचान र समाधानका उपायहरु सिफारिस गर्ने समेतको जिम्मेवारी प्राप्त भई नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालको संयोजकत्वमा रहेको कार्यदलले यस अद्ययन प्रतिवेदन महान्यायाधिवक्ता समक्ष पेश गरेको अवस्था छ । प्राप्त

कार्यदिश अनुरुप अध्ययन समितिले संवैधानिक, कानूनी, नीतिगत व्यवस्थाहरु, महान्यायाधिवक्ताको कार्यालयबाट गरिएका विगतका प्रयास, निरीक्षण, निर्देशन, अनुगमन, रणनीतिक योजना, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्वान्त, अभियोजन सुधारका सम्बन्धमा अध्ययन गरिएका विभिन्न प्रतिवेदन, अभियोजन सम्बन्धी प्रकाशन, सर्वोच्च अदालतबाट गठित विकृति विहिन न्यायापालिका अध्ययन प्रतिवेदन साथै वार्षिक प्रतिवेदन र विभिन्न समयमा भएका केन्द्रीय तथा प्रदेशस्तरमा भएका सम्मेलन अन्तरक्रियाबाट प्राप्त सुझाव समेतहरूको अध्ययन गरी प्रस्तुत प्रतिवेदन तयार गरेको देखिन्छ ।

यस अध्ययनले मुख्य रुपमा देहायका विषयहरुलाई समस्याको रुपमा औंलाएको छः-

प्रारम्भिक अनुसन्धान प्रतिवेदनको प्राप्ति र अभिलेखीकरणलाई व्यवस्थित गर्न नसकिएको, जाहेरी तामेलीमा राख्ने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसकेको, मुद्दामा प्रारम्भिक चरणमै सरकारी वकील तोकी अभयोजनमा जिम्मेवार बनाउन नसकिएको, म्याद थप अनुमति माग्दा हिरासतमै राख्नु पर्ने आधार कारण खुलाउने गरेको नपाइएको, अनुसन्धानमा बाल तथा लैंगिक न्यायका संवेदनशील पक्ष तथा गोपनीयताका सवालमा प्रभावकारी निर्देशन हुन नसकेको, कसूर स्थापित हुने सबूत प्रमाणको पहिचान, संकलन, संरक्षण तथा परीक्षणमा सरकारी वकीलले समयमै निर्देशन दिन नसकेको, एक भन्दा बढी कसूरदार सम्लग्न भएको वारदातमा प्रत्येक कसूरदारको कसूरमा भूमिका नखुलाई गोलमेटोल एवं गोश्वारा अभियोग दावी लिने गरिएको, अपूर्ण अनुसन्धानकै भरमा मुद्दा चलाउने/नचलाउने निर्णयगर्ने अभ्यास रहेको ।

प्रस्तुत अध्ययनले पहिचान गरेका समस्याहरुको समाधानका लागि कानूनी, नीतिगत र संरचनात्मक सुझावहरु प्रस्तुत गरेको छ। साथै उक्त सुझावहरु कार्यन्वयन गर्नका लागि कार्ययोजना, सरकारी वकील र कर्मचारीहरुका लागि तालिमको पाठ्यक्रम र तालिम अवधि समेत प्रस्तुत गरेको छ। सुझावका रुपमा यस अध्ययनले मुख्यतः प्रारम्भिक अनुसन्धान प्रतिवेदनको प्राप्ति र अभिलेखीकरणलाई व्यवस्थित गर्ने, मुद्दामा अभियोजनको प्रारम्भिक चरण देखि नै सरकारी वकीललाई जिम्मेवार र जवाफदेही बनाउनु पर्ने, हिरासतमै राख्नु पर्ने आधार कारण र औचित्य खुलाई म्याद थप अनुमति माग भए नभएको अनुगमन गर्ने, हिरासतमै राख्नु पर्ने आधार कारण र औचित्य खुलाई म्याद थप अनुमति माग भए नभएको अनुगमन गर्ने,

अभियोजन अनुगमन प्रभावकारी बनाउन छुट्टै शाखा खोली नियमित खटिने गरी जिम्मेवारी दिने, घट्ना, तथ्य, प्रमाणले समर्थन नगर्ने तथा परिभाषित कसूर भित्र नपर्ने अधिक कसूरमा अभियोजन नगर्ने, सानातिना वा प्रथम दृष्टिमै सार्वजनिक हितका लागि मुद्दा नचलाउनु श्रेयस्कर देखिने विषयमा मुद्दा नचलाउने इत्यादि पेश गरेको छ ।

**ङ) फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७, फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक फौजदारी कार्यविधि संहिता, २०६७, फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७, दफाबार व्याख्यात्मक टिप्पणी), राष्ट्रिय न्यायिक प्रतिष्ठान**

नेपालमा वि. सं. २०६२/६३ मा जनआन्दोलन भई सोको परिणामस्वरूप मुलुकमा राजनीतिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा उल्लेख्य परिवर्तन भएसँगै कानूनी क्षेत्रमा पनि रूपान्तरण गर्नुपर्ने आवश्यकता बोध भई समयानुकूल हुने गरी अपराध संहिता र फौजदारी कार्यविधि संहिताको मसौदा तयार गरी पेश गर्न तत्कालीन नेपाल सरकार, मन्त्रिपरिषद्को संबत् २०६५ साल मंसिर १८ गतेको निर्णय बमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठज्यूको संयोजकत्वमा "फौजदारी कानून सुधार तथा परिमार्जन कार्यदल गठन भएको थियो। सो कार्यदलले २०६५ साल माघ १ गतेदेखि निर्धारित कार्यादेश अनुरूप आफ्नो कार्य प्रारम्भ गरी २०६७ जेठ ६ गते नेपाल सरकार समक्ष अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा पेश गरेको थियो। विधायन समितिमा विचराधीन रहेकै अवस्थामा संविधानसभाको कार्यकाल समाप्त भएकाले ती विधेयकहरु पारित हुन नसके पनि नविनतम व्यवस्थाहरुलाई आत्मसात गरेका यी संहिता र ऐन फौजदारी न्याय प्रशासनको क्षेत्रमा महत्वपूर्ण दस्तावेजका रुपमा रहेको हुँदा यस विधेयकहरुको व्यवस्था र प्रावधानहरुको सहज बोधका लागि व्याख्यात्मक टिप्पणीको आवश्यकता महसुस गरी राष्ट्रिय न्यायिक प्रतिष्ठानले तिनै विधेयकको दफाबार व्याख्यात्मक टिप्पणी प्रकाशित गरेको थियो। यस टिप्पणीले दफाहरुको व्याख्या तथा टिप्पणी गर्दा न्यायका सर्वमान्य सिद्धान्त, सर्वोच्च

अदालतबाट मुद्दाको रोहमा गरेको व्याख्या तथा प्रतिपादित सिद्धान्तहरु, अन्तराष्ट्रिय अभ्यास तथा अन्य मुलुकहरुको सो विषयमा रहेका कानूनी प्रावधानहरुलाई विवेचना गरी समेटेको छ ।

यस अध्ययनको क्रममा यी विधेयकहरुको दफाबार टिप्पणीबाट अध्ययनका क्रममा संशोधन गर्नुपर्ने भनी उठान भएका विषयहरुसँग सम्बन्धित कानूनी प्रावधानहरुको विधायिकी मनसाय, सोको अवधारणात्मक पक्षहरुलाई सन्दर्भ सामग्रीका रुपमा लिई संशोधनहरुको औचित्यताको विश्लेषण गरिएको छ ।

**च) मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको मसौदाको प्रतिवेदन (तीन महले सहित), नेपाल कानून आयोग, २०७८**

नेपाल कानून आयोगका अध्यक्ष माधव पौडेलको संयोजकत्वमा गठित कार्यदलले मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को अध्ययन गरी त्यसमा तत्काल गर्नुपर्ने सुधार तथा संसोधनको प्रारुप तयार गरी संशोधनको मसौदा पेश गर्ने कार्यादेश अनुरुप प्रतिवेदन पेश गरेको थियो।

यस प्रतिवेदनले मुलुकी अपराध संहिता, २०७४ को सन्दर्भमा देहायको संसोधन हुनुपर्ने भनी पेस गरेको छ- करणी सम्बन्धी कसूरको सट्टा यौन आक्रमण भन्ने शब्द राखिनुपर्ने, जबरजस्ती करणी कसूरलाई लैङ्गिक तटस्थ बनाउनुपर्ने, कूटनीतिक प्रतिनिधि लगायत अन्तराष्ट्रिय रुपमा संरक्षित व्यक्ति विरुद्धको कसूरलाई संहिताले समेट्नुपर्ने, अवाञ्छित हैरानी (Stalking) गर्ने कामलाई कसूरको रुपमा परिभाषित हरिनुपर्ने, संवेदनशील अंगको गुप्त दृश्यावलोकन तथा छायांकन गर्ने कार्य (Voyeurism)लाई समेत अपराधीकरण गरिनुपर्ने।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को सन्दर्भमा देहायका विषय समावेश गरिनुपर्ने सुझाव प्रतिवेदनले पेस गरेको छ- शव उत्खनन् सम्बन्धी कार्यविधि, मानव भित्री अंग तथा डी.एन.ए को संकलन तथा परीक्षण सम्बन्धी व्यवस्था, अनुसन्धानको क्रममा रोक्का राखेको सम्पत्ति फुकुवा गर्ने व्यवस्था, वेरितको म्याद बदर गर्ने तथा बेरितको म्याद वा पूर्जी जारी भएकोमा प्रतिउत्तर सरहको पुनरावेदन दिने सुविधाको कार्यविधि इत्यादि।

साथै यस प्रतिवेदनले अदालतले फैसला बमोजिम लागेको कैद वा जरिवाना कार्यान्वयन गर्न कसूरदारको स्वैच्छाले अदालतमा उपस्थित भई आत्मसमर्पण गरेमा त्यस्तो कसूरदारलाई बीस प्रतिसत कैद वा जरिवाना छुट दिने कानूनी व्यवस्था राखुपर्ने सुझाव समेत पेस गरेको छ।

## सन्दर्भ सामग्रीका रुपमा अध्ययन गरिएका केही फैसलाहरु

### १. खगेन्द्र नेपाली वि. नेपाल सरकार (ने.का.प २०७९, अंक ११, नि.नं १०९७७) विष सेवन गराई मृत्यु (कर्तव्य ज्यान)[२]

संयुक्त रूपमा मिलेर गरिने आत्महत्या (Suicide pact) मा दुवै पक्षले मर्नेसम्मको सबै काम गरेका हुन्छन र यदि कोही कसैको जीवन बच्दछ भने पनि तेस्रो पक्षको हस्तक्षेप वा नयाँ परिस्थितिको सिर्जना भएका कारणले मात्र त्यो सम्भव भएको हुन्छ । सामान्य व्यक्तिका आँखाबाट हेर्दा संयुक्त रूपमा मिलेर गरिने आत्महत्या (Suicide pact) आत्महत्या को दुरूत्साहन उस्तै उस्तै जस्तो देखिने भए पनि अपराधको प्रकृति, वारदातका अन्तरवस्तुका साथै पीडित मृतकको मानसिक अवस्था आदिमा फरक रहने हुँदा यस्ता प्रकृतिका घटनाहरूको अनुसन्धान गर्दा सम्बन्धित अनुसन्धान अधिकृतले चनाखो भएर प्रमाणहरूको सङ्कलन र विश्लेषण गर्नुपर्ने। आत्महत्या जस्तो विषयमा अपरिपक्व बालबालिका वा नाबालकसँग कुनै किसिमको छलफल गर्नु, योजना बनाउनु वा आत्महत्या गर्न सहयोग गर्नु आफैंमा कसूरजन्य कार्य हुने। बालबालिकासँग गरिएको कुनै कारोबार, सम्झौता वा करारसमेत बदर हुने कानूनी व्यवस्था रहेकोमा आत्महत्या जस्तो गम्भीर विषयमा नाबालकसँग आत्महत्या को छलफल गर्नु नै अस्वीकार्य हुने। पीडित नाबालक भएमा बाँचेकै कारणले संयुक्त रूपमा मिलेर गरिने आत्महत्या (Suicide pact) भनी कुनै प्रकारको उन्मुक्ति वा सुविधा नपाउने ।

संयुक्त रूपमा मिलेर गरिने आत्महत्या (Suicide pact) को कसूर मुलुकी अपराध संहितामा परिभाषित भई सजाय निर्धारण गरेको नदेखिएको हुँदा फौजदारी कानूनमा यस्तो कसूरको परिभाषा र सजायको रिक्तता पूरा गर्ने कार्य कार्यपालिका र व्यवस्थापिकाको देखिँदा सो सम्बन्धमा कानून मन्त्रालयलाई ध्यानाकर्षण गराउने ।

---

[२] प्रस्तुत मुद्दामा वर्ष १४ की लिला रोकाया र खगेन्द्र परियारले मिति २०७१।१।१५ गते जिल्ला सुर्खेत उत्तरगंगा गा.वि.स वडा नं३ स्थित जनसंरक्षण सामुदायिक वनमा विषादी औषधी सेवन गरेको, लिला रोकायाको घटनास्थलमा मृत्यु भएको र खगेन्द्र परियार अचेत अवस्थामा फेला परेको, खगेन्द्र परियार उपर मुलकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. र सोही महलको १३ नं. को देहाय २ को कसूरमा निजलाई सोही ऐन सोही महलको सोही १३ नं. को देहाय २ बमोजिम सजाय हुन मागदाबी लिई सुरू सुर्खेत जिल्ला अदालतमा अभियोगपत्र दायर भएको।

**२. अधिवक्ता अमृत प्रसाद श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालय समेत, (ने.का.प. संवैधानिक इजलास खण्ड, भाग १, अंक १)**

गलत अनुसन्धान र अनुचित अभियोजनका कारण आरोपित व्यक्तिले थुनामा बस्नु परेको र मुद्दा अन्तिम हुँदा सफाइ पाएमा थुनामा बसेको अवधिको राज्यद्वारा न्यायोचित क्षतिपूर्तिको व्यवस्था सहितको कानून निर्माण गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने।

**३. रामकुमार कार्की वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं, (ने.का.प.२०७७, अंक १०, निं.नं.१०५९३)**

गलत अनुसन्धान र अनुचित अभियोगका कारण थुनामा बसेको र मुद्दाको अन्तिम निर्णय हुँदा सफाइ पाएको विषयमा कानून र न्यायका जानकार, सम्बन्धित विषय विज्ञ, अन्तर्राष्ट्रिय स्तरमा अन्य प्रजातान्त्रिक मुलुकहरूले यस सम्बन्धमा गरेका कानूनी व्यवस्थासमेत अध्ययन मनन गरी यस अदालतको पूर्वआदेशानुसार उपर्युक्त कानून निर्माण गरी न्यायोचित तथा मानवोचित रूपले क्षतिपूर्ति प्रदान गर्नेतर्फ आवश्यक कारबाही गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने ।

**४. रईन भन्ने कुमार श्रेष्ठ वि. काभ्रेपलाञ्चोक जिल्ला अदालत ( ने.का.प २०७९, अंक ७, निं.नं १०८९६)**

मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ को उपदफा (१) को कानूनी व्यवस्थामा उल्लिखित कसूरदारको उमेर, कसूर को गम्भीरता, कसूर गरेको तरिका, आचरण र निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने नपुग्ने एवम् त्यस्तो कसूरदारलाई कारागारमा राख्न उपयुक्त हुने वा कैदबाट छोड्न उपयुक्त हुने भन्ने विषय मुद्दाको तथ्यको रोहमा निरूपण हुनुपर्ने प्रकृतिको विषय देखिँदा मुद्दा फैसला हुँदाका बखत नै सो विषयमा समेत आदेश हुनु उपयुक्त र वाञ्छनीय हुने भए तापनि ऐनमा त्यस्तो आदेश फैसला गर्दाकै अवस्थामा हुनुपर्ने भनी स्पष्ट उल्लेख नभएको र “आदेश दिन सक्ने छ” भन्ने शब्दावलीको प्रयोग भएको देखिँदा फैसला गर्दाका अवस्थामा बाहेक पछि पनि त्यस्तो आदेश गर्न सकिने ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा (१) बमोजिमको “सुविधा” प्रदान गर्ने विषय अदालतको “स्वविवेकीय अधिकार” भए तापनि यस्तो सुविधा वा स्वविवेकीय अधिकारलाई निरपेक्ष रूपमा कुनै पनि अवस्थामा दाबी गर्न नसकिने भनी व्याख्या गरिनु उचित नहुने।

## ५. नेपाल सरकार वि. दुर्गाबहादुर वि.क, कर्तव्य ज्यान (०७५-CR-२३०३, संयुक्त इजलास)[3]

भ्रुणको स्वतन्त्र अस्तित्व हुँदैन र त्यसको अस्तित्व भनेको आमाको गर्भ भित्रै मात्र हुन्छ। त्यसैले भ्रूणको कुनै स्वार्थ मान्ने नै हो भने पनि आमाकै विरुद्ध त्यस्तो स्वार्थ वहाल रहन्छ भन्न नमिल्ने भन्ने सिद्धान्त लक्ष्मीदेवी धिक्त कै मुद्दामा स्थापित भैसकेको अवस्थामा कतिपय अवस्थाका कसूरहरुलाई गैर अपराधीकरण वा न्युन सजाय गर्ने सम्बन्धी; The March 8 Principles को पनि Principle 14 ले "No one may be held criminally liable on the basis that their conduct is alleged to be harmful to their own pregnancy" भन्ने व्यवस्थालाई गम्भीरतापूर्वक हेरी जातक हत्यालाई कसूरजन्य कार्यको रुपमा सजाय गर्दा भ्रूणको निरन्तरताको अन्तर्गत हेरी महिला स्वतन्त्रता, समाजिक परिवेश र प्रजनन हकको सन्तुलनमा हेरी न्युनतम सजाय गर्दा पनि कानूनको उद्देश्य पुरा हुने नै देखिन्छ ।

## ६. टिका भन्ने चेतन लावती वि. नेपाल सरकार (०७५-CR-१९१५, संयुक्त इजलास)[4]

प्रतिवादी र पीडितबीच प्रेम सम्बन्धका कारणबाट आपसी सहमतिमा विवाह गर्ने सम्मको कार्य भएकोले निज़ पीडित र प्रतिवादीबीच सम्बन्ध विच्छेद नहुँदासम्म निजहरु बीचको विवाह बदर नभई विवाहबाट पति पत्नी भएको भन्ने तथ्यहरु मिसिल संलग्न प्रमाण कागजातहरुबाट देखिएकोले परम्परा अनुसार विवाह भएको तथ्य स्थापित भई विवाहित जोडी कायम भएकै

[3] प्रस्तुत मुद्दामा प्रतिवादीहरु अम्बिका कँडेलले नवजात शिशु जिँउदै जन्माई मारेको र सो कार्य गर्न प्रतिवादी दुर्गा वि.कले वचन दिएको हुँदा प्रतिवादी अम्बिका कँडेल उपर मुलुकी ऐनको ज्यान सम्बन्धी महलको १ नं. विपरित १३(३) नं. अनुसारको कसूर गरेकाले निज प्रतिवादीलाई ऐ.ऐनको महलको १३(३) नं. बमोजिम सजाय हुन तथा प्रतिवादी दुर्गा बहादुर वि.क उपर मुलुकी ऐनको ज्यान सम्बन्धी महलको १ नं. विपरित १३(४) नं. अनुसारको कसूर गरेकाले निज प्रतिवादीलाई ऐ.ऐनको महलको १३(३) नं. बमोजिम सजाय गरी पाउन मागदाबी लिई अभियोगपत्र दायर गरेको। सर्वोच्च अदालतले प्रतिवादी अम्बिका कँडेललाई मुलुकी ऐन, अ.व. १८८ नं. र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. को रोहमा दुई वर्ष कैद सजाय गरेको।

[4] प्रस्तुत मुद्दामा १४ वर्षकी नाबालिका पीडित र प्रतिवादी बीच प्रेम सम्बन्ध रही दुई बीच परम्परा अनुसार मिति २०६६/१२/२२ मा विवाह भएको र पीडित प्रतिवादीको घरमा २०६६/१२/२९ सम्म रँहदा प्रतिवादीले पीडितलाई पटक पटक करणी गरेको हुँदा निज प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं विपरित ऐं ऐनको ३ नं को देहाय ३ को कसूर गरेकाले निजलाई सोही ऐन, ऐं महलको ३(३) बमोजिम सजाय हुनुपर्ने मागदाबी लिई अभियोगपत्र दायर गरिएकोमा शुरु पाँचथर जिल्ला अदालतले प्रतिवादीले जबरजस्ती करणीको कसूरमा सफाई पाउने भनी प्रस्तुत मुद्दा बालबिवाहमा परिणत गरी प्रतिवादीलाई मुलुकी ऐन, विहावरीको महलको २(३) नं. बमोजिम सजाय हुने गरी फेसला गरेकोमा पुनरावेदन अदालत, इलामले उक्त फैसलालाई उल्टी गरी प्रतिवादीलाई अभियोग मागदाबी बमोजिम कसूरदार कायम गरी ८ वर्ष सजाय हुने फैसला गरेको अवस्था छ। प्रतिवादीको तर्फबाट सर्वोच्च अदालतमा पुनरावेदन परी सो उपर फैसला हुँदा उक्त अदालतले पुनरावेदन अदालत, इलामलको फैसलामा उल्टी गरी निजलाई वैवाहिक बलात्कार तर्फ कसूर कायम गरी दुई महिना कैद सजाय गरेको अवस्था छ।

अवस्थामा जबरजस्ती करणी गरेमा अन्य अवस्थामा भएको जवरजस्ती करणी गर्ने व्यक्तिलाई हुने सजाय सरह विवाहितहरु बीच भएको जबरजस्ती करणीलाई पनि सजाय गर्नु न्यायोचित हुँदैन। विवाहित जोडीहरु बीचमा करणी भएको तर त्यस्तो करणीमा महिलाको असहमति रहेको देखिएको अवस्थामा तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं बमोजिमको कसूर कायम गरी ऐ. महलको ३ नं को देहाय ६ बमोजिमको सजाय गर्दा न्यायोचित हुने देखिन्छ ।

### ७. सन्तोषकुमार यादव वि. नेपाल सरकार (०७३-CR-०९५२)

पुनरावेदक प्रतिवादीले यी पीडितलाई अपहरण तथा शरीर बन्धक बाई जबर्जस्ती करणी गर्ने सम्मको कसूर स्थापित भएको नदेखिएको र दुवैबीचको आपसी सहमतीमा विवाह गर्नेसम्मको कार्य गरेको देखिएको हुनाले उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको फैसला केही उल्टी भई सो अभियोग दावीबाट सफाई पाउने र पुनरावेदक प्रतिवादीले पीडित परिवर्तित नाम त्रियुगा खोला उपर बालविवाहको कसूर गरेकोले साविक मुलुकी ऐन, विहावरीको महलको २ नं. को (३) बमोजिम ६ (छ) महिना कैद र रु. १०,०००।- (दशहजार रुपैयाँ) जरिवाना हुने ठहर्छ ।

### ८. अब्दुल निसार वि. अध्यागमन विभाग समेत ०८०-WF-००३१ पुर्ण इजलास

अध्यागमन कानून अनुसार OVERSTAY नियमित गर्दा लागेको शुल्क र जरिबाना नतिरे वापत कैदमा राख्न सकिने कुरा माथि विश्लेषण भइसकेको छ। तथापि, आजको युग विश्वव्यापीकरण (Globalization) को युग भएकाले विदेशीहरु नेपालमा आउने र नेपालीहरु पनि अध्ययन, भ्रमण र रोजगारी लगायतका लागि विभिन्न मुलुकहरुमा जाने प्रकृया स्वाभाविक र नियमित रुपमा भइरहेको देखिन्छ। कतिपय अवस्थामा विविध कारणले OVERSTAY को बाध्यात्मक अवस्था र स्थिति पनि सृजना हुन सक्छ । तसर्थ, प्रचलित अन्य फौजदारी कानून अन्तर्गत कसूरमा तिर्नुपर्ने बिगो र जरिबाना नतिरेको कारण हुने कैद र अध्यागमन ऐनको दफा १० (४) बमोजिम लागेको जरिबाना र भिाषा शुल्क वा विलम्ब शुल्क तिर्न नसकेका कारण बहन गर्नुपर्ने दायित्व अर्थात् सो तिर्न नसकेका कारण बस्नु पर्ने कैदलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२ र १६४ बमोजिम समान रुपमा लिने कुरा युक्तियुक्त र न्यायिक हुने देखिँदैन। यस्तो फरक कसूरको अवस्थामा मुलुकी फौज्दारी कार्यविधि संहिताको दफा १६२ र १६४ को प्रयोगमा अन्तर हुन आवश्यक देखिन्छ। यसैले भिसा अवधि भन्दा बढी अवधि बसेको

अवस्थामा अध्यागमन ऐनको दफा १०(४) बमोजिम लागेको जरिबाना र भिसा शुल्क वा विलम्ब शुल्क तिर्न नसकेका कारण कैदमा राख्न सकिने भएपनि फौज्दारी कार्यविधि संहिताबमोजिम अधिकतम सात वर्षसम्म कैदमा राख्दा निजले गरेको कार्यको प्रकृति र बहन गर्ने कानूनी दायित्वको सापेक्षतामा चर्को पर्ने देखिएको हुँदा अध्यागमन कानूनमा नै यसरी बिगो वा जरिबाना तिर्न नसक्ने अवस्थामा त्यस्तो विदेशी व्यक्तिको स्थिति र अबस्था हेरी छुट वा मिनाहा दिन सकिने वा न्यूनतम अवधिमात्र थुनामा राख्ने कानूनी व्यवस्था हुनु व्यक्तिको वैयक्तिक स्वतन्त्रता र मानव अधिकारका दृष्टिकोणले उपयुक्त र आवश्यक देखिएकोले तत्सम्बन्धमा कानूनी व्यवस्था तर्जुमा गर्न आवश्यक प्रकृया अबलम्बन गर्नु भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ।

# परिच्छेद-३

## मुलुकी अपराध संहिता,२०७४ को कार्यान्वयन सम्बन्धमा देखिएका समस्या, विश्लेषण तथा सुझावहरु

### ३.१ सरोकारवालाहरुबाट प्राप्त भएका मुख्य मुख्य सुझावहरु

१) मुलुकी अपराध संहिता, २०७४ र विशेष प्रकृतिका कानूनमा एकै विषयलाई कसूर कायम गरी सजाय गर्ने व्यवस्था रहेको हुँदा कार्यान्वयनमा समस्या हुने गरेको,

२) आपराधिक मनसायको स्तरको परिभाषा गरी प्रयोगमा एकरुपता ल्याउनु पर्ने,

३) मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ मा जीवित रहेसम्म सजाय हुने प्रकृतिका कसूरहरु उल्लेख गरिएकोमा त्यस्ता कसूरमा संलग्न बालबालिका, ज्येष्ठ नागरिकलाई निजहरुले कानून बमोजिम पाउने छुट वा सुविधाको कार्यान्वयन कसरी गर्ने भन्ने अन्यौलता रहेको,

४) सोही दफा ४१ मा जीवित रहेसम्म सजाय हुने कानूनी व्यवस्थाले कारागार व्यवस्थापन देखि दण्डको सुधारात्मक सिद्धान्त विपिरित भएको हुँदा यो कानूनी व्यवस्थामा पुनर्विचार गर्नु पर्ने,

५) मुलुकी अपराध संहिता, २०७४ को विद्यमान डाँका सम्बन्धी कानूनी व्यवस्था त्रुटिपूर्ण रहेको हुँदा यसमा परिमार्जन आवश्यक रहेको,

६) मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ मा गरिएको एकीकृत कसूर सम्बन्धी कानूनी व्यवस्था फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को कानूनी व्यवस्था एक आपसमा नमिलेको,

७) अभद्र व्यवहार भित्र कस्ता कस्ता कार्य पर्दछन् कानूनमा नै स्पष्ट उल्लेख गर्नु पर्ने,

८) नाबालक कायम हुने उमेर घटाउनु उपयुक्त हुने,

९) जबरजस्ती करणी सम्बन्धी कसूरमा सजाय सम्बन्धी कानूनी व्यवस्थामा सजायको अन्तर कम भएको हुँदा सजाय निर्धारणमा तजविजी अधिकार प्रयोग हुन सकेको छैन। तजविजी अधिकार प्रदान गरिनु पर्ने, नाबालक बीच प्रेममा रही निजहरु बीच सहमतिमा हुने यौन सम्बन्धलाई कानूनी (Romeo Juliet Law) प्रबन्ध गरी कम सजाय हुने व्यवस्था गरिनु पर्ने,

१०) दफा २१९ (३क) मा रहेको जरिवाना गर्ने व्यवस्था सैद्धान्तिक रुपमा मिलेको छैन,

११) जबरजस्ती करणी सम्बन्धी कसूरमा हदम्याद धेरै भयो सोलाई घटाइनु पर्ने,

१२) विवाहको उमेर १८ वर्ष राख्नु उपयुक्त हुन्छ, बाल विवाहको कसूरलाई उमेर नपुगी विवाह गर्न नहुने भनी नामाकरण गर्नु पर्ने,

१३) आत्महत्या दुरुत्साहन सम्बन्धी कानूनी व्यवस्था प्रष्ट हुनु पर्दछ,

१४) मानव तस्करीलाई कानूनी दायरमा ल्याउनु पर्दछ,

१५) सवारी यातायात तथा व्यवस्था ऐन, २०४९ मा परिमार्जन गरी मनसाय अनुसार सजाय हुने कानूनी व्यवस्था गर्नु पर्ने,

१६) सवारीका कारण कुनै व्यक्ति घाइते भएमा उपचार र सजाय गर्ने कानूनी व्यवस्था नभएको हुँदा यसलाई कानूनमा संबोधन गर्नु पर्ने,

१७) वन ऐन, २०७६ को दफा ६८ मा बोझबाहक जफत हुने कानूनी व्यवस्था अव्यावहारिक रहेको

## ३.२ सरोकारवालाहरुसँगको छलफलबाट पहिचान गरिएका समस्याहरु

१) मुलुकी अपराध संहिता, २०७४ ले कसूर कायम गरेका कतिपय कसूरजन्य कार्यहरूलाई अन्य विशेष फौजदारी कानूनले समेत कसूर मानी सजाय गरेका कारण दोहोरो अपराधीकरणको अवस्था सिर्जना भएको र यसले गर्दा कुन कानून आकर्षित हुने भन्ने द्विविधा रहेको हुँदा अभियोजनमा एकरुपता हुन नसकेको,

२) संहिताको दफा ४१ मा रहेको जीवित रहेसम्म कैद गर्ने सम्बन्धी कानूनी व्यवस्थाको प्रयोगमा अन्यौलता रहेको,

३) मुलुकी अपराध संहिता, २०७४ को दफा ११८ अभद्र व्यवहारको कसूर सम्बन्धी व्यवस्थाको दुरुपयोग भई जस्तोसुकै कार्यलाई पनि अभद्र व्यवहार भनी उजुरी पर्ने गरेको,

४) विवाह नै गरेको अवस्थामा समेत लिभिङ टुगेदरमा बसेको भनी कानूनी कारवाहीबाट बच्ने प्रवृत्ति रहेको र सोही कानूनी छिद्रताका कारण बहुविवाहको कसूर कायम नहुने अवस्था बढ्दो रहेको।

५) मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ ले व्यवस्था गरेको आत्महत्या दुरुत्साहन सम्बन्धी व्यवस्था बृहत र व्यापक (open ended) भएकाले जस्तोसुकै आत्महत्याको वारदातलाई पनि आत्महत्या दुरुत्साहन भएको भनी जाहेरी पर्ने गरेको, मृतकको पक्षबाट मुद्दा दर्ता हुन अनावश्यक दबाब आउने गरेको,

६) बालबालिकाहरु प्रेम सम्बन्धमा परी शारीरिक सम्पर्क गर्ने र पछि सो घटना जबरजस्ती करणीको मुद्दाको रोहमा आउने प्रवृत्ति बढ्दो छ जसका कारण कानूनतः करणी (statutory Rape) को सङ्ख्या बढ्दो छ । प्रेम सम्बन्धमा रही एक अर्काको सहमतीले करणी गरेको अवस्थामा समेत कठोर सजाय नै रहेको हुँदा कसूरको गम्भीरता र दोषको मात्राको अनुपातमा सजायको व्यवस्था रहेको,

७) मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) खण्ड (घ) मा तीन जना वा तीन जनाभन्दा बढीको जमात भई चोरी गरेमा पनि डाँकाको कसूर भित्र परिभाषित गरेबाट डाँकाको कसूर हुन बल प्रयोग हुनु पर्ने सैद्धान्तिक अवधारणा विपरित रहेको

## ३.३ मुलुकी अपराध संहिता, २०७४ मा गरिनु पर्ने सुधारहरु

क. **‘दोहोरो अपराधीकरण’ भएका कानूनहरु हटाउन पर्ने:** मुलुकी अपराध संहिता, २०७४ ले कसूर कायम गरेका कतिपय कसूरजन्य कार्यहरूलाई अन्य विशेष फौजदारी कानूनमा कसूर मानी सजाय समेत तोकेको अवस्था छ । संहिता लागू हुनु पूर्वका विशेष कानूनहरुले कसूर कायम गरेको अवस्थामा संहितामा उक्त व्यवस्था राखिएको अथवा संहिता पश्चात् विशेष ऐन निर्णमा गर्दा समेत विशेष कानूनमा समेत संहिताले कसूर कायम गरिएको विषयलाई समेत कसूर घोषणा गरी सजायको व्यवस्था गरिएको साथै सजायको मात्रा फरक फरक उल्लेख भएको हुँदा ती विषयमा कुन कानून आकर्षित हुने भन्ने द्विविधा देखिई कसूर कायम, सजाय, हदम्याद, क्षेत्राधिकारमा दोहोरोपना देखिएको हुँदा एकरुपता हुने गरी कानूनी व्यवस्था गर्नु पर्ने देखिन्छ। सामान्य कानून र विशेष कानूनमा कसूर कायम गरी सजायको कानूनी व्यवस्था गरिएकोमा कसूर कायम र सजायको प्रवन्ध सामान्य कानूनबाट नियमन गरी व्यवस्थापन लगायतका विषय विशेष कानूनबाट निरुपण हुनु उपयुक्त हुन्छ। दोहोरो अपराधीकरण गरिएका कानून र कानूनी व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्:

| सि नं | मुलुकी अपराध संहिताको परिच्छेद | विशेष ऐन |
|---|---|---|
| १. | परिच्छेद ५ दफा १०७, १०८ र १०९ | खाद्य ऐन, २०२३ |
| २. | परिच्छेद ५ दफा ११० बिक्री गर्ने उपभोग्यवस्तु बिक्री नगरी जम्माखोरी गर्न नहुने | कालोबजार तथा कही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ दफा ५ |
| ३. | परिच्छेद ६ दफा १३४ आणविक, रासायनिक, जैविक (जिवाणुयुक्त) वा विषालु हातहतियार उत्पादन वा कारोबार गर्न नहुने | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ |
| ४. | परिच्छेद ७ विष्फोटक पदार्थ सम्बन्धी कसूर | विष्फोटक पदार्थ ऐन, २०१८ |
| ५. | परिच्छेद १० भेदभाव तथा अन्य अपमाजन्य व्यवहार सम्बन्धी कसूर | जातीय तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन, २०६८ मा |
| ६. | परिच्छेद १० दफा १६७ यातना दिन नहुने | यातना क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ र ४ |
| ७. | परिच्छेद ११ दफा १७४ विवाहमा लेनदेन गर्न नहुने | सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा ५ |
| ८. | परिच्छेद १३ गर्भ संरक्षण विरुद्धको कसूर दफा १८८ र १८९ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५को दफा १५, १६ र १७ |
| ९. | मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ बाल यौन दुरुपयोग | बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६६ (३) बाल यौन दुर्व्यवहार |
| १०. | परिच्छेद २१ दफा २५३ आपराधिक लाभ लिन नहुने | संगठित अपराध निवारण ऐनको दफा ८ मा आपराधिक लाभलाई अपराधीकरण गरी सजाय हुने |
| ११. | परिच्छेद २४ दफा २७३ नाप्ने तौलने साधन नक्कली बनाउन नहुने र दफा २७४ कपटपूर्ण प्रयोग गर्न नहुने | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा १९क र १९ख |
| १२. | भाग ३ परिच्छेद १ वैयक्तिक गोपनीयता तथा प्रतिष्ठा विरुद्धको कसूर | वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ |
| १३. | मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ | बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३६ |
| १४. | बैकिंग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) | विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क |

ख. **निर्दोष सहयोगीबाट हुन सक्ने अपराधलाई कसूर कायम गरिनुपर्नेः**

कुनै व्यक्तिले आफ्नो फाइदा वा लाभका लागि वा निजको उद्देश्य प्राप्तिका लागि जीव जन्तु, पशु पक्षी, साधन, यन्त्र वा कृत्रिम बुद्धिमतासमेतको प्रयोग मार्फत कसूरजन्य कार्य गरेकोमा सो गराउने व्यक्तिलाई आपराधिक दायित्व वहन गराउनु पर्ने भएको हुँदा यस सम्बन्धमा थप कानूनी व्यवस्था गर्नु पर्ने हुँदा देहाय बमोजिमको कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छः

मुलुकी अपराध संहिता, २०७४ मा दफा १३क थप गरी निर्दोष सहयोगीबाट गरेको काम कसूर नहुनेः निर्दोष सहयोगी (इनोसेन्ट एजेन्ट) ले गरेको कुनै कामलाई कसूर मानिने छैन। तर कुनै व्यक्तिले निर्दोष सहयोगी मार्फत कसूर गराएकोमा निजले आफै कसूर गरे सरह आपराधिक दायित्व वहन गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि निर्दोष सहयोगी भन्नाले कुनै आपराधिक कार्य गर्न गराउन कुनै व्यक्ति, जीव जन्तु, पशु, पक्षी, साधन, यन्त्र वा कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स) समेत मार्फत कसूरजन्य कार्य गराएको मानिनेछ ।

ग) **प्रचलित कानून अनुसार अपूर्ण अपराधमा सहभागीलाई संहिता बमोजिम सजाय गर्नेः**

- मुलुकी अपराध संहिता, २०७४ मा दफा ३३ (३) र ३४ (३) मा रहेका "यस संहितामा अन्यत्र छुट्टै सजायको व्यवस्था भएकोमा" भन्ने शव्दहरुको सट्टा "यस संहिता वा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा" भन्ने शव्दहरु राख्नु उपयुक्त हुन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ मा दफा ३५ (३) मा रहेका "यस संहितामा छुट्टै सजायको व्यवस्था गरिएकोमा" भन्ने शव्दहरुको सट्टा "यस संहिता वा प्रचलित कानूनमा छुट्टै व्यवस्था गरिएकोमा" भन्ने शव्दहरु राख्नु उपयुक्त हुन्छ ।

घ) **मतियारको व्यवस्थामा रहेका केही अस्पष्टतालाई सम्बोधन गर्नुपर्नेः**

मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ मा देहाय बमोजिम सरलीकृत गर्न उपयुक्त हुन्छ।

- मतियारका सम्बन्धमा मुलुकी अपराध संहितामा विभिन्न स्थान गरिएको कानूनी व्यवस्था स्पष्ट र पर्याप्त छैन। धेरै ठाउँमा मुख्य अभियुक्त सरह, मुख्य कसूरदार सरह, आफैले

अपराध गरे सरह सजाय हुने गरी कानूनी व्यवस्था गरिएको छ। यो आफैमा सैद्धान्तिक रुपमा त्रुटि हो। यसमा सुधार गरी मुख्य कसूरदार भन्ने राख्नु पर्दछ ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ को उपदफा (२) को अन्त्यमा "अन्य कुनै किसिमले सहयोग पुऱ्याउने व्यक्ति मतियार मानिने..." कानूनी व्यवस्था गरिएको छ। यस उपदफाको सुरुमा "... गर्न सहयोग पुऱ्याउने..." उल्लेख छ । सहयोग पुऱ्याउने र अन्य कुनै किसिमले सहयोग पुऱ्याउने भन्ने कानूनी व्यवस्थाको प्रयोग कसरी गर्ने? यसले अन्यौलता सिर्जना गर्ने हुँदा "अन्य कुनै किसिमले सहयोग पुऱ्याउने" भन्ने व्यवस्था हटाउनु पर्दछ ।
- दफा ९३ मा कसूरको प्रमाण दवाउन नहुने दफा ९५ कसूरदारलाई आश्रय दिन नहुने आफैमा सहयोगी भूमिका हो । यो दफा ३६ ले नै संबोधन गर्दछ।

ङ) **<u>"क्षतिपूर्ति" लाई सजायको प्रकारबाट हटाउने</u>:**

दफा ४० मा गरिएको सजायका प्रकार उल्लेख गरिएको छ । सो दफाको उपदफा (१) को खण्ड (ङ) मा रहेको क्षतिपूर्ति हटाउनु पर्दछ ।

च) **<u>"आजन्म कैद" लाई सजायमा छुटसँग सम्बन्धित विषयमा रहेको अन्यौलतालाई सम्बोधन गर्नुपर्ने</u>:**

दफा ४१ को अवस्थामा कसूर गर्ने व्यक्ति कानूनले छुट पाउने बालबालिका वा ज्येष्ठ नागरिक लगायतका भएमा निजहरुको हकमा कति अवधि गणना गर्ने वा कसरी त्यस्तो सजाय गर्ने अन्यौलता रहेको छ ।

दफा ४७ बमोजिम सजाय हुने दावीमा छुटको दाबी लिन सकिने अवस्थामा दफा ४१ बमोजिम आजन्म कैद सजाय हुने कसूरमा दावीमा कसरी छुट लिने सम्बन्धमा अन्यौलता रहेको छ । यस सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुनु पर्ने देखिँदा देहाय बमोजिमको कानूनी व्यवस्था गर्नु पर्ने देखिन्छ-

१) मुलकी अपराध संहिता, २०७४ को दफा ४१ बमोजिम आजन्म कैद हुने प्रकृतिका कसूरमा आजन्म कैद हुने व्यवस्थालाई परिमार्जन गरी जन्म कैदमा थप पाँच वर्ष कैद अवधि थप हुने गरी कैद गर्ने कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

२) मुलकी अपराध संहिता, २०७४ को दफा ४१ बमोजिम आजन्म कैद हुने प्रकृतिका कसूर गर्ने व्यक्ति कानूनले छुट पाउने बालबालिका वा ज्येष्ठ नागरिक लगायतका हकमा कैद

अवधि गणना गर्दा पच्चीस वर्षलाई नै आधार मानी कैद सजाय अवधि गणना हुने कानूनी व्यवस्था गरिनु पर्दछ ।

३) मुलकी अपराध संहिता, २०७४ को दफा ४१ बमोजिम आजन्म कैद हुने प्रकृतिका कसूरमा दाबीको छुट लिनु पर्ने अवस्थामा समेत सो बमोजिम दाबीको छुट पाउने गरी कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ।

छ) <u>फरार कसूरदारलाई पटके सजाय गराउन कानूनी व्यवधान रहेको</u> :

मुलकी अपराध संहिता, २०७४ को दफा ४४ को उपदफा (२) मा "... त्यस्तो सजाय भुक्तान गरेको" भन्ने कानूनी व्यवस्थाको सट्टा "त्यस्तो सजाय पाएको" भन्ने शब्द राख्नु उपयुक्त हुन्छ । हालको कानूनी व्यवस्थाले कसूरदार ठहर भई सजाय भुक्तान नगरी फरार रहेका कसूरदारलाई थप सजायको लागि उत्तरदायी बनाउन समस्या रहेको छ।

- साथै यस उपदफामा रहेको ... साथै थप सजाय गर्दा पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुने व्यवस्थाले पहिला सामान्य सजाय (जस्तै एक वर्षसम्म कैद सजाय) पाएको व्यक्तिले पछि जघन्य कसूर गरेकोमा यस उपदफा बमोजिम सजाय हुने कसूर गरेकोमा जघन्य कसूरमा नै दोब्बर सजाय हुने अवस्था छ। यसले कसूरको अनुपातमा सजाय गर्नु पर्ने फौजदारी कानूनको उद्देश्य विपरित रहेको छ । यसमा "पहिला भएको सजायको आधासम्म थप सजाय हुने" कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ।
- मुलुकी अपराध सहिताको दफा ४५ (२) तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ (२) ले गरेको दश वर्ष वा दश वर्षभन्दा माथि र चौध वर्ष भन्दा कम उमेरको बालबालिकालाई सजाय गर्नु पर्दा छ महिनासम्म कैद सजाय गर्ने र सुधार गृहमा एक वर्षसम्म राख्ने कानूनी व्यवस्थामा सुधार गरी छ महिनासम्म बालसुधार गृहमा राख्ने भन्ने कानूनी व्यवस्था हुन उपयुक्त देखिन्छ।

ज) <u>**मुलुकी अपराध सहिताको दफा ५३ मा पच्चीस वर्षसम्म कैद र जरिवाना समेत हुने कानूनी व्यवस्था रहेकोले जन्मकैद हुने कसूरदारलाई जरिवाना गर्न नहुने**</u>:

जन्मकैद हुने व्यक्तिलाई जरिवाना नतिरे वापत थप सजाय समेत गर्न नसकिने तथा न्यायोचित समेत नहुने हुँदा मुलकी अपराध संहिता, २०७४ को दफा ५३ को उपदफा (३) को कसूर

गर्ने वा गराउने व्यक्तिलाई पच्चीस वर्षसम्म कैद र एक लाख पचास हजार रुँपैयासम्म जरिवाना हुने कानूनी व्यवस्था गरिएको छ ।जन्मकैद नै पच्चीस वर्ष हुने र जन्म कैदसम्मको अवधि कैद सजाय हुने कसूरदारलाई जरिवाना गर्न उपयुक्त नहुने हुँदा यस दफामा रहेको पच्चीस वर्षसम्म कैद हुने व्यवस्थालाई पन्ध्र वर्षसम्म कैद हुने कानूनी व्यवस्था गरी जरिवाना साविकको व्यवस्था कायम गर्न उपयुक्त हुन्छ।

झ) **कसूरको प्रमाण दबाउने र आश्रय दिने सम्बन्धमा** :

मुलुकी अपराध संहिताको दफा ३६ को उपदफा (३) को खण्ड (ख) बमोजिम खण्ड (क) बाहेकका अन्य मतियारलाई सजाय हुने कानूनी व्यवस्था गरिएको हुँदा मुलुकी अपराध संहिताको दफा ९३ को कसूरको प्रमाण दवाउने वा नष्ट गर्ने र दफा ९५ बमोजिम कसूरदारलाई आश्रय दिनेलाई हुने सजायको व्यवस्था मतियार प्रकृतिको देखिँदा दफा ९३ र ९५ हटाउनु उपयुक्त देखिन्छ।

ट) **अभद्र व्यवहार' कसूरका कार्यहरुलाई वर्गीकरण गर्नुपर्नेः**

दफा ११८ मा अभद्र व्यवहारको कसूर अन्तर्गत जस्तोसुकै कार्यलाई पनि वर्णित गर्ने अवस्था रहेकोले यस अन्तर्गत देहायका कार्यहरु अभद्र व्यवहार मानिने कानूनी व्यवस्था गर्न उपयुक्त हुन्छ।

अभद्र व्यवहार गर्न नहुने

१) कसैले अभद्र व्यवहार गर्नु हुँदैन।

२) अभद्र व्यवहार भन्नाले देहाय बमोजिमको कार्य वा त्यस्तो कार्यको उद्योगलाई बुझ्नुपर्दछः

क) सार्वजनिक स्थान वा प्रवेश गर्न कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गर्ने,

ख) होहल्ला र हुलहुज्जत गरी शान्ति भंग गर्ने,

ग) बोली, बचन, ईशारा प्रयोग गरी शान्ति भंग गर्ने, जथाभावी व्यवहार गर्ने,

घ) सवारी साधन वा व्यक्तिको आवगमनलाई रोक्ने, बाधा विरोध गर्ने, नोक्सान पुऱ्याउने,

ङ) सर्वसाधरणमा डर त्रास फैलाउने, हैरानी दिने,

च) सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रुपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्ने,

छ) सार्वजनिक स्थानमा होहल्ला हुलहुज्जत गर्ने,

ज) कार्यालयबाट खटाइए बमोजिम कर्तव्यपालनमा रहेका सुरक्षाकर्मीको काम कारवाही वा कानून कार्यान्वयनमा बाधा अबरोध गर्ने वा आक्रमण गर्ने।

ठ) <u>**'वेश्यावृत्ति' र 'वेश्यागमन' शब्दको सट्टा अर्को शब्द प्रयोग गरिनुपर्ने:**</u> दफा ११९ को "वेश्यागमन" र १२० को "वेश्यावृत्ति वा वेश्यागमन" भन्ने शब्दको सट्टा "आर्थिक वा अन्य लेनदेनको आधारमा करणी लिनेदिने" भन्ने शब्द उल्लेख गर्न उपयुक्त हुने।

ड) <u>**'हातहतियार खरखजाना' कसूरमा परिवर्तन गर्ने सम्बन्धमा**</u>:

- मुलुकी अपराध संहिता, २०७४ को दफा १३० मा इजाजतपत्र प्राप्त नगरी हतियारको कारोबार गर्न नहुने र दफा १३१ मा हतियार प्राप्त गर्न नहुने दफामा हतियारको कारोबारी र हतियार राख्नेलाई बराबर सजाय हुने व्यवस्था अमिल्दो भएकोले हतियार कारोबारीलाई बढी सजाय हुने व्यवस्था गरिनु पर्ने देखिन्छ। दफा १३१ को कसूरमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना हुने कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- दफा १३२ को दफा शीर्षक र उपदफा (१) मा रहेका "हातहतियार" भन्ने शव्द पछि "वा खरखजाना" भन्ने शव्दहरु समावेश गर्नु पर्ने।

**ढ) <u>विवाह सम्बन्धी कसूरको कानूनमा गरिनुपर्ने सुधार:</u>**

**१. हाडनातामा विवाह गर्ने कसूर सम्बन्धमा**:

मुलुकी अपराध संहिता, २०७४ को दफा १७२ (१) मा हाडनातामा विवाह गर्ने कसूरमा सोही उपदफा (३) मा हाडनातामा विवाह गराउनेलाई सजायको व्यवस्था गरी हाडनातामा विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय संहिताको दफा २२० (२) बमोजिम हुने उल्लेख गरिएको छ ।दफा २२० आफैमा सरकार वादी हुने कसूर पनि होइन । करणी गर्ने र विवाह गर्ने कार्यलाई समान रुपमा सजाय हुने कानूनी व्यवस्था समेत अमिल्दो रहेको छ । त्यसकारण उपदफा (३) मा देहायको कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ-

"उपदफा (१) बमोजिमको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना र विवाह गराउनेलाई तीन महिनासम्म कैद र तीन रुपैंयसम्म जरिवाना हुनेछ र त्यस्तो विवाह स्वत: बदर हुनेछ।"

२. **बाल विवाह गराउनेलाई सजायको दायरमा ल्याउने:**

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ को उपदफा (३) मा बाल विवाह गराउनेलाई सजाय गर्ने गरि कानूनी संशोधन गर्नु पर्ने ।

३. **बहुविवाहको कानून सामाजिक सुव्यवस्था अनुरुप हुनुपर्ने तथा बहुविवाहको कारवाहीबाट बच्न लिभिङ्ग टुगेदरमा बसी कानूनको छिद्रताको प्रयोग गरी बच्ने गरेको:**

मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ को उपदफा (५) मा गरिएको बहुविवाह स्वत: बदर हुने कानूनी व्यवस्थाले व्यावहारिक समस्या आएको । विवाह नै गरेको अवस्थामा समेत कानूनी कारवाहीबाट बच्न लिभिङ टुगेदरमा बसेको भन्ने वा सो भनेमा उम्किने अवस्था छ । किनकी उमेर पुगेका विवाहित वा अविवाहित पुरुष महिला लिभिङ टुगेदरमा बसेको वा बसेको भनेको अवस्थामा कानून लाग्ने अवस्था छैन । स्पष्टत: विवाह नगरेको तर श्रीमान् श्रीमती झै साथै लामो बसी रहेको अवस्थामा त्यसलाई विवाह कायम गर्ने, नगर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्नु पर्ने देखिएको छ।

**ण) <u>ज्यान सम्बन्धी कसूरमा गर्नुपर्ने सुधार:</u>**

**१) कर्तव्य ज्यान सम्बन्धी हालको केही व्यवस्था फौजदारी कानूनको सिद्दान्त अनुकूल र प्रयोगको दृष्टिमा व्यावहारिक नरहेकोले देहाय बमोजिम संशोधित हुनुपर्ने:**

संहिताको दफा १७७ को स्पष्टीकरणमा "यस दफाको प्रयोजनको लागि कसैले कसैलाई निजको ज्यान मर्न सक्ने गरी नियतपूर्वक गम्भीर शारीरिक चोट वा क्षति पुऱ्याएकोमा तत्कालै ज्यान नमरी सोही चोटको परिणाम स्वरुप पछि ज्यान मरेमा पनि सोही व्यक्तिले ज्यान मारेको मानिनेछ" भन्ने कानुनी व्यवस्था गरिएबाट दफा १७८, १७९, १८०, १८१ र १८२ को अवस्थामा के हुने भन्ने प्रश्न खडा भएको छ । वास्तवमा यस स्पष्टीकरण दफा १७८, १७९, १८०, १८१ र १८२ बमोजिमका हत्यामा लागू हुने गरी कानूनी व्यवस्था हुनु उपयुक्त हुन्छ।

**२) नवजात शिशु मार्ने (Feticide) सम्बन्धी कानूनमा जन्म कैदको सजाय गरिएकोले यस्तो कसूरमा संलग्न सक्ने अशिक्षित ग्रामिण महिलालाई सजायको चर्को प्रभाव पर्न जाने हुँदा यसमा सुधार गर्नु आवश्यक छ** : मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १८४ ले आफ्नो संरक्षकत्वमा रहेका बालबालिका, अशक्त, रोगी वा बृद्धलाई फालेको, परित्याग गरेको वा वेवास्ता गरी छाडेको कारण निजहरुको मृत्यु भएमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था गरेको छ तर सोही प्रकृतिबाट नवजात शिशु मरेमा दफा १७७ बमोजिम जन्मकैदको सजाय हुने व्यवस्था दफा १८४ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशले गरेबाट एकातिर एकै प्रकृतिको कार्यबाट उत्पन्न हुने परिणामलाई फरक फरक सजायको व्यवस्था हुने अवस्था सिर्जना भएको साथै नवजात शिशुको हत्यामा जन्मकैदको सजाय हुने यो कानूनी व्यवस्थाले ग्रामिण भेगमा वस्ने निमुखा, असहाय, गरिब र अशिक्षित महिलाहरु सजायको भागी हुनु पर्ने अवस्था सृजना हुन्छ। यसकारण १८४ को उपदफा (३) मा  पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था गर्नु उपयुक्त हुन्छ।

**३) आत्महत्या दुरुत्साहन सम्बन्धी कसूर सम्बन्धमा:**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ ले व्यवस्था गरेको आत्महत्या दुरुत्साहन सम्बन्धी व्यवस्था बृहत र व्यापक (open ended) भएकाले यो कानूनी व्यवस्थाको दुरुपयोग समेत हुँदै आएको देखिन्छ। उक्त दफामा के कस्तो कार्य गर्दा आत्महत्या दुरुत्साहन गरेको हुने वा कस्तो अवस्था वा कार्यलाई आत्महत्या गर्नको लागि परिस्थिति श्रृजना गरेको मान्ने भन्ने स्पष्टता नभएको हुँदा जस्तोसुकै आत्महत्याको वारदातलाई पनि आत्महत्या दुरुत्साहन भएको भनी जाहेरी पर्ने गरेको, मृतकको पक्षबाट मुद्दा दर्ता हुन अनावश्यक दबाब आउने गरेको देखिन्छ। मानिसहरु विभिन्न कारणहरुले आत्महत्या गर्दछन्, उक्त कारण अदृश्य समेत हुन सक्दछन, सबै आत्महत्याका वारदातमा दुरुत्साहन नै गरेको वा अरु कसैले बाध्य पारेको पूर्वानुमान गर्न नहुनेमा आत्महत्याको कारण समेत पत्ता नलागेको अवस्थामा समेत आत्महत्याको दुरुत्साहन गरेको भनी जाहेरी पर्ने गरेको अवस्था छ। तसर्थ आत्महत्या दुरुत्साहन भित्र के कस्तो कार्य (conduct and omission) पर्ने भनी सोको स्पष्ट व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ।

साथै "आत्महत्या गर्नको लागि परिस्थिति सिर्जना गरेको " भन्ने शब्दावली कानूनमा रहेको अवस्थामा कस्तो अवस्थालाई आत्महत्या गर्नेसम्मको परिस्थिति मान्ने भन्ने वस्तुनिष्ठ मापदण्ड (objective standard) कानूनले निर्दिष्ट गरेको देखिँदैन। सामान्य वादविवाद पश्चात मृतकले क्षणिक आवेशका कारण आत्महत्या गरे तापनि प्रतिवादीले मर्ने सम्मको परिस्थिति खडा गरेबाट मृतकले आत्महत्या गरेको भनी मुद्दा आउने प्रवृत्ति बढ्दै गएको हुँदा यस दफाको दुरुपयोग रोक्न समेत सो दफाको संशोधन आवश्यक रहन्छ।

मुलुकी अपराध संहिताको दफा १८५ को उपदफा (१) मा सुधार गर्नु आवश्यक हुन्छ।

"कसैले कसैलाई आत्महत्या गर्न वा सोको उद्योगमा सघाउन, दुरूत्साहन गर्न,सल्लाह दिन वा सो सम्बन्धी कुनै पनि कार्य गराउन हुँदैन।"

**४) परस्पर सहमतिमा हुने हत्या सम्बन्धी कसूर सम्बन्धमाः**

१८५क थप गरी देहाय बमोजिमको कानूनी व्यवस्था गर्नु पर्ने Suicide Pact सम्बन्धमा कानूनी बनाउनु पर्ने (०७३-CR-०९५२) भनी सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी गरेको समेतको आधारमा देहाय बमोजिम कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ।

१८५क परस्पर सहमति (सुसाइड प्याक्ट) मा हत्या गर्न नहुने:

(१) कसैले परस्पर सहमतिमा एकले अर्कालाई मार्ने कार्य गर्न गराउन हुँदैन ।

(२) उपदफा (१) बमोजिम कसैको ज्यान गएको रहेछ भने पाँच वर्ष देखि दस वर्षसम्म कैद सजाय हुनेछ ।

त) **गर्भपतन सम्बन्धी कानूनी व्यवस्थामा मिलाउनु पर्ने** :

मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १३ गर्भ संरक्षण विरुद्धको कसूर दफा १८८ र १८९ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५, १६ र १७ मा दोहोरोपना छ। साथै एक आपसमा बाझिने कानूनी व्यवस्था गरिएको हुँदा (जस्तै: मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ को खण्ड (ग) मा जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराउन सकिने व्यवस्था गरिएको छ । सुरक्षित मातृत्व तथा प्रजनन

स्थास्थ्य अधिकार ऐन, २०७५ को दफा १५ को खण्ड (ग) मा सोही अवस्थामा अठ्ठाइस हप्तासम्मको गर्भ गर्भपतन गराउन सकिने कानूनी व्यवस्था छ) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५, १६ र १७ खारेज गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८८ र १८९ कायम गर्ने ।

**थ) <u>अपहरण तथा शरीर बन्धकको कसूरमा गर्नुपर्ने सुधार</u>**

अपहरण तथा शरीर बन्धकको परिच्छेदमा देहाय बमोजिमको कानूनी व्यवस्था गर्नु पर्ने:

- मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ को उपदफा (१) लाई दफा २१३ (२) मा समावेश गर्ने,
- दफा २१४ मा थप सजाय हुने: यसमा हालको उपदफा (२) (३) को कानूनी व्यवस्था राख्ने,
- हालको दफा २१४ (३) मा संगठित शव्दको सट्टामा समूहगत राख्न उपयुक्त हुने । सोही उपदफामा रहेको संगठित रुपमा कसूर गराउनेलाई मात्र सजायको व्यवस्था गरिएको हुँदा कसूर गर्नेलाई समेत सजाय हुने गरी कानूनी व्यवस्था गर्नु पर्ने ।
- दफा २१४क थप गर्ने : अपहरण गर्ने वा शरीर बन्धक लिने व्यक्तिले छुटकारा रकम (फिरौती) वा अन्य कुनै लाभ लिइसकेको रहेछ भने सो समेत सम्बन्धित व्यक्तिलाई फिर्ता गराउने कानूनी व्यवस्था संहितामा छैन। अपहरण वा शरीर बन्धक लिने सम्बन्धी कसूर गर्ने कारणमा यो एउटा महत्वपूर्ण पाटो भए पनि हालको कानूनी व्यवस्थाले मनासिव क्षतिपूर्ति भराउने व्यवस्था मात्र गरी फिरौती रकम वा कुनै लाभ लिएको भए सो प्रतिवादीबाट फिर्ता गराउने कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ।

**द) <u>जबरजस्ती करणी सम्बन्धी कसूरमा गर्नुपर्ने सुधार:</u>**

मुलुकी अपराध संहितामा गरिएको जबरजस्ती करणी कानूनमा देहाय बमोजिम सुधार गर्नु पर्दछ-

- बदलिँदो समाजमा महिला मात्र जबरजस्ती करणीको पीडित हुन सक्छन् भन्ने अवधारणाले अन्य लिङ्ग तथा वर्गको यौनिक स्वतन्त्रतालाई कानूनले सरंक्षण नगर्ने

हुँदा प्रत्येक व्यक्तिलाई निजको सहमति बेगर हुने यौनजन्य कसूरबाट संरक्षण गर्न कुनै लिङ्ग वा वर्ग विशेष भई जबरजस्ती करणीको कसूरलाई परिभाषित गर्नुभन्दा लिङ्ग वा वर्गतटस्थ भई उक्त कसूरलाई परिभाषित गर्न उपयुक्त हुन्छ । यस सम्बन्धी अन्य मुलुकहरु जस्तै- क्यानाडा, बेलायतको जबरजस्ती करणी सम्बन्धी कानून हेर्दा सो कानूनहरुमा "महिला" भन्ने शब्दावलीको प्रयोग नगरी "व्यक्ति" भन्ने शब्दावलीको प्रयोग गरिएको छ। यस अर्थमा मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) मा हाल प्रचलनमा रहेको कानूनी व्यवस्थालाई संसोधन गरी महिला र बालिका भन्ने शब्दको सट्टामा व्यक्ति र बालबालिका भन्ने शब्द राख्न आवश्यकता रहेको छ । साथै सोही व्यवस्था अनुरुप दफा २१९को स्पष्टीकरणको खण्ड (ग) मा —"लिङ्ग बाहेक शरीरका अन्य भाग वा वस्तु योनी वा गुदद्वारमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिनेछ" भनी कानूनी व्यवस्था राख्नु पर्ने देखिन्छ । यसै सन्दर्भमा दफा २१९ सँग सामञ्जस्यता कायम हुने गरी दफा २२६ —"आप्राकृतिक मैथुन" सम्बन्धी कानूनी व्यवस्थाको पनि औचित्यताको विश्लेण गर्नुपर्ने देखिन्छ ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ मा जबरजस्ती करणीको कसूरलाई गंभीरताको आधारमा कुनै किसिमको श्रेणीमा विभाजन नगरी सबै प्रकृतिका जबरजस्ती करणीलाई एउटै कोटीमा राखेको छ भने उमेरलाई मात्र आधार मानी सजायको व्यवस्था गरेको छ । penile vaginal penetration बाहेक अन्य वस्तु प्रवेश गराई गरेको करणीलाई पनि समान स्तरको जबरजस्ती करणी मानी सोही सजायको व्यवस्था कानूनले गरेको छ । अन्य मुलुकको कानूनी व्यवस्थाको विश्लेषण गर्दा बेलायतमा penile vaginal penetration लाई जबरजस्ती करणी (Rape) मानी लिङ्ग बाहेक शरीरका अन्य भाग वा वस्तु योनी वा गुदद्वारमा प्रवेश गराएको कार्यलाई assault by penetration भनी विभाजन गरी सोही बमोजिम सजायको व्यवस्था गरेको छ । क्यानाडाको सन्दर्भमा यौनजन्य हिंसालाई गाम्भीरताको आधारमा ३ श्रेणीमा (sexual assault, sexual assault with a weapon, threats to a third party or causing bodily harm, Aggravated sexual assault) विभाजन गरेको छ ।
- नेपालमा १० वर्ष मुनिको नाबालिकालाई डर त्रासमा पारी जबरजस्ती करणी गरे पनि जन्मकैदको सजाय हुने र योनीमा औंला प्रवेश गराई जबरजस्ती करणी गरेमा

पनि जन्मकैदकै सजाय हुने अवस्था रहेको हुँदा कतिपय कार्यलाई कानूनले अधिक अपराधीकरण गरेको छ । तसर्थ हालको जबरजस्ती करणी सम्बन्धी कानूनी व्यवस्थालाई रुपान्तरण गरी कसूरको गम्भीरता बमोजिम सजाय गर्न उपयुक्त देखिन्छ जस्तै- हातहतियार प्रयोग गरी, नशालु पदार्थ खुवाई, पीडितलाई शारीरिक चोटपटक पुऱ्याई, अपहरण तथा शरीर बन्धक लिई जबजस्ती करणी गरेमा, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति उपर जबरजस्ती करणी गरेमा, डर त्रासमा पारी जबरजस्ती करणी गरेमा, होस ठेगानमा नरहेको अवस्थामा जबरजस्ती करणी गरेमा त्यस्ता प्रकृतिका जबरजस्ती करणीको हकमा कठोर सजायको व्यवस्था गर्ने र मुखमा लिङ्ग पसाएमा, लिङ्ग बाहेक शरीरका अन्य कुनै भाग वा वस्तु योनी वा गुद्वादारमा प्रवेश गराएमा, प्रलोभन देखाई, झुक्यानमा पारी गरेको करणीको हकमा माथि उल्लेखित जबरजस्ती करणीको कसूरमा भन्दा कम सजाय दिंदा पनि सजायको मकसद पूरा हुने देखिन्छ।

- दफा २१९ मा विभिन्न ठाउँमा रहेका मञ्जुरी शव्दको सट्टा सहमति शव्द राख्नु पर्दछ।
- जबरजस्ती करणीको कसूर सम्बन्धी प्रचलित कानूनले "सहमति" को परिभाषा समेटेको छैन । यस अवस्थामा मार्गदर्शनका रुपमा कानूनमा नै "स्वतन्त्र सहमति" को परिभाषा निम्न अनुसार गर्न सकिन्छ-

  "सहमति दिन सक्ने क्षमता भएको कुनै व्यक्तिले स्वेच्छिक तथा स्वतन्त्रपूर्वक करणी गर्ने कार्यका लागि दिएको सहमति नै यस दफाको प्रयोजनका लागि स्वतन्त्र सहमति मानिनेछ ।"
- साथै नशालु पदार्थ खुवाई सहमति लिएमा, impersonation को अवस्थामा लिएको सहमतिलाई पनि वैद्य सहमति नहुने भनी प्रचलित व्यवस्थामा थप गर्नुपर्ने देखिन्छ।
- बालबालिकाहरु प्रेम सम्बन्धमा परी शारीरिक सम्पर्क गर्ने र पछि सो घटना जबरजस्ती करणीको मुद्दाको रोहमा आउने प्रवृत्ति बढ्दो छ जसका कारण कानूनतः करणी (statutory Rape) को सङ्ख्या बढ्दो छ । प्रेम सम्बन्धमा रही एक अर्काको सहमती र मञ्जुरीले करणी गरेको अवस्थामा सोको गाम्भीरता तथा प्रतिवादीको दोषको मात्रा अन्य जबरजस्ती करणीको कसूरको गाम्भीरता तथा दोषको मात्रा भन्दा कम हुने हुँदा यस्तो अवस्थामा कठोर सजाय दिई रहनुको कुनै औचित्य नहुने हुँदा यस्तो कसूरलाई

कानूनतः करणी (statutory Rape) को अपवाद (close in exemption) को रुपमा व्यवस्था गरी कम सजाय दिँदा सजायको उद्देश्य र मकसद पूरा हुने देखिन्छ । यस सन्बन्धी अन्तर्राष्ट्रिय अभ्यास हेर्दा यस्तो कानून Romeo Juliet law को नाममा प्रचलित रहेको छ। क्यानाडाको कानून हेर्दा peer group exception भनी देहायको व्यवस्था गरेको छ-

- Defense on the ground of consent if: Complainant is of age group of 12 - 14 years and the accused is less than two years older than the complainant. Complainant is of age group of 14 - 16 years and the accused is less than five years older than the complainant.
- यस अवस्थालाई सम्बोधन गर्न नेपालमा पीडित र प्रतिवादीको उमेर बीच तीन वर्षको अन्तर भएमा र निजहरु बीच सहमतिमा करणी भएको प्रतिवादीले पुष्टि गर्न सकेमा प्रतिवादीलाई कम सजाय हुने कानून निर्माण गर्न आवश्यक रहेको छ ।

दफा २१९ को-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कसैले कुनै व्यक्तिलाई निजको सहमति नलिई करणी गरेमा वा सहमति लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालबालिकालाई करणी गरेमा निजले त्यस्तो व्यक्ति वा बालबालिकालाई जबरजस्ती करणी गरेको मानिनेछ।"

(२) उपदफा (२) को स्पष्टीकरणको खण्ड (ग) मा रहेका "लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा" भन्ने शब्दहरूको सट्टा "लिङ्ग बाहेक शरीरका अन्य भाग वा वस्तु योनी वा गुदद्वारमा प्रवेश गराएमा" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (२) को खण्ड (क) र (ख) हटाई सोको सट्टामा देहायको खण्ड (क) राखिएको छः-

"(क) कुनै व्यक्तिको स्वतन्त्र सहमति नभएको अवस्थामा करणी भएमा पनि जबरजस्ती करणी गरेको मानिनेछ।

यस दफाको प्रयोजनको लागि "स्वतन्त्र सहमति" भन्नाले सहमति दिन सक्ने क्षमता भएको कुनै व्यक्तिले स्वेच्छिक तथा स्वतन्त्रपूर्वक करणी गर्ने कार्यका लागि दिएको सहमति भन्ने सम्झनु पर्छ ।

तर करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको सहमति, होस ठेगानमा नरहेको अवस्थामा लिएको सहमति र नशालु पदार्थ सेवन गराई लिएको सहमति तथा प्रतिरूपण (इमपरसोनेसन)को अवस्थामा लिएको सहमतिलाई स्वतन्त्र सहमति मानिने छैन।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

(३) जबरजस्ती करणी गर्ने व्यक्तिलाई देहाय बमोजिमको कैद हुनेछ।

१) योनी वा गुदद्वारमा लिङ्ग प्रवेश गरी जबरजस्ती करणी गरेमा जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति, पीडितको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ-

(क) दश वर्षभन्दा कम उमेरका बालबालिका, पूर्ण अशक्त अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका व्यक्ति भए बीस वर्ष देखि पच्चिस बर्षसम्म

स्पष्टीकरण- पूर्ण अशक्त अपाङ्गता भन्नाले- बौद्धिक वा मानसिक अपाङ्गताका कारण आफ्नो विवेक प्रयोग गरी आफूले गरेको कार्यको परिणामका बारेमा थाहा पाउन नसक्ने, शारीरिक तथा मानसिक अपाङ्गताका कारण आफ्नो बचाउ गर्न नसक्ने व्यक्ति भन्ने बुझिन्छ।

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरका बालबालिका भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरका बालबालिका भए दश वर्षदेखि पन्ध्र वर्षसम्म,

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरका बालबालिका भए आठ वर्षदेखि बाह्र वर्षसम्म,

(ङ)अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरका व्यक्ति भए सात वर्षदेखि दश वर्षसम्म।

२) मुखमा लिङ्ग पसाएमा, लिङ्ग बाहेक शरीरका अन्य कुनै भाग वा वस्तु योनी वा गुद्वादारमा प्रवेश गराएमा जुनसुकै उमेर भए तापनि पाँच देखि दश वर्षसम्म कैद हुनेछ।

३) प्रलोभन देखाई, अनुचित प्रभाव वा झुक्यानमा पारी तथा प्रतिरूपण गरी जबरजस्ती करणी गरेमा जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति, पीडितको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ-

क) सोह्र वर्षदेखि अठार वर्षसम्मको उमेर भएमा सात देखि दश वर्ष कैद

ख) अठार वर्ष भन्दा माथिको व्यक्ति भएमा पाँच वर्ष देखि आठ वर्ष कैद हुनेछ।

(७) उपदफा (३क)को सट्टामा देहायका उपदफा (३क) राखिएको छ र उपदफा (३ख) थपिएको छः-

"(३क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडित प्रतिवादी दुवै नाबालक भएमा र निजहरूबीच सहमतिमा करणी भएकोमा तीन वर्षसम्म सजाय हुनेछ।

(८) उपदफा (८) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर जन्म कैदको सजाय हुनेमा थप सजाय हुने छैन।"

- दफा २१९ को उपदफा (३क) को कानूनी व्यवस्थाले मुलुकी अपराध संहितामा कैद र जरिवानाको जुन अनुपात हुने कानूनी व्यवस्था गरेको थियो । संहिता तयार गर्दाको मुख्य आधार विपरित यो कानूनी व्यवस्था संशोधन मार्फत विना अध्ययन र कारण ल्याइयो । साथै जरिवाना रकम पीडितलाई प्रदान गर्ने आफैमा सैद्वान्तिक रुपमा मिलेको पनि छैन । जबरजस्ती करणी मुद्दाका पीडितलाई क्षतिपूर्ति भराउने कानूनी व्यवस्था भएकोमा कसूरको प्रकृति अनुसार क्षतिपूर्ति भराउन सकिने नै हुनेमा यसले प्रयोगमा अन्यौलता ल्याएको छ । २१९ को उपदफा (३क) र दफा २२८ को प्रयोग overlapping देखिएको छ । साथै जन्मकैदको सजाय हुने कसूरमा समेत जरिवाना हुने कानूनी व्यवस्था गरिएको छ । यदि जरिवाना गर्ने हो भने उपदफा (३) मा नै गर्नु वा उपदफा (३क) खारेज गर्नु उपयुक्त हुन्छ ।

- दफा २१९ (८) मा जबरजस्ती हाडनातामा करणी भएमा जबरजस्ती करणीको सजायमा हाडनाता करणीको सजाय थप हुने कानूनी व्यवस्था छ । दफा २१९ (३) (क) मा जन्म कैद सजाय हुने र २२० (२) (क) मा जन्मकैद सजाय हुने व्यवस्था छ । दफा २१९ (८) को अन्त्यमा "तर जन्म कैदको सजाय हुनेमा थप सजाय हुने छैन" भन्ने कानूनी व्यवस्था गर्नु पर्दछ ।
- मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को बाल यौन दुरुपयोग गर्न नहुने कार्यलाई विस्तृत रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ (३) मा अपराधीकरण गरी सोही ऐनको दफा ७२ मा सजायको व्यवस्था गरी त्यस्तो कार्य नैतिक पतन हुने कार्य हुने कानूनी व्यवस्था गरिएको हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ हटाउन उपयुक्त हुन्छ ।
- दफा २२७क को कानूनी व्यवस्था रहेको "यस परिच्छेद बमोजिम करणी सम्बन्धी कसूर" भन्ने शव्दको सट्टामा "यस संहिता बमोजिम कसूर" भन्ने शव्द राखी यस प्रावधानलाई परिच्छेद १८ बाट हटाई भाग १ को सामान्य प्रावधानहरु अन्तरगत परिच्छेद ५ मा दफा ४८क मा राख्दा उपयुक्त हुने ।

ध) **चोरी तथा डाँका सम्बन्धी कसूरसँग सम्बन्धित कानूनमा गरिनुपर्ने सुधारः**

- मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) (ख) र दफा २५३ को उपदफा (३) (क) का कानूनी व्यवस्था उस्तै छन् । यसले कानूनको कार्यान्वयनमा अन्यौलता ल्याएको छ। दफा २४४ को उपदफा (२) (ख) हटाउनु उपयुक्त हुन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) खण्ड (ग) र (घ) लाई परिमार्जन गरी खण्ड (ग) बनाई "बाटो घाटो, एकान्त स्थल वा जंगलमा ढुकी डर, त्रास देखाई जोखिमी हातहतियार प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई वा तीन जनाभन्दा बढीको जमात भई जोर जबरजस्ती गरी चोरी गरेमा" कानूनी व्यवस्था गर्नु पर्दछ ।
- दफा २८७ (कसूर गरी प्राप्त गरेको सम्पत्ति लिन नहुने) सामान्य प्रावधान (भाग १ परिच्छेद ३) मा राख्न उपयुक्त हुने दफा ३६क थप गरी।

- दफा २८७ मा (२) मा रहेको सजायको प्रावधानमा पाँच वर्ष कैद वा पचास हजार रुपैंयासम्म भन्ने शव्दको सट्टा एक वर्षसम्म कैद वा दस हजार रुपैंयासम्म भन्ने शव्दहरु राख्ने ।
- दफा २४६क को उपदफा (१) लाई परिमार्जन गरी देहाय बमोजिमको कानूनी व्यवस्था गर्ने—

  "(१) कानून बमोजिम आवश्यक वस्तु मानिने कुनै वस्तु वा सम्पत्ति चोरी गर्ने व्यक्तिलाई यस परिच्छेद बमोजिमको कसूरमा थप एक वर्षसम्म कैद वा दस हजार रुपैंयासम्म जरिवाना हुनेछ । तर चोरी गरी प्राप्त गरेको वस्तु वा सम्पत्ति जानीजानी किन्ने वा बेच्ने कार्य गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैंयासम्म जरिवाना हुनेछ ।"

**न) <u>लिखत सम्बन्धी कसूरसँग सम्बन्धित कानूनमा गरिनुपर्ने सुधारः</u>**

- संहिताको २७८ (२) पछि उपदफा (३) थप गरी देहायको कानूनी व्यवस्था गर्न उपयुक्त हुन्छ ।
- (३) यस परिच्छेद बमोजिम कसूरदारले किर्ते कार्य गर्न वा बनाउन प्रयोग गरेका औजार, साधन, उपकरण र बनाएका सबै चिज बस्तुहरु जफत गरिने छ।

**प) <u>करकाप सम्बन्धी कार्यलाई कसूर कायम गरिनुपर्ने:</u>**

- दफा २७८क थप गरी करकापसँग कुनै लिखत गर्ने वा गराउने कार्यलाई कसूर कायम गरी उक्त करकापसँग गराएको ठहर भएको लिखत शुन्य घोषणा गरी करकाप गरी लिखत गर्न बाध्य गर्ने वा गराउने कसूर कायम गरी सजाय गर्न देहाय बमोजिम कानूनी व्यवस्था गर्नु पर्ने-

  "(१) कसैले कसैलाई करकापमा पारी कुनै पनि व्यहोराको लिखत गर्न वा गराउन हुँदैन।

  (२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीसहजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।

  (३) करकापसँग गराएको लिखित प्रारम्भ देखिनै शुन्य हुनेछ।"

## ३.४ मुलुकी अपराध संहितामा गर्नु पर्ने सुधारहरू( तीन महले)

| सि.नं. | हालको व्यवस्था/ नयाँ व्यवस्था | संशोधनमा प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | नयाँ व्यवस्था थप | १३क. निर्दोष सहयोगीबाट गरेको काम कसूर नहुने: निर्दोष सहयोगी (इनोसेन्ट एजेन्ट) ले गरेको कुनै कामलाई कसूर मानिने छैन।<br>तर कुनै व्यक्तिले निर्दोष सहयोगी मार्फत कसूर गराएकोमा निजले आफैं कसूर गरे सरह आपराधिक दायित्व वहन गर्नु पर्नेछ।<br>स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "निर्दोष सहयोगी" भन्नाले कुनै आपराधिक कार्य गर्न गराउन मानिस बाहेक कुनै जीव जन्तु, पशु, पक्षी, साधन, यन्त्र वा कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) समेत मार्फत कसूरजन्य कार्य गराएको मानिनेछ। | निर्दोष सहयोगी (इनोसेन्ट एजेन्ट) ले गरेको कुनै कामलाई कसूर नमामिने व्यस्था गर्ने तथा त्यस्तो आपराधिक कार्य गर्न गराउन कुनै व्यक्ति, जीव जन्तु, पशु, पक्षी, साधन, यन्त्र वा कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रयोग गर्ने व्यक्तिलाई भने आपराधिक दायित्व वहन गराउने व्यवस्था गर्न आवश्यक भएकोले। |
| २ | ३३. आपराधिक षडयन्त्र गर्न नहुने:<br>(३) जघन्य वा गम्भीर प्रकृतिको कसूरको आपराधिक | दफा ३३ को उपदफा (३) मा रहेका "यस संहितामा अन्यत्र छुट्टै सजायको व्यवस्था भएकोमा" भन्ने शब्दहरुको सट्टा "यस संहिता वा प्रचलित | जघन्य वा गम्भीर प्रकृतिको कसूरको आपराधिक षडयन्त्र गर्ने वा गराउने व्यक्तिलाई सजाय गर्ने सम्बन्धमा संहिता वा अन्य जुनसुकै |

| | | | |
|---|---|---|---|
| | षडयन्त्र गर्ने वा गराउने व्यक्तिलाई यस संहितामा अन्यत्र छुट्टै सजायको व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा देहाय बमोजिम सजाय हुनेछः- | कानूनमा छुट्टै व्यवस्था भएकोमा" भन्ने शव्दहरु राखिएका छन्। | कानूनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम सजाय हुने गरी परिमार्जन गर्न आवश्यक भएकोले। |
| ३ | ३४. <u>कसूर गर्ने उद्योग गर्न नहुनेः</u><br>(३) यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक कसूर गर्न उद्योग गर्ने वा गराउने व्यक्तिलाई त्यस्तो कसूरको लागि तोकिएको सजायको आधा सजाय हुनेछः— | दफा ३४ को उपदफा (३) मा रहेका "यस संहितामा अन्यथा व्यवस्था भएकोमा" भन्ने शव्दहरुको सट्टा "यस संहिता वा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा" भन्ने शव्दहरु राखिएका छन्। | प्रचलित कानून बमोजिम निषेधित गरिएका कसूरजन्य कार्यको उद्योगमा संलग्न कसूरदारलाई सजायको दायरामा ल्याउन संहिता वा अन्य जुनसुकै कानूनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम सजाय हुने गरी परिमार्जन गर्न आवश्यक भएकोले। |
| ४ | ३५. <u>दुरुत्साहन दिन नहुनेः</u><br>(३) दुरुत्साहन दिने व्यक्तिलाई यस संहितामा छुट्टै सजायको व्यवस्था गरिएकोमा | दफा ३५ को उपदफा (३) मा रहेका "यस संहितामा छुट्टै सजायको व्यवस्था गरिएकोमा" भन्ने शव्दहरुको सट्टा "यस संहिता वा प्रचलित कानूनमा | कसूरदारलाई सजायको दायरामा ल्याउन संहिता वा अन्य जुनसुकै कानूनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम सजाय हुने गरी |

| | | | |
|---|---|---|---|
| | सोही बमोजिम र नगरिएकोमा देहाय बमोजिम सजाय हुनेछः— | छुट्टै व्यवस्था गरिएकोमा" भन्ने शव्दहरु राखिएका छन्। | परिमार्जन गर्न आवश्यक भएकोले। |
| ५ | ३६. <u>मतियार हुन नहुनेः</u> (२) कुनै कसूर गर्ने नियतले त्यस्तो कसूर वा अन्य कसूर गर्न सहयोग पुऱ्याउने वा कसूर गरिसकेपछि कसूरदारलाई भगाउने, लुकाउने वा कसूर गर्न वा गराउन साधन उपलब्ध गराउने वा अन्य कुनै किसिमले सहयोग पुऱ्याउने व्यक्ति मतियार मानिनेछ। | दफा ३६ को, उपदफा (२) को अन्त्यमा रहेका "वा अन्य कुनै किसिमले सहयोग पुऱ्याउने" भन्ने शब्दहरू झिकिएका छन्। | यस उपदफाको सुरुमा कुनै कसूर गर्ने नियतले त्यस्तो कसूर वा अन्य कसूर गर्न सहयोग पुऱ्याउने उल्लेख छ। यसै उपदफाको अन्त्यमा रहेका "अन्य कुनै किसिमले सहयोग पुऱ्याउने" भन्ने कानूनी व्यवस्थाको प्रयोग कसरी गर्ने ? यसले अन्यौलता सिर्जना गर्ने हुँदा "अन्य कुनै किसिमले सहयोग पुऱ्याउने" भन्ने व्यवस्था हटाउन आवश्यक भएकोले। |
| ६ | ४०. <u>सजायका प्रकारः</u> (१) यस संहितामा उल्लिखित कसूर गरे बापत हुने सजाय देहाय बमोजिम हुने छन्ः– (क) जन्मकैद, | दफा ४० को उपदफा (१) को खण्ड (ङ) झिकिएको छ। | क्षतिपूर्ति देवानी दायित्वको विषय भएको कारणले सजायको प्रकारबाट क्षतिपूर्तिलाई झिक्न उपयुक्त हुने भएकोले। |

| | | | |
|---|---|---|---|
| | (ख) कैद,<br>(ग) जरिबाना,<br>(घ) कैद र जरिबाना,<br>(ङ) क्षतिपूर्ति,<br>च) जरीवना वा क्षतिपूर्ति नतीरे बापतको कैद<br>छ) कैदको सट्टा सुधार वा सामुदायिक गृह सेवा | | |
| ७ | ४२. <u>जन्मकैदको गणनाः</u><br>दफा ४१ मा उल्लिखित अवस्थामा बाहेक जन्मकैदको सजाय गणना गर्दा पच्चीस वर्ष कैद सजाय हुने गरी गणना गर्नु पर्नेछ। | दफा ४२ को सट्टा देहायको दफा ४२ राखिएको छः-<br>"४२.<u>जन्मकैदको गणनाः</u><br>दफा ४१ मा उल्लिखित अवस्थामा जन्मकैदको सजाय गणना गर्दा तीस वर्ष र सो बाहेकको अवस्थामा जन्मकैदको सजाय गणना गर्दा पच्चिस वर्ष कैद सजाय हुने गरी गणना गर्नु पर्नेछ। | दफा ४७ मा उल्लेख भएको सुधारात्मक दण्ड प्रणाली अबलम्बन गर्न तथा जिवित रहेसम्म सजाय गर्न सक्ने गरी भएको मौजुदा व्यवस्थाको कार्यान्वयन गर्न असहज भएकोले सजायमा छुट दिने व्यवस्थाको कार्यान्वयनलाई सहज बनाउन जन्मकैदको व्यवस्थालाई |

| | | | |
|---|---|---|---|
| | | | पुनरावलोकन गर्न आवश्यक भएकोले। |
| ८ | ४४. थप सजाय हुने: (१) जघन्य वा गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुनेछ।<br>तर जन्म कैदको सजाय पाएको कसूरदारको हकमा यो दफा लागू हुने छैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेमा निजलाई पछिल्लो | दफा ४४ को -<br>(१) दफा शीर्षकमा रहेका “थप सजाय हुने” भन्ने शब्दहरूको सट्टा “पटके कसूरदारलाई थप सजाय हुने” भन्ने शब्दहरू राखिएको छ।<br>(२) उपदफा मा रहेका(२)“त्यस्तो सजाय भुक्तान गरेको” भन्ने शब्दहरूको सट्टा "त्यस्तो सजाय पाएको" भन्ने शब्दहरू राखी सोहि उपदफाको अन्त्यमा रहेका “पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुनेछ” भन्ने शब्दहरूको सट्टा “"पहिला भएको सजायको आधासम्म थप सजाय हुनेछ” भन्ने शब्दहरू राखिएका छन्। | हालको कानूनी व्यवस्थाले कसूरदार ठहर भई सजाय भुक्तान नगरी फरार रहेका कसूरदारलाई थप सजायको लागि उत्तरदायी बनाउन समस्या रहेको र थप सजाय गर्दा पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुने व्यवस्थाले पहिला सामान्य सजाय (जस्तै एक वर्षसम्म कैद सजाय) पाएको व्यक्तिले पछि जघन्य कसूर गरेकोमा यस उपदफा बमोजिम सजाय हुने कसूर गरेकोमा जघन्य कसूरमा नै दोब्बर सजाय हुने अवस्था छ।यसले कसूरको अनुपातमा सजाय गर्नु पर्ने फौजदारी कानूनको उद्देश्य विपरीत रहेको हुँदा सुधार गर्न आवश्यक रहेको। |

| | | | |
|---|---|---|---|
| | पटक गरेको सजायको दोब्बरसम्म सजाय हुनेछ। | | |
| ९ | ४५. <u>बालबालिकालाई हुने सजायः</u> (१) कानून बमोजिम कसूर ठहरिने कुनै काम गर्ने व्यक्तिको उमेर त्यस्तो काम गर्दाका बखत दश वर्ष पुगेको रहेनछ भने निजलाई कुनै सजाय हुने छैन।<br>(२) दश वर्ष वा दश वर्ष भन्दा माथी र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिले कानून बमोजिम जरिबाना हुने कुनै कसूर गरेकोमा जरिबाना नगरी निजलाई सम्झाई बुझाई गर्नु पर्नेछ र कैद हुने कसूर गरेकोमा कसूर हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक | दफा ४५ को-<br>(१) उपदफा (२) मा रहेका "छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ" भन्ने शब्दहरूको सट्टा "छ महिनासम्म सुधार गृहमा राख्न सकिनेछ" भन्ने शब्दहरू राखिएका छन्।<br>(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-<br>"(४क) दफा ४१ बमोजिमको जन्मकैदको सजाय गणना गर्दा बालबालिकाको हकमा पच्चिस वर्ष कैद सजाय हुने गरी गणना गर्नु पर्नेछ।" | बालबालिकालाई कैद हुने गरी भएको सजायलाई हटाउन आवश्यक भएकोले।<br><br>बालबालिकालाई सजायमा छुट दिने कानूनी व्यवस्था बमोजिम हुने गरी कानूनी व्यवस्था मिलाउन आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ। | | |
| १० | नयाँ व्यवस्था थप | दफा ४८ पछि देहायका दफा ४८क. र दफा ४८ख. थपिएका छन्ः-<br>**४८क. <u>मिलापत्र गर्न वा गराउन नहुने</u>ः**<br>(१) यस संहिता बमोजिम कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच मेलमिलाप वा मिलापत्र गराउन वा त्यसको लागि दबाब दिन वा प्रभावमा पार्न हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ। | प्रचलित कानून बमोजिम मिलापत्र हुन नसक्ने फौजदारी कसूरमा मिलापत्र गर्न नमिल्ने व्यवस्था गर्ने तथा त्यस्तो कार्यलाई कसूर कायम गरी सजायको व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | | (३) उपदफा (१) बमोजिमको कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरे वा गराएमा निजलाई उपदफा (२) बमोजिम हुने सजायमा थप छ महिना कैद सजाय हुनेछ।<br>(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम मतियार वा दुरुत्साहन मानिने कसूरमा सोही बमोजिम मुद्दा चलाई सजाय हुनेछ।<br>४८ख. <u>कसूर गरी प्राप्त गरेको सम्पत्ति लिन नहुनेः</u><br>(१) कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने जानीजानी वा विश्वास हुने कुनै मनासिब कारण भई कसैले कुनै सम्पत्ति लिन, राख्न वा खरीद बिक्री गर्न हुँदैन ।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । | कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने जानीजानी वा विश्वास हुने कुनै मनासिब कारण भई कसैले कुनै सम्पत्ति लिन, राख्न वा खरीद बिक्री गरेकोमा त्यस्तो कार्यलाई सजाय गरी कैद सजायलाई बस्तुगत बनाउन आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| ११ | ५३. नेपाल विरुद्ध युद्ध गर्न वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहायता गर्न नहुने:<br><br>(४) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैद र उपदफा (३) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पच्चीस वर्षसम्म कैद र एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ। | दफा ५३ को उपदफा (४) मा रहेका "पच्चिस वर्ष" भन्ने शब्दहरूको सट्टा "पन्ध्र वर्ष" भन्ने शब्दहरू राखिएका छन्। | जन्मकैद नै पच्चीस वर्ष हुने र जन्म कैदसम्मको अवधि कैद सजाय हुने कसूरदारलाई जरिवाना गर्न उपयुक्त नहुने हुँदा यस दफामा रहेको पच्चीस वर्षसम्म कैद हुने व्यवस्थालाई पन्ध्र वर्षसम्म कैद हुने व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले। |
| १२ | ९३.कसूरको प्रमाण दबाउन नहुने: (१) कसैले कुनै कसूरदारलाई बचाउने नियतले निजले गरेको कसूर सम्बन्धी कुनै प्रमाण दबाउन, नष्ट गर्न वा त्यसलाई प्रमाणको रूपमा | दफा ९३ झिकिएको छ। | दफा ३६ को उपदफा (३) को खण्ड (ख) बमोजिम खण्ड (क) बाहेकका अन्य मतियारलाई सजाय हुने कानूनी व्यवस्था गरिएको हुँदा सो बमोजिम नै सजाय कायम गर्नु पर्ने भएकोले। |

| | | | |
|---|---|---|---|
| | प्रयोग गर्न नसकिने गरी बिगार्न हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ। | | |
| १३ | ९५.<u>कसूरदारलाई आश्रय दिन नहुने:</u> (१) कसैले कुनै कसूरदारलाई जानीजानी पक्राउ हुनबाट वा कानून बमोजिम हुने सजायबाट बचाउने नियतले आश्रय दिनु हुँदैन।<br><u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "कसूरदार" भन्नाले कुनै कसूरमा शङ्कास्पद रहेको, अभियुक्त बनाइएको वा | दफा ९५ झिकिएको छ। | दफा ३६ को उपदफा (३) को खण्ड (ख) बमोजिम खण्ड (क) बाहेकका अन्य मतियारलाई सजाय हुने कानूनी व्यवस्था गरिएको हुँदा सो बमोजिम नै सजाय कायम गर्नु पर्ने भएकोले। |

| | | | |
|---|---|---|---|
| | अदालतबाट दोषी ठहर भएको व्यक्ति सम्झनु पर्छ। | | |
| १४ | ११८.<u>अभद्र व्यवहार गर्न नहुने</u>: (१) कसैले सार्वजनिक स्थान वा प्रवेश गर्न कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गरी कसैलाई अभद्र व्यवहार गर्न वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रूपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गर्न हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। | दफा ११८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-<br>(१क) अभद्र व्यवहार भन्नाले देहाय बमोजिमको कार्य वा त्यस्तो कार्यको उद्योगलाई बुझ्नुपर्दछ-ः<br>क. सार्वजनिक स्थान वा प्रवेश गर्न कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गर्ने।<br>ख. होहल्ला र हुलहुज्जत गरी शान्ति भंग गर्ने।<br>ग. बोली, बचन, ईशारा प्रयोग गरी शान्ति भंग गर्ने, जथाभावी व्यवहार गर्ने।<br>घ. सवारी साधन वा व्यक्तिको आवगमनलाई रोक्ने, बाधा विरोध गर्ने, नोक्सान पुऱ्याउने।<br>ङ. सर्वसाधरणमा डर त्रास फैलाउने, हैरानी दिने।<br>च. सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रुपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्ने।<br>छ. सार्वजनिक स्थानमा होहल्ला हुलहुज्जत गर्ने। | अभद्र व्यवहार अन्तर्गत पर्ने विषयहरूलाई स्पष्ट रूपमा उल्लेख गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | | ज. कार्यालयबाट खटाइए बमोजिम कर्तव्यपालनमा रहेका सुरक्षाकर्मीको काम कारवाही वा कानून कार्यान्वयनमा बाधा अबरोध गर्ने वा आक्रमण गर्ने। | |
| १५ | ११९.वेश्यागमनको प्रचार गर्न नहुनेः (१) कसैले वेश्यागमनको लागि प्रचार प्रसार गर्न हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ। | दफा ११९ को दफा शीर्षक र उपदफा (१) मा रहेको "वेश्यागमन" भन्ने शब्दहरूको सट्टा "आर्थिक वा अन्य लेनदेनको आधारमा करणी लिनेदिने कार्यको" भन्ने शब्दहरू राखिएका छन्। | भाषागत रूपमा सुधार गर्न आवश्यक भएकोले। |
| १६ | १२०. वेश्यावृति वा वेश्यागमनका लागि घर, जग्गा प्रयोग गर्न दिन नहुनेः (१) कसैले वेश्यावृत्ति वा वेश्यागमनको लागि जानीजानी आफ्नो घर, जग्गा, सवारी | दफा १२० को दफा शीर्षक र उपदफा (१) मा रहेको "वेश्यावृति वा वेश्यागमन" भन्ने शब्दहरूको सट्टा "आर्थिक वा अन्य लेनदेनको आधारमा करणी लिनेदिने कार्यको" भन्ने शब्दहरू राखिएका छन्। | भाषागत रूपमा सुधार गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | साधन उपलब्ध गराउन हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। | | |
| १७ | १३१.<u>खास किसिमका हातहतियार प्राप्त गर्न नहुने:</u><br>....<br>(३) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ | दफा १३१ को उपदफा (३) मा रहेका “सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना” भन्ने शब्दहरूको सट्टा “पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना” भन्ने शब्दहरू राखिका छन्। | दफा १३० मा रहेको इजाजतपत्र प्राप्त नगरी हतियारको कारोबार गर्न नहुने व्यवस्था रहेको र दफा १३१ मा हतियार प्राप्त गर्न नहुने व्यवस्था रहेकोमा हतियारको कारोबारी र हतियार राख्नेलाई बराबर सजाय हुने व्यवस्था अमिल्दो भएकोले हतियार कारोबारीलाई बढी सजाय हुने व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| १८ | १३२. <u>इजाजतपत्र बिना हातहतियार राख्न वा लिएर हिँड्न नहुनेः</u> (१) कसैले कानून बमोजिम प्राप्त गर्न, राख्न, भण्डारण गर्न, प्रयोग गर्न वा लिएर हिँड्न सकिने हातहतियार इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र प्राप्त गरेको भए पनि इजाजतपत्रको शर्त तथा बन्देज विपरीत हुने गरी प्राप्त गर्न, राख्न, भण्डारण गर्न, प्रयोग गर्न वा लिएर हिड्न हुँदैन।<br><br>तर सुरक्षाको कामसँग सम्बन्धित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालका अधिकृत तथा जवानले वा कानून बमोजिम हातहतियार प्रयोग गर्न पाउने अन्य सुरक्षाकर्मीले आफनो | दफा १३२ को ठाउँ ठाउँमा रहेका "हातहतियार" भन्ने शब्दहरूको सट्टा "हातहतियार वा खरखजाना" भन्ने शब्दहरू राखिएका छन्। | इजाजतपत्र बिना हातहतियार राख्न वा लिएर हिँड्न नहुने व्यवस्था मिलाउन आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | कर्तव्य पालनको सिलसिलामा त्यस्तो हातहतियार आफूसित राख्न, प्रयोग गर्न वा लिएर हिड्न बाधा पुग्ने छैन। | | |
| १९ | १७२. <u>हाडनातामा विवाह गर्न नहुनेः</u> (१) कसैले परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गर्न वा गराउन हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको विवाह थाहा नपाई भएको रहेछ भने त्यस्तो विवाह बदर हुनेछ ।<br>(३) उपदफा (१) बमोजिमको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय र गराउनेलाई तीन | दफा १७२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) थपिएको छः-<br>"(३) उपदफा (१) बमोजिमको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना र विवाह गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैंयसम्म जरिवाना हुनेछ र त्यस्तो विवाह स्वतः बदर हुनेछ।" | दफा १७२ (१) मा हाडनातामा विवाह गर्ने कसूरमा सोही उपदफा (३) मा हाडनातामा विवाह गराउनेलाई सजायको व्यवस्था गरी हाडनातामा विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय संहिताको दफा २२० (२) बमोजिम हुने उल्लेख गरिएको छ। दफा २२० आफैमा सरकार वादी हुने कसूर पनि होइन। करणी गर्ने र विवाह गर्ने कार्यलाई समान रुपमा सजाय हुने कानूनी व्यवस्था समेत अमिल्दो रहेकोले सो बमोजिम मिलाउन आवश्यक भएको। |

| | | | |
|---|---|---|---|
| | महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र त्यस्तो विवाह स्वतः बदर हुनेछ । | | |
| २० | १७३.<u>बाल विवाह गर्न नहुने:</u> (१) विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन।<br>(२) उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ।<br>(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ । | दफा १७३ को उपदफा (३) मा रहेका "कसूर गर्ने व्यक्तिलाई" भन्ने शब्दहरूको सट्टा " कसूर गर्ने वा गराउने व्यक्तिलाई" भन्ने शब्दहरू राखिएका छन्। | उपदफा (१) मा बालविवाह गर्ने र गराउने दुवै कार्यलाई कसूर कायम गरिएको तर बालविवाह गराउने व्यक्तिलाई सजाय हुने व्यवस्था बालविवाह गराउने व्यक्तिलाई समेत सजाय गर्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| २१ | १७७.<u>ज्यान मार्ने नियतले कुनै काम गर्न नहुने:</u> (१) कसैले कसैको नियतपूर्वक ज्यान मार्न | दफा १७७ को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-<br><u>स्पष्टीकरण:</u> यस परिच्छेदको प्रयोजनको लागि कसैले कसैलाई निजको ज्यान मर्न सक्ने गरी | मौजुदा कानूनी व्यवस्था फौजदारी कानूनको सिद्दान्त अनुकूल र प्रयोगको दृष्टिमा व्यावहारिक |

| | | | |
|---|---|---|---|
| | वा ज्यान मार्ने कुनै काम गर्न वा गराउन हुँदैन।<br>स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि कसैले कसैलाई निजको ज्यान मर्न सक्ने गरी नियतपूर्वक गम्भीर शारीरिक चोट वा क्षति पुऱ्याएकोमा तत्कालै ज्यान नमरी सोही चोटको परिणाम स्वरूपपछि ज्यान मरेमा पनि सोही व्यक्तिले ज्यान मारेको मानिनेछ। | शारीरिक चोट वा क्षति पुऱ्याएकोमा तत्कालै ज्यान नमरी सोही चोटको परिणाम स्वरुप पछि ज्यान मरेमा पनि सोही व्यक्तिले ज्यान मारेको मानिनेछ ”भन्ने शब्दहरू राखिएका छन्। | नरहेकोले प्रस्तुत व्यवस्था परिमार्जन गरिएको। |
| २२ | १८४.आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिलाई फाल्न वा परित्याग गर्न नहुनेः (१) कुनै नवजात शिशु, बालबालिका, अशक्त रोगी वा बृद्ध व्यक्तिलाई आफूले हेरचाह वा स्याहार सम्भार गर्ने कर्तव्य | दफा १८४ को उपदफा (३) मा रहेका “सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना“ भन्ने शब्दहरूको सट्टा “पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना” भन्ने शब्दहरू राखिएका छन्। | दफा १८४ ले आफ्नो संरक्षकत्वमा रहेका बालबालिका, अशक्त, रोगी वा बृद्धलाई फालेको, परित्याग गरेको वा वेवास्ता गरी छाडेको कारण निजहरुको मृत्यु भएमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना हुने |

| | | | |
|---|---|---|---|
| | भएको व्यक्तिले निजको जिउ, ज्यानमा खतरा पुग्न सक्ने गरी फाल्न, परित्याग गर्न वा बेवास्ता गरी छोड्न हुँदैन।<br><br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।<br><br>(३) उपदफा (१) बमोजिमको कसूरबाट त्यस्तो बालबालिका, अशक्त, रोगी वा बृद्ध व्यक्ति मरेको रहेछ भने कसूरदारलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ। | | कानुनी व्यवस्था गरेको छ तर सोही प्रकृतिबाट नवजात शिशु मरेमा दफा १७७ बमोजिम जन्मकैदको सजाय हुने व्यवस्था दफा १८४ को उपदफा को (३) प्रतिबन्धात्मक वाक्यांशले गरेबाट एकातिर एकै प्रकृतिको कार्यबाट उत्पन्न हुने परिणामलाई फरक फरक सजायको व्यवस्था हुने अवस्था सिर्जना भएको साथै नवजात शिशुको हत्यामा जन्मकैदको सजाय हुने यो कानूनी व्यवस्थाले ग्रामिण भेगमा वस्ने निमुखा, असहाय, गरिब र अशिक्षित महिलाहरु सजायको भागी हुनु पर्ने अवस्था सृजना हुने भएकोले १८४ को उपदफा (३) मा सुधार गर्न आवश्यक भएको। |
| २३ | १८५.<u>आत्महत्या गर्न दुरुत्साहन दिन नहुनेः</u> (१) | दफा १८५ को उपदफा (१) मा रहेका "आत्महत्या गर्न" भन्ने शब्दहरु पछि "उक्साउन, | मुलुकी अपराध संहिताको दफा १८५ को उपदफा (१) मा कसैले |

| | | | |
|---|---|---|---|
| | कसैले कसैलाई आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खडा गर्न वा गराउन हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ। | दवाव वा प्रभाव दिन वा" भन्ने शब्दहरु थपिएका छन्। | कसैलाई आत्महत्या गर्न दुरुत्साहन गर्न वा गराउन हुँदैन भन्ने मात्र कानूनी व्यवस्था भएकोले अत्महत्या गर्न उक्साउन, दवाव वा प्रभाव दिने कार्यलाई समेत समावेश गरी आत्महत्या गर्न दुरुत्साहन दिने कानूनी व्यवस्थालाई स्पष्ट गर्न आवश्यक भएकोले। |
| २४ | नयाँ व्यवस्था थप | दफा १८५ पछि देहयाको दफा १८५क. थपिएको छः-<br>“ १८५क. परस्पर सहमति (सुसाइड प्याक्ट) मा हत्या गर्न नहुने : (१) कसैले परस्पर सहमतिमा एकले अर्कालाई मार्ने कार्य गर्न गराउन हुँदैन।<br>(२)उपदफा (१) बमोजिम कसैको ज्यान गएको रहेछ भने पाँच वर्ष देखि दस वर्षसम्म कैद सजाय हुनेछ। | Suicide Pact सम्बन्धमा कानून बनाउनु पर्ने (०७३-CR-०९५२) भनी सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी गरेको सन्दर्भमा यस विषयमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले। |
| २५ | २१३.अपहरण वा शरीर बन्धक लिएमा हुने सजायः | दफा २१३ को,-<br>(१) दफा शीर्षक पछि "(१)" थपिएको छ। | अनुशाङ्गिक रूपमा मिलाउन आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | कसैले ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जवर्जस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, मानिस बिक्री गर्ने वा दास बनाउने वा इच्छा विरुद्ध जवर्जस्ती काममा लगाउने, वेश्यावृत्तिमा लगाउने, यातना दिने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, मुक्ति रकम लिने वा प्रचलित कानून बमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले दफा २११ वा २१२ बमोजिमको काम गरे वा गराएको भए सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना र त्यस बाहेक अन्य उद्देश्यले गरे वा गराएको भए तीन वर्षदेखि | (२) उपदफा (१) पछि देहायको उपदफा (२) थपिएको छः-<br>"(२) दफा २११ बमोजिम अपहरण गरी दफा २१२ बमोजिम शरीर बन्धक लिने व्यक्तिलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाखदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।" भन्ने शब्दहरू थपिएका छन्। | दफा २१३ को उपदफा (१) मा रहेको प्रस्तुत व्यवस्थालाई यस दफामा राखी प्रासङ्गिक रूपमा सुधार गर्न उपयुक्त हुने भएकोले। |

| | | | |
|---|---|---|---|
| | पाँच वर्षसम्म कैद र तीस हजारदेखि पचास हजार रुपैयाँ सम्म जरिबाना हुनेछ। | | |
| २६ | २१४.थप सजाय हुनेः (१) दफा २११ बमोजिम अपहरण गरी दफा २१२ बमोजिम शरीर बन्धक लिने व्यक्तिलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाखदेखि एक लाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।<br>(२) कसैले अपहरण गरी वा शरीर बन्धक लिई यस संहिता वा कानून बमोजिम कसूर मानिने अन्य कुनै काम गरेको रहेछ भने निजलाई त्यस्तो कसूर बापतको सजायमा उपदफा (१) बमोजिमको सजाय थप हुनेछ। | दफा २१४ को,-<br>(१) उपदफा (१) झिकिएको छ।<br>(२) उपदफा (३) मा रहेका "सङ्गठित रूपमा रहेका" भन्ने शब्दहरूको सट्टा "समूहगत रूपमा" भन्ने शब्दहरू रहेका छन्। | दफा २१३ मा यो व्यवस्था थप गरिएकोले यस दफाबाट हटाउन आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | (३) दफा २११ र २१२ को कसूर सङ्गठित रूपमा गरे गराएको रहेछ भने त्यस्तो गराउने व्यक्तिलाई थप दुई वर्ष कैद सजाय हुनेछ। | | |
| 1= | नयाँ व्यवस्था थप | दफा २१६ पछि देहायको दफा २१६क. थपिएको छः-<br>"२१६क. **कुनै किसिमको रकम, लाभ, सुविधा वा फिरौती फिर्ता गर्नु पर्नेः** (१) यस परिच्छेद अन्तर्गतको कसूर गर्ने वा गराउने व्यक्तिले पीडितबाट कुनै किसिमको रकम, लाभ, सुविधा वा फिरौती लिएको रहेछ भने त्यस्तो रकम, लाभ, सुविधा वा फिरौती पीडितलाई फिर्ता गराई दिनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको कुनै किसिमको रकम, लाभ, सुविधा वा फिरौती रकम फिर्ता गर्नु अघि पीडितको मृत्यु भएको रहेछ भने निजको | पीडितबाट कुनै किसिमको रकम, लाभ, सुविधा वा फिरौती लिएको रहेछ भने त्यस्तो रकम, लाभ, सुविधा वा फिरौती पीडितलाई फिर्ता गराई दिनु पर्ने व्यवस्था थप गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | | एकासगोलको पति वा पत्नी, छोराछोरी वा बाबुआमालाई दिनु पर्नेछ।" | |
| 2= | २१९.<u>जवर्जस्ती करणी गर्न नहुने</u>: (१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन ।<br>(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।<br><u>स्पष्टीकरण</u>: यस परिच्छेदको प्रयोजनको लागि,–<br>(क)करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा | दफा २१९ को,-<br>(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-<br>"(२) कसैले कुनै व्यक्तिलाई निजको सहमति नलिई करणी गरेमा वा सहमति लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालबालिकालाई करणी गरेमा निजले त्यस्तो व्यक्ति वा बालबालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ।"<br>(२) उपदफा (२) को स्पष्टीकरणको खण्ड (ग) मा रहेका "लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा" भन्ने शब्दहरूको सट्टा "लिङ्ग बाहेक शरीरका अन्य भाग वा वस्तु योनी वा गुदद्वारमा प्रवेश गराएमा" भन्ने शब्दहरू राखिएका छन्।<br>(उपदफा (२) को खण्ड (क) र (ख) हटाई सोको सट्टामा देहायको खण्ड (क) राखिएको छः- | • प्रत्येक व्यक्तिलाई निजको सहमति बेगर हुने यौनजन्य कसूरबाट संरक्षण गर्न लिङ्ग, उमेर वा वर्ग तटस्थ भई उक्त कसूरलाई परिभाषित गर्न आवश्यक भएकोले।<br>• स्वतन्त्र सहमति सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले।<br>• हालको व्यवस्थाले जबरजस्ती करणीको कसूरलाई गम्भीरताको आधारमा कुनै किसिमको विभाजन नगरी उमेरलाई मात्र आधार मानी सजायको व्यवस्था गरेको हुँदा कसूरको गम्भीरता अनुरूप जबरजस्ती करणीको कसूरलाई |

| | | | |
|---|---|---|---|
| | अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,<br><br>(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,<br><br>(ग)गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।<br><br>(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछः– | "(क) कुनै व्यक्तिको स्वतन्त्र सहमति नभएको अवस्थामा करणी भएमा पनि जबरजस्ती करणी गरेको मानिनेछ।<br>यस दफाको प्रयोजनको लागि "स्वतन्त्र सहमति" भन्नाले सहमति दिन सक्ने क्षमता भएको कुनै व्यक्तिले स्वेच्छिक तथा स्वतन्त्रपूर्वक करणी गर्ने कार्यका लागि दिएको सहमति भन्ने सम्झनु पर्छ।<br><br>तर करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको सहमति, होस ठेगानमा नरहेको अवस्थामा लिएको सहमति र नशालु पदार्थ सेवन गराई लिएको सहमति तथा प्रतिरूपण (इमपरसोनेसन)को अवस्थामा लिएको सहमतिलाई स्वतन्त्र सहमति मानिने छैन।"<br><br>(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३)राखिएको छः- | विभाजन गर्न आश्यक रहेकोले।<br>• करणी गर्दाको परिस्थिति, पीडितको उमेर र गम्भीरताका आधारमा सजाय सम्बन्धी व्यवस्था गर्न आवश्यक रहेकोले।<br>• प्रेम सम्बन्धमा रही एक अर्काको सहमती र मञ्जुरीले करणी गरेको अवस्थामा सोको गाम्भीरता तथा प्रतिवादीको दोषको मात्रा अन्य जबरजस्ती करणीको कसूरको गाम्भीरता तथा दोषको मात्रा भन्दा कम हुने हुँदा यस्तो अवस्थामा कठोर सजाय दिई रहनुको कुनै औचित्य नहुने हुँदा सो सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | (क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद,<br><br>(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म,<br><br>(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म,<br><br>(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म, | (३) जबरजस्ती करणी गर्ने व्यक्तिलाई देहाय बमोजिमको कैद हुनेछ।<br><br>१) योनी वा गुदद्वारमा लिङ्ग प्रवेश गरी जबरजस्ती करणी गरेमा जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति, पीडितको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ-<br><br>(क) दश वर्षभन्दा कम उमेरका बालबालिका, पूर्ण अशक्त अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका व्यक्ति भए बीस वर्ष देखि पच्चिस बर्षसम्म<br><br>स्पष्टीकरण- पूर्ण अशक्त अपाङ्गता भन्नाले- बौद्धिक वा मानसिक अपाङ्गताका कारण आफ्नो विवेक प्रयोग गरी आफूले गरेको कार्यको परिणामका बारेमा थाहा पाउन नसक्ने, शारीरिक तथा मानसिक अपाङ्गताका कारण आफ्नो बचाउ गर्न नसक्ने व्यक्ति भन्ने बुझिन्छ। | • जबरजस्ती करणी मुद्दाका पीडितलाई क्षतिपूर्ति भराउने कानूनी व्यवस्था भएकोमा कसूरको प्रकृति अनुसार क्षतिपूर्ति भराउन सकिने नै हुनेमा यसले प्रयोगमा अन्यौलता ल्याएको र दफा २१९ को उपदफा (३क) र दफा २२८ को प्रयोग overlapping देखिएको हुँदा सो व्यवस्था हटाउन आवश्यक भएकोले।<br>• दफा २१९ को उपदफा (३) को खण्ड (क) मा जन्म कैद सजाय हुने र दफा २२० को उपदफा (२) को खण्ड (क) मा जन्मकैद सजाय हुने व्यवस्था भएकोले थप सजाय गर्न नपर्ने व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | (ङ)अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म।<br><br>(३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिबाना समेत हुनेछ र त्यस्तो जरिबाना बापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषमा जम्मा गरिनेछः-<br>(क) उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई सात लाख रुपैयाँ जरिबाना,<br>(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद | (ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरका बालबालिका भए पन्ध्र वर्षदखि बीस वर्षसम्म,<br><br>(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरका बालबालिका भए दश वर्षदेखि पन्ध्र वर्षसम्म,<br><br>(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरका बालबालिका भए आठ वर्षदेखि बाह्र वर्षसम्म,<br><br>(ङ)अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरका व्यक्ति भए सात वर्षदेखि दश वर्षसम्म।<br><br>२) मुखमा लिङ्ग पसाएमा, लिङ्ग बाहेक शरीरका अन्य कुनै भाग वा वस्तु योनी वा गुद्वादारमा प्रवेश गराएमा जुनसुकै उमेर भए तापनि पाँच देखि दश वर्षसम्म कैद हुनेछ।<br><br>३) प्रलोभन देखाई, अनुचित प्रभाव वा झुक्यानमा पारी तथा प्रतिरूपण गरी जबरजस्ती करणी गरेमा जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी | |

| | | | |
|---|---|---|---|
| | सजाय हुने कसूरदारलाई पाँच लाख रुपैयाँ जरिबाना,<br>(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई तीन लाख रुपैयाँ जरिबाना।<br>(८) कसैले हाडनाताकी महिलालाई जवर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा सजाय हुने रहेछ भने यस परिच्छेद बमोजिमको सजायमा हाडनाताको करणीमा हुने सजाय समेत थप हुनेछ । | गर्दाको परिस्थिति, पीडितको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ-<br>क) सोह्र वर्षदेखि अठार वर्षसम्मको उमेर भएमा सात देखि दश वर्ष कैद<br>ख) अठार वर्ष भन्दा माथिको व्यक्ति भएमा पाँच वर्ष देखि आठ वर्ष कैद हुनेछ।<br><br>(७) उपदफा (३क)को सट्टामा देहायका उपदफा (३क) राखिएको छ र उपदफा (३ख) थपिएको छः-<br>"(३क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडित प्रतिवादी दुवै नाबालक भएमा र निजहरूबीच सहमतिमा करणी भएकोमा तीन वर्षसम्म सजाय हुनेछ।<br>(८) उपदफा (८) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-<br>"तर जन्म कैदको सजाय हुनेमा थप सजाय हुने छैन।" | |
| 3= | २२५.<u>बालयौन दुरुपयोग गर्न नहुनेः</u> (१) कसैले बालयौन | दफा २२५ झिकिएको छ। | दफा २२५ को बाल यौन दुरुपयोग गर्न नहुने कार्यलाई |

| | | | |
|---|---|---|---|
| | दुरुपयोग गर्न वा गराउन हुँदैन। | | विस्तृत रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ (३) मा अपराधीकरण गरी सोही ऐनको दफा ७२ मा सजायको व्यवस्था गरी त्यस्तो कार्य नैतिक पतन हुने कार्य हुने कानूनी व्यवस्था गरिएकोले सो बमोजिम हुने गरी कानूनी व्यवस्था मिलाउन आवश्यक भएको। |
| 4= | २२६.अप्राकृतिक मैथुन गर्न नहुने: (१) कसैले कसैको मञ्जुरी बिना अप्राकृतिक मैथुन गर्नु वा गराउनु हुँदैन । स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि बालबालिकाले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन। (२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन | दफा २२६ खारेज गरिएको छ। | साविकको व्यवस्थालाई प्रस्तावित विधेयकको दफा २१९सँग सामञ्जस्यता कायम हुने गरी सोही दफामा उल्लेख गरिएको। |

| | | | |
|---|---|---|---|
| | वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।<br>(३) बालबालिका विरुद्ध उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दफा २१९ बमोजिम सजाय हुनेछ। | | |
| 5= | २२७क.**<u>मिलापत्र गर्न वा गराउन नहुने</u>**ः (१) यस परिच्छेद बमोजिम करणी सम्बन्धी कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको | दफा २२७क. झिकिएको छ। | कुनै पनि फौजदारी कसूरमा मिलापत्र गर्न नसकिने गरी सामान्य प्रावधान सम्बन्धी व्यवस्थामा थप गरिएको। |

| | | | |
|---|---|---|---|
| | परिवारको सदस्यबीच मेलमिलाप वा मिलापत्र गराउन वा त्यसको लागि दबाब दिन वा प्रभावमा पार्न हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।<br>(३) उपदफा (१) बमोजिमको कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरे वा गराएमा निजलाई उपदफा (२) बमोजिम हुने सजायमा थप छ महिना कैद सजाय हुनेछ।<br>(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए | | |

| | | | |
|---|---|---|---|
| | तापनि कानून बमोजिम मतियार वा दुरुत्साहन मानिने कसूरमा सोही बमोजिम मुद्दा चलाई सजाय हुनेछ। | | |
| 6= | २४४. <u>डाँका गर्न नहुने:</u> (१) कसैले डाँका गर्न वा गराउन हुँदैन । <br> (२) कसैले देहाय बमोजिमको चोरी गरेमा निजले डाँका गरेको मानिनेछः– <br> (ख)तत्कालै कसैको ज्यान लिने वा कसैलाई चोट पुऱ्याउने वा नियन्त्रणमा लिने डरत्रास देखाई वा आपराधिक लाभ लिई कुनै रकम वा आर्थिक लाभ प्राप्त गरेमा, | दफा २४४ को,- <br> (१) उपदफा (२) को खण्ड (ख) र (ग) झिकिएको छ। <br> (२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः- <br> “(घ) बाटो घाटो“, एकान्त स्थल वा जंगलमा ढुकी डर, त्रास देखाई जोखिमी हातहतियार प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई वा तीन जनाभन्दा बढीको जमात भई जोर जबरजस्ती गरी चोरी गरेमा, ” | दफा २५३ को उपदफा (३) को खण्ड (क) का कानूनी व्यवस्था उस्तै भएको र यसले कानूनको कार्यान्वयनमा अन्यौलता ल्याएको। <br> खण्ड (ग) को व्यवस्थालाई समेत समावेश गरी परिमार्जन गरिएको |
| 7= | २४६क.<u>थप सजाय गरी क्षतिपूर्ति भराईने</u>: (१) कानून | दफा २४६क. को,- <br> (१) उपदफा (१) मा रहेका "सरकारी, सार्वजनिक वा निजी वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी | सबै आवश्यक वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त |

| | | | |
|---|---|---|---|
| | बमोजिम आवश्यक वस्तु मानिने कुनै सरकारी, सार्वजनिक वा निजी वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त गरेको बस्तु वा सम्पत्ति जानीजानी किन्ने वा बेच्ने कार्य गर्ने व्यक्तिलाई यस परिच्छेद बमोजिमको कसूरमा हुने सजायमा थप एक वर्ष कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।<br><br>(२) उपदफा (१) बमोजिमको वस्तु वा सम्पत्तिको हानि, नोक्सानी भइसकेको रहेछ भने त्यसको विगो बमोजिमको क्षतिपूर्ति समेत कसूरदारबाट भराउनु पर्नेछ ।<br><br>(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्ति यकिन | प्राप्त गरेको वस्तु" भन्ने शब्दहरुको सट्टा "वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त गरेको त्यस्तो वस्तु" भन्ने शब्दहरु राखिएका छन्।<br>(२) उपदफा (२) र (३) झिकिएका छन्। | गरेको त्यस्तो वस्तुको चोरी गरेकोमा सजायको प्रवन्ध गर्न आवश्यक भएकोले।<br><br>अन्य कानूनी व्यवस्थाबाटै यो विषय सम्बोधन हुने देखिएकोले। |

| | | | |
|---|---|---|---|
| | भएकोमा सोही व्यक्ति र त्यस्तो व्यक्ति यकिन नभएकोमा त्यस्तो काम गर्न उक्साउने वा आदेश दिने व्यक्तिले कसूर गरेको मानिनेछ । | | |
| | २४८. हदम्यादः दफा २४५ र २४६ अन्तर्गतको कसूरमा त्यस्तो कसूर भए गरेको मितिले तीन महिनाभित्र र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले छ महिना नाघेपछि उजुर लाग्ने छैन । | दफा २४८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-<br>"तर, चोरीको दशी सहित पक्राउ परेको अवस्थामा पक्राउ परेको मितिले साठी दिनभित्र मुद्दा दर्ता गरिसक्नु पर्नेछ।" | चोरीको दशी सहित पक्राउ परेको अवस्थामा कसूरदारलाई कानूनी दायरमा ल्याई सजायको व्यवस्था गर्न आवश्यक भएकोले। |
| | २४७.बिगो भराउनु पर्नेः (१) यस परिच्छेद बमोजिमको कसूर गर्ने कसूरदारबाट त्यस्तो कसूरको बिगो भएमा | "२४७. **चोरी गरेको सम्पत्तिको बिगो भराउनु पर्नेः** (१) यस परिच्छेद बमोजिमको कसूर गर्ने कसूरदारबाट चोरी गरेको वस्तु वा सम्पत्ति बरामद भई वा कसूरदारले बुझाई जफत गर्न सकिने भए | चोरी गरेको वस्तु वा सम्पत्ति बरामद भई वा कसूरदारले बुझाई जफत गर्न सकिने भए जफत गरी सम्बन्धित सम्पत्ति धनीलाई फिर्ता |

| | | | |
|---|---|---|---|
| | बिगो जफत गरी सम्पत्ति धनीलाई भराई दिनु पर्नेछ । कसूरदारले बिगोको सम्पत्ति मासिसकेको भए त्यस्तो बिगोको मूल्य बराबरको सम्पत्ति धनीलाई भराई दिनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम बिगो भराउँदा बरामद भई आएको माल मध्ये चिन्हले वा प्रमाणबाट यसको भन्ने ठहरेको जति जसको हो उसैलाई भराई दिई अरुधनी पत्ता नलागेको माल धरौट राखी तीनमहिनाको अवधि दिई सूचना जारी गर्नु पर्नेछ र सो अवधिमा कसैले लिन आयो र चोरीको दरखास्तमा लेखिएको मालसँग मिल्न आयो भने सम्बन्धित मालधनीलाई फिर्ता दिनु | जफत गरी सम्बन्धित सम्पत्ति धनीलाई फिर्ता गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम जफत गर्नु पर्ने वस्तु वा सम्पत्ति कसूरदारले मासिसकेको भए त्यस्तो वस्तु वा सम्पत्तिको मूल्य बराबरको रकम विगो कायम गरी त्यस्तो विगो सम्पत्ति धनीलाई भराई दिनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम विगो भराउदा चोरी गर्ने सिलसिलामा कसैको अन्य कुनै सम्पत्ति हानिनोक्सानी भएको रहेछ भने त्यसरी भएको हानि नोक्सानी बापतको क्षतिपूर्ति समेत भराउनु पर्नेछ।<br>(४) उपदफा (१) बमोजिम जफत भएको वस्तु वा सम्पत्ति फिर्ता गर्दा वा विगो भराउदा त्यस्तो सम्पत्तिको प्रकृति वा प्रमाणबाट सम्पत्ति धनी यकिन हुन आएमा निजलाई फिर्ता गर्ने वा विगो भराईदिने र सम्पत्ति धनी यकिन हुन नसकेमा वा पत्ता नलागेमा त्यस्तो वस्तु वा सम्पत्ति वा विगो रकम धरौट राखी तीन महीनाभित्र दावी गर्न सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। | गर्नु पर्ने तथा चोरीको कसूर गर्दा कसूरदारले धनीको घर सम्पत्ति वा वस्तुमा कुनै हानि नोक्सानी वा क्षति भएमा हानि नोक्सानी भराउने व्यवस्था गर् आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | पर्नेछ। त्यसरी मालवस्तु लिन आएन वा दरखास्तको मालमा मिलेन भने पहिले पक्री ल्याउने धनीलाई साबूत भराई बढ्ता भए अरु कायम गराइसकेको धनीलाई दामासाहीको हिसाबले भराई दिई बढी भए लिलाम गरी सरकारी कोषमा दाखिला गर्नु पर्नेछ। | (५) उपदफा (४) बमोजिमको सूचनाको अवधिभित्र वास्तविक सम्पत्ति धनीले त्यस्तो वस्तु वा सम्पत्तिको प्रमाणसहित दावी गर्न आएमा जाहेरीमा लेखिएको सम्पत्तिको विवरणसँग भिडाई त्यस्तो विवरणसँग भिडेमा त्यस्तो वस्तु वा सम्पत्ति वा विगो रकम सम्बन्धित सम्पत्ति धनीलाई फिर्ता दिनु पर्नेछ।<br>(६) उपदफा (१) बमोजिम जफत भएको वस्तु वा सम्पत्ति कसैले दावी नगरेमा वा दावी गरेको भए तापनि जाहेरीमा लेखिएको वस्तु वा सम्पत्तिको विवरणसँग नभिडेमा त्यस्तो वस्तु वा सम्पत्ति लिलाम गरी प्राप्त रकम वा विगो रकम सरकारी कोषमा दाखिला गर्नु पर्नेछ।<br>(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २४६क. बमोजिम आवश्यक वस्तु मानिने वस्तु वा सम्पत्ति भए चोरी भएको वा हानि नोक्सानी भएको विगो र विगो बमोजिमको क्षतिपूर्ति कसूरदारबाट सम्बन्धित सम्पत्ति धनीलाई भराई दिनु पर्नेछ।" | |

| | | | |
|---|---|---|---|
| = | २७६. कीर्ते गर्न नहुने: (१) कसैले किर्ते गर्न वा गराउन हुँदैन।<br>(२) उपदफा (१) को प्रयोजनको लागि कसैले सर्वसाधारण वा कसैलाई कुनै हानि, नोक्सानी वा क्षति पुऱ्याउने वा आफू वा कसैलाई कुनै लाभ पुऱ्याउने नियतले कुनै झुट्टा लिखत वा झुट्टा विद्युतीय अभिलेख वा लिखत वा विद्युतीय अभिलेखको झुट्टा अंश वा भाग बनाउने काम गरेमा निजले किर्ते गरेको मानिनेछ । | दफा २७६ उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-<br>“(३) यस परिच्छेद बमोजिम कसूरदारले किर्ते कार्य गर्न वा बनाउन प्रयोग गरेका औजार, साधन, उपकरण र बनाएका सबै चिज बस्तुहरु जफत गरिनेछ ।“ | किर्ते कार्य गर्न वा बनाउन प्रयोग गरेका औजार , साधन, उपकरण र बनाएका सबै चिज बस्तुहरु जफत गरिने व्यवस्था थप गर्न आवश्यक भएकोले। |
| = | २८७. कसूर गरी प्राप्त गरेको सम्पत्ति लिन नहुने: (१) कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने | दफा २७८ झिकिएको छ। | साबिकको दफा २७८ मा भएको व्यवस्थालाई परिमार्जन गरी सामन्य प्रावधानमा थप गरिएको। |

| | | | |
|---|---|---|---|
| | जानीजानी वा विश्वास हुने कुनै मनासिब कारण भई कसैले कुनै सम्पत्ति लिन, राख्न वा खरीद बिक्री गर्न हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्ष कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। | | |
| = | नयाँ व्यवस्था थप | दफा २७८ पछि देहायको दफा २७८क. थप गरिएको छः-<br>"२७८क. करकापमा पारी लिखत गर्न वा गराउन नहुनेः (१) कसैले कसैलाई करकापमा पारी कुनै पनि व्यहोराको लिखत गर्न वा गराउन हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैंया सम्म जरिवाना वा दुवै सजाय हुनेछ।<br>(३) करकापसँग गराएको लिखित प्रारम्भ देखिनै शुन्य हुनेछ।" | करकापसँग कुनै लिखत गर्ने वा गराउने कार्यलाई कसूर कायम गरी उक्त करकापसँग गराएको ठहर भएको लिखत शुन्य घोषणा गरी करकाप गरी लिखत गर्न बाध्य गर्ने वा गराउने कसूर कायम गरी सजाय गर्न आवश्यक भएकोले। |

# परिच्छेद ४

# मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को कार्यान्वयन सम्बन्धमा देखिएका समस्या, विश्लेषण तथा सुझावहरु

## ४.१ सरोकारवालाहरुबाट प्राप्त मुख्य सुझावहरु

- झुट्टा, भ्रमपूर्ण वा काल्पनिक जाहेरी दरखास्तलाई तामेलीमा राख्ने व्यवस्था कार्यान्वयनमा ल्याउन र एकरुपता ल्याउन सो को कार्यविधि बनाई लागू गर्नु पर्ने,
- प्रतिवादीले अदालतमा गर्ने बयानमा cross examination को व्यवस्था राख्नुपर्ने देखिन्छ,
- फरार अभियुक्तको पनि right to hearing लाई ensure गर्नुपर्ने देखिन्छ,
- अग्रिम जमानत (Anticipatory Bail) को व्यवस्था हुनुपर्छ,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ मा नबुझी नहुने साक्षीलाई मुद्दाको पक्षले निवेदन दिएमा मात्र बुझ्न सकिने ब्यवस्था रहेकाले अदालतले आवश्यक ठानेमा समेत बुझ्न सक्ने कानूनी ब्यवस्था राख्न उपयुक्त हुने देखिन्छ,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६क.मा नेपाल सरकार वादी हुने मुद्दामा पुनरावेदक प्रतिवादीले पुनरावेदन फिर्ता लिने कानूनी व्यवस्था हुनुपर्ने,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को व्यवस्था हेर्दा सुरुमा थुनछेक आदेश हुँदा धरौटीमा बसेको प्रतिवादीले पुनरावेदन गर्दा थुनामा बस्नु नपर्ने तर सुरुमा थुनामा बसेको प्रतिवादीले उति नै सजाय पाएको अवस्थामा पनि थुनामा रही पुनरावेदन गर्नुपर्ने व्यवस्था कानूनको समान संरक्षण विपरीत हुँदा एकरुपता कायम गर्नुपर्ने देखिएको,
- फौजदारी मुद्दामा फैसला गर्दा वा फैसला तयार हुँदा हार्ने पक्षलाई पुनरावेदन म्याद दिने वा नदिने बारेमा संहितामा अस्पष्टता रहेकोले फरक फरक अभ्यास रही कसैले

पुनरावेदन म्याद दिने र कसैले कानून अनुसार जनाउ मात्र दिने अभ्यास रही आएको परिप्रेक्ष्यमा पुनरावेदन म्याद दिने कुरालाई स्पष्ट लेखिनुपर्ने देखिएको,

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६६ मा प्रतिवादीको धरौटबाट असूल गर्ने प्राथमिकता क्रम निर्धारण गर्दा क्षतिपूर्तिलाई तेश्रो प्राथमिकता दिइएको छ। भने अपराध पीडित संरक्षण ऐन, २०७५ ले क्षतिपूर्तिलाई पहिलो प्राथमिकता दिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको सन्दर्भमा प्राथमिकता क्रम परिवर्तन गरी क्षतिपूर्तिलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने देखिन्छ,
- देवानी मुद्दामा म्याद तामेल गर्दा सम्वन्धित स्थानिय निकायको कर्मचारी रोहवरमा बसे हुने तर फौजदारी मुद्दामा सम्वन्धित वडाको प्रतिनिधि रोहवरमा बस्नुपर्ने व्यवस्था भई म्याद तामेलीमा एकरुपता नभएको हुँदा एकरुपता कायम हुनुपर्ने देखिन्छ। दफा ३४- सानातिना कसूरमा मुद्दा दायर गर्न आवश्यक नहुने - यसमा १०,०००/- सम्म जरिवाना, ६ महिनासम्म कैद राख्नुपर्ने र फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४ को दफा २४ लाई समेत आधार मान्ने ।
- संहिताको परिच्छेद ७ मा रहेको धरौट जमानत सम्बन्धी प्रावधानहरू जमानत नियम र थुनछेक अपवाद (बेल इज रूल एन्ड जेल इज एक्सेप्सन) भन्ने न्यायको मान्य सिद्धान्तको विपरीतमा छन्। तीन वर्षभन्दा कमको सजाय हुने मुद्दामा अपराधको अनुसन्धान नै शङ्कित/अभियुक्तलाई तारिख वा जमानत लिएर अनुसन्धान र अभियोजन गरिने जमानती प्रावधान संहितामा राखिनुपर्छ। परिच्छेदमा रहेका प्रावधानहरू पुनरवलोकन गरी तारिख र जमानतलाई नियम र थुनछेकलाई अपवादको हैसियतमा प्रयोग गरिने व्यवस्था गरिनु पर्छ।
- ठगी र वैदेशिक रोजगार ठगी सम्बन्धी मुद्दामा मात्र मिलापत्र गर्न पाउँने दफा ११७(२) को व्यवस्थाको दायरा फराकिलो पारी आर्थिक अपराध लगायतका तीन वर्षभन्दा कम कैद हुनसक्ने अन्य अपराधहरूमा समेत पीडितसँग मिलापत्र गर्नसक्ने व्यवस्था गर्न उपयुक्त हुन्छ।

- मुलुकी अपराध संहिताको दफा ४७ अनुसार कसूर स्विकार गरी अदालतलाई सहयोग गर्ने अभियुक्तले सजायमा छुट पाउने गरी कानूनी व्यवस्था एकतर्फ रहेको देखिन्छ भने मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ६७(२)(क) ले "अदालतमा कसूर स्वीकार गरेको" भन्ने आधारमा मात्र के कति सजाय हुन्छ भन्ने तर्फ बिचार नै नगरी मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने गरी भै रहेको कानूनी व्यवस्था विरोधाभाषपूर्ण रहेकोले परिमार्जन हुन आवश्यक छ ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं० ले हालको अवस्थामा थुनछेक आदेश उपर मात्र अन्तरकालिन निवेदन/पुनरावेदन सुन्न पाउने व्यवस्था गरेको देखिन्छ, सोही मुद्दामा अदालतबाट भएको कार्यविधिगत त्रुटीहरु उपरको कानूनी उपचारको बारेमा उक्त ७३ नं० ले सहयोग नगर्ने भएकोले ७३ नं० मा संशोधन गरी "कार्यविधिगत त्रुटीको सम्बन्धमा पनि" उपचारको व्यवस्थालाई सम्वोधन हुनु जरुरी छ ।
- तत्कालिन मुलुकी ऐनको अदालतली वन्दोवस्तको १४ नं० ले समान्य कार्यविधि लागु हुने प्रकृतिको मुद्दामा अदालतलाई पनि फैसला गर्नु पर्ने समय सिमा निर्धारणकोमा हाल फौजदारी कार्यविधि संहिताले फैसला गर्नु पर्ने समय सीमा निर्धारण नभएको कारण संविधानको धारा २०(९) ले प्रदान गरेको स्वच्छ सुनवाईको हक अन्तर्गतको (मनासिव समय भित्र फैसला हुने) अधिकारबाट बञ्चित हुन परेको साथै न्याय सम्पादनको कार्य पनि यथोचित समय भित्र नै होस् भन्ने कुराको सुनिश्चितताको लागि पनि "फैसला गरी सक्नु पर्ने समय सीमा" निर्धारण गरी मुलुकी फौजदारी कार्यविधि संहितामा थप हुनु पर्ने देखिन्छ ।
- मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३४(३) मा "निजको कानून व्यवसायी उपस्थित भइ वहस पैरवी गरेको रहेछ र सोही दिन फैसला भएको भएको रहेछ भने पक्षले फैसला भएको थाहा पाएको मानिनेछ" भनि कानूनी व्यवस्था एकातर्फ हुनु र अर्को तर्फ सोही व्यवस्था सरकारी पक्ष (जो मुद्दा हर्ने निकायको लागि मुद्दाको एक अर्को पक्ष रहेको हुन्छ) लाई दफा १३२(४) बमोजिम सुचना प्राप्त भए पछि मात्र थाहा पाएको

मानिने प्रावधान “समान कानूनको प्रयोगमा “पक्षको हैसियतको आधारमा भेदभावजन्य कार्य”” हुन गई संविधानको धारा १८ संग बाझिन गएकोले मुद्दाको पक्षहरुको लागि एउटै कार्यविधि लागु हुनु पर्ने गरी कानूनी प्रावधान तर्जुमा हुनु पर्दछ ।

- तत्कालिन मुलुकी ऐन दण्ड सजायको महलको ४१क मा साठी दिन भित्र कैद वा जरीवाना तिर्त वा भुक्तान गर्न आए २० प्रतिशत मिनाहा दिने गरी भै रहेको कानूनी व्यवस्थाको निरन्ता वर्तमानको मुलुकी देवानी कार्यविधि संहिताको दफा २४६ ले गरेको भए पनि फौजदारी कार्यविधि संहितामा सो सम्बन्धमा प्रष्ट कानूनी व्यवस्था नभएको कारण तद सम्बन्धमा प्रष्ट कानुनी प्रावधान फौजदारी कार्यविधि संहितामा पनि हुनु पर्दछ ।
- फौजदारी न्यायप्रशासन अन्तर्गत विश्व समुदायले नै आफ्ना राष्ट्रीय कानून अन्तर्गत स्वीकार गरी प्रयोग गर्दै आएको पक्राउ पूर्वको जमानत (anticipatory bail) को कानूनी व्यवस्था वर्तमानको फौजदारी संहितामा नभएको कारण समान्य भन्दा समान्य विवादमा पनि व्यक्तिहरु समातिनु पुगेको र अनुसन्धान अधिकारीबाट पक्राउ सम्बन्धी अख्तियारीको प्रशस्त दुरुपयोग हुने गरेको, कैदको सजाय नै नहुने कसूर (उदाहरणको लागि अपराध संहिताको दफा १२४ अन्तर्गतको कसूरमा अनुसन्धानको नाउँमा अनुसन्धानको क्रममा दफा ११८ जोडदै थुनामा राखी अनुसन्धान गर्ने अनुमित लिइ अन्त्यमा १२४ अन्तर्गत अभियोग दायर गर्ने जस्ता कार्यहरु भएका पनि देखिएको) मा पनि अनुसन्धानको नाउँमा थुनामा राख्ने प्रचलन रहेकोले यसमा सुधारको आवश्यक्ता रहेकोले पक्राउ पूर्वको जमानत (anticipatory bail) संग सम्बन्धित कानूनी प्रावधान मुलुकी फौजदारी कार्यविधि संहितामा हुनु अत्यन्त आवश्यक छ ।
- कुनै एक मुद्दामा पुर्पक्षका लागि वा सजाय भुक्तानको लागि कारागारमा रही रहेको प्रतिवादी समेतलाई प्रतिवादी कायम गरी अर्को एक मुद्दामा सह अभियुक्तले पोल गरेको आधारमा अनुसन्धानकै क्रममा वयान गराउन पर्ने भए तत्कालै वयान गराउनु पर्ने गरी वा अभियोग पत्र पेश गर्दा त्यस्तो कारागारमा रहेको प्रतिवादीलाई फरार भनेर अभियोग पेश गर्नु भन्दा पनि राज्यको नियन्त्रणमा रहेका व्यक्तिलाई समेत सम्बन्धित निकायबाट

झिकाइ सहअभियुक्त लाई अभियोग पत्रसंग संगै पेश गर्न लागेकै बखतमा पेश गर्नु पर्ने, एकले अर्कोलाई पोलापोल गरे प्रचलित कानून बमोजिम तत्कालै जीरह गर्ने मौका दिइने गरी प्रष्ट कानूनको तर्जुमा समेत हुनु जरुरी छ । यसले मुद्दामा पहिला देखि थुनामा परेको व्यक्तिको कारण अर्को व्यक्तिको सुनवाई प्रकृया अनावश्यक रुपमा ढिला नहुनुको साथै स्वच्छ सुनवाईको मान्यतालाई पनि स्थापित गर्दछ ।

**४.२. सरोकारवालाहरुसँगको छलफलबाट पहिचान गरिएका समस्याहरु**

१. फौजदारी मुद्दाको बड्दो संख्याले गर्दा राज्यको स्रोतमा अत्याधिक चाप पर्न गएकोले मुद्दाको संख्या न्यूनिकरण र मुद्दा छिटो निक्यौलको लागि फौजदारी कार्यविधि प्रकृयाको सरलीकरण तथा मुद्दाको चापलाई कानूनीगत तवरमा सुधार गर्न अध्ययन गर्नुपर्ने हुन्छ। यस सवालमा निम्न कानूनी व्यवस्था लगायतको उपयोगिताको बारे छलफल र थप अध्ययन हुनुपर्ने देखिएको,

२. प्रतिवादीको फौजदारी न्याय तथा स्वच्छ पुर्पक्ष न्याय प्रणालीको सवलीकरणको लागि थप आवश्यक व्यवस्था गर्नु पर्ने वाञ्छनिय देखिएको,

३. अनुसन्धान तथा अभियोजन बढी जाहेरी उन्मुख भएकोले झुट्ट जाहेरी तथा न्यून प्रमाणको मुद्दा अभियोजन गर्ने प्रवृति निरत्साहित गर्नुपर्ने देखिएको,

४. अनुसन्धानको दौरान आरोपितले आफ्नो सफाई तथा जिकिर पुष्टिको लागि प्रतिरक्षात्मक प्रमाण पेश गर्ने कानूनी व्यवस्थाको अभाव देखिएको,

५. थुनछेक सम्बन्धमा पर्याप्त कानूनको अर्पयाप्ता देखिएको तथा प्रतिवादी, पीडित तथा समाज सबैको हित हुने गरी अदालतलाई दिशानिर्देश गर्ने कानून निर्माण गर्नु पर्ने देखिएको,

६. पुर्पक्षको दौरान अत्याधिक मात्रामा थुनामा रही कारवाही भईरहेको देखिएको तथा थुनछेकको दौरान विचार गर्नुपर्ने अन्य पक्षहरुको सम्बन्धमा यस सम्बन्धी कानूनमा उल्लेख नभएकोले आवश्यक थप व्यवस्था तर्फ विचार गर्न पर्ने देखिएको,

७. गैरजमानतिय मुद्दामा समेत के कस्तो आधारमा थुनामा राखिनुपर्ने भन्ने आधार तथा जमानतिय कसूरमा समेत धरौट जमानत इन्कार गर्न सक्ने आधारहरु उल्लेख गरी अदालतको स्वविवेकिय निर्णयलाई वस्तुपरक हुने गरी मुद्दाको प्रकृति अनुसार गर्नु पर्ने अन्य शर्त

बन्देज सम्बन्धमा कानूनको अभाव रहेको छ । र यस सम्बन्धमा थुनछेक सम्बन्धी केही परिमार्जन हुनुपर्ने देखिएको,

८.फौजदारी मुद्दाको अनुसन्धान गर्ने निकायसँग सम्बन्धित प्रशासनिक कानूनहरुमा सुधार गरी अपराध अनुसन्धानलाई बढी वैज्ञानिक तथा विष्टिकृत बनाउन प्रहरी संगठनमा अपराध अनुसन्धानको छुट्टै एकाई र मानव संशाधन विकास गर्नुपर्ने भएकोले के कस्तो व्यवस्था उपयुक्त हुन्छ अध्ययन गर्नुपर्ने देखिएको,

९. जरुरी पक्राउ पुर्जी र पक्राउ पुर्जी सम्बन्धी व्यवस्था कानूनमा यथोचित देखिए तापनि यी कानूनहरुको मर्म र प्रयोजन अनुरुप प्रभावकारी कार्यान्वयनको लागि थप कार्यविधिगत स्पष्टता आवश्यक  देखिएको,

१०. एक वर्ष भन्दा कम कैद सजाय भएको अवस्थामा प्रतिवादीको वारदात गर्दाको परिस्थिति हेरी कैदको विकल्पको सुधारात्मक कानूनी व्यवस्थाको अभावः फौजदारी संहिताको दफा १५५ को साविक व्यवस्था वा हालको व्यवस्था ठिक रहेको भन्ने सम्बन्धमा अध्ययन हुनुपर्ने देखिएको,

११.विना कुनै कानूनी व्यवस्था नै रहेको अवस्थामा अदालतले अभियोजनको दावी भन्दा फरक कसूरमा कसूरदार ठहर निर्धारण गर्ने गरेकोःअभियोजनले लगाएको आरोप(charge) को कसूर भन्दा फरक कसूरमा अदालतले कसूरदार ठहर गर्ने गरेकोमा त्यस सम्बन्धमा कुनै कानूनी व्यवस्था नभएको र यसले गर्दा प्रतिवादीले उक्त कसूरको तत्वको सम्बन्धमा  आफ्नो सफाई पेश गर्न नपाएको र अभियोजनको पनि उपयुक्त कसूर ठहर तर्फ ध्यान नपुगेको त्यसबाट आरोपितले उपयुक्त कसूर निर्धारण गर्न;भारतको फौजदारी कार्यविधि संहितामा CrPC Sec 216[5]  मा कानूनी व्यवस्था रहेकोमा हाम्रो फौजदारी संहिता  त्यससम्बन्धमा कानूनी व्यवस्था नरहेकोले यस्तो व्यवस्था गर्नु श्रेयस्कर हुने,

---

[5] **Section 216 in The Code of Criminal Procedure, 1973**

**216. Court may alter charge.**

(1)Any Court may alter or add to any charge at any time before judgment is pronounced.(2)Every such alteration or addition shall be read and explained to the accused.(3)If the alteration or addition to a charge is such that proceeding immediately with the trial is not likely, in the opinion of the Court, to prejudice the accused in his defence or the prosecutor in the conduct of the case, the Court may, in its discretion, after such alteration or addition has been made, proceed with the trial as if the altered or added charge has been the original charge.(4)If the alteration or addition is such that proceeding immediately with the trial is likely, in the opinion of the Court, to prejudice the accused or the prosecutor as aforesaid, the Court

१२. पर्याप्त प्रमाणको अभाव नदेखिएको अवस्थामा समेत पीडितले आफुलाई लागेको कसूरमा नै अभियोजन हुनू पर्ने भनी अपेक्षा राखि दवाव दिने समस्या रहेको।

## ४.३. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ मा गरिनु पर्ने सुधारहरु

### ३.१ अनुसन्धानको चरणमा

#### ३.१.१ जाहेरी दर्खास्तको दर्ता तथा कारवाही सम्बन्धमाः

**क. जाहेरीको प्रारम्भिक मनासिबता तथा औचित्यता हेरी जाँच गरी दरपिठ गर्ने व्यवस्था राखिनुपर्नेः**

कार्यविधि संहिताको दफा ५मा जाहेरी दरखास्त प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा सो व्यहोरा खुला सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा त्यस्तो जाहेरी दरखास्त गर्नुपर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा उजुर गर्न सक्ने र त्यस्तो उजुरी प्राप्त भएमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा प्रहरी कार्यालयले आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनुपर्ने, त्यसरी प्राप्त हुन आएको जाहेरी दरखास्त सम्बन्धित प्रहरी कार्यालयले दर्ता गरी कारबाही गर्नुपर्ने व्यवस्था रहेको छ। यस कानूनी व्यवस्थाले जस्तोसुकै जाहेरी पनि दर्ता गर्नुपर्ने अवस्था सृजना हुन गएको हुँदा आएको जाहेरी दर्ता गर्नै पर्ने तर जाहेरी दरपीठ गर्न सकिने व्यवस्था राखिनुपर्छ ।यदी दरपिठ गरेको निर्णय उपर माथिल्लो तह वा सरकारी वकिल समक्ष जान सक्ने हालको व्यवस्था राखि माथिल्लो निकायले दरपिठ आदेश मनासिब देखेमा सदर गर्न सक्नेछ भन्ने व्यवस्था राख्नु उपयुक्त हुने देखिन्छ ।

यस अनुसार सम्बन्धित दफा संशोधनको लागि देहाय अनुसार संशोधन प्रस्ताव गरिएको छः

दफा ४ को उपदफा १० पछि देहायको उपदफा (११) थपिएको छः-

may, either direct a new trial or adjourn the trial for such period as may be necessary.(5)If the offence stated in the altered or added charge is one for the prosecution of which previous sanction is necessary, the case shall not be proceeded with until such sanction is obtained, unless sanction has been already obtained for a prosecution on the same facts as those on which the altered or added charge is founded.

“**(११)** उपदफा (१) बमोजिम दिइएको जाहेरी दरखास्त वा सूचनाको सम्बन्धमा प्रहरी कार्यालयले मनासिब आधार कारण उल्लेख गरी त्यस्तो जाहेरी दरखास्त वा सूचना दरपिठ गर्न सक्नेछ। यसरी दरपीठ गरिएको जानकारी जाहेरवालालाई दिनु पर्नेछ।”

(२) उपदफा (२) मा रहेका “प्रहरी कार्यालायमा पठाउनु पर्नेछ” भन्ने शब्दको सट्टा “प्रहरी कार्यालयमा पठाउन वा दरपीठ आदेश मनासिब देखिएमा सदर गर्न सक्नेछ।“ भन्ने शब्दहरू राखिएका छन्।

ख) **झुट्टा, भ्रमपुर्ण वा काल्पानिक सुचना तामेलीमा राख्ने प्रणाली प्रभावकारी र व्यवहारिक बनाउन समय थप गर्नु पर्ने:**

संहिताको दफा ११ मा जाहेरी दरखास्त वा सूचना भ्रमपूर्ण, झुठ्ठा वा काल्पनिक भएमा तामेलीमा राख्न सकिने व्यवस्था रहेको छ। प्राप्त जाहेरी दरखास्त वा सूचना भ्रमपूर्वक , झुठ्ठा वा काल्पनिक हो सो एकिन गर्न समेत अनुसन्धान गर्नुपर्ने हुँदा संहिताले निर्दिष्ट गरेको ३ दिन भित्र सो कुराको एकिन गरी प्रहरी कार्यालयले सम्बन्धित सरकारी वकील कार्यालयमा प्रतिवेदन पेश गर्न छोटो समयाविधि भई व्यवहारिक रुपमा सम्भव नरही अत्याधिक कार्यबोझ बढन् गई कार्यन्वयनमा समस्या देखिएको छ । साथै, तामेली गर्नुपुर्व आधारभुत जाँचबुझ गरिनुपर्ने भन्ने व्यवस्था समेत राखिनुपर्ने देखिन्छ । यस अनुसार देहाय बमोजिम संशोधन प्रस्ताव गरिएको छः

दफा ११ को उपदफा (१) मा रहेका “तीन दिनभित्र” भन्ने शब्दहरूको सट्टा “ आधारभूत जाँचबुझ गरी सात दिनभित्र” भन्ने शब्दहरू राखिएका छन्।

ग) **अनुसन्धानको दौरान आरोपितले आफ्नो सफाई तथा जिकिर पुष्टिको लागि प्रतिरक्षात्मक प्रमाण पेश गर्ने कानूनी व्यवस्थाको अभाव देखिएकोः**

हाल कानूनमा अनुसन्धानको दौरानमा आरोपितलाई आफ्नो प्रतिरक्षात्मक प्रमाण पेश गर्न चाहेमा के कसरी प्रमाण पेस गर्ने भन्ने स्पष्टतः कानूनी व्यवस्था नरहेकोले मुद्दा चल्न नपर्ने आरोपितहरु समेत प्रमाण पेस गर्ने मौका नपाएर मुद्दा चली अदालतमा मात्र आफ्नो सफाईको मौका पेस गर्न बाध्य रहेको अवस्था देखिएको छ । कति वारदातको अवस्थामा शंकित उपर *‘Exculpatory Evidence’* भई कसूरबाट प्रतिवादीले मुद्दा नै चल्न नपर्ने अवस्था

भई प्रथम दृष्टि मै निर्दोषिता प्रमाणित हुने अवस्था रहनेमा प्रमाणको अभावमा मुद्दा चल्न सक्ने अवस्थाको विद्यमानता हुन सक्दछ । यसको निम्ति अधिकार प्राप्त अधिकारी समक्षको बयानको दौरान वा म्याद थपको दौरान अदालतको अनुमति लिई प्रमाण पेस गर्न सक्ने व्यवस्था गर्न सकिने र मुद्दा चलेको खण्डमा अभियोग पत्र साथ उक्त प्रमाणसमेतलाई विश्लेषण गरी निर्णय गर्नुपर्ने र अदालतसमक्ष पेस गर्नुपर्ने व्यवस्था गर्न सकिने अवस्था रहेकोले यस्तो कानूनी व्यवस्था गरिएको अवस्थामा मात्र अभियुक्तले आफ्नो प्रमाण पेस गर्न पाई अभियोजनबाट सो प्रमाणलाई समेत आधार लिई मुद्दा चल्ने,नचल्ने निर्णय गर्ने,नगर्ने आधार प्राप्त हुने देखिन्छ ।यस अनुसार सम्बन्धित दफा संशोधनको लागि देहाय अनुसार नयाँ व्यवस्था थप गर्नुपर्ने देखिन्छः

(२) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः- "(८) बयान तथा सोधपुछको क्रममा अभियुक्तले आफ्नो जिकिर पुष्टि गर्न कुनै प्रमाण पेस गर्न चाहेमा निजले त्यस्तो प्रमाण पेस गर्न सक्नेछ।"

घ) **अनुसूची २ को मुद्दामा सरकारी वकिलले निर्देशन दिने सम्बन्धमा**ः अनुसूची २ का मुद्दामा समेत सरकारी वकीलले अनुसन्धानमा निर्देशन दिने र सुपरिवेक्षण गर्ने व्यवस्था थप गर्ने, (०७९-WH-००२६) मा अदालतबाट भएको निर्देशनात्मक आदेश अनुसार,साधक जाहेर सम्बन्धी कार्यीबिधि संहिताको दफा १४५(२) र न्याय प्रशासन ऐन, २०७३ को दफा १० को व्यवस्थामा एकरुपता कायम गर्नुपर्ने देखिएको छ ।

ङ) **विशेष अनुसन्धान जटिलता भएको वा धेरै प्रतिवादी भएको मुद्दामा अनुसन्धानको लागि म्याद थप गर्ने व्यवस्था हुनुपर्नेः**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ मा अनुसन्धानका लागि हिरासतमा राख्ने अबधि केही गम्भिर तथा जघन्य कसूरमा अदालतको अनुमित लिई १५ दिन थप गर्न सकिने गरी मिलाउने जस्तोः कर्तव्य ज्यान, बेपत्ता पारेको कसूर र जवर्जस्ती करणी तथा यातना आदि।

च) **एक वर्ष भन्दा कम सजाय हुने कसूर सँग सम्बन्धित मुद्दामा अनुसन्धानमा हिरासतमा राख्ने म्याद कम गर्ने सम्बन्धमाः**

एक वर्ष भन्दा कम सजाय हुने कसूर सँग सम्बन्धित अभद्र व्यवहार लगायतको मुद्दामा वारदातको प्रकृति अनुसार अहिले तोकिएको २५ दिन भन्दा कम समयमा अनुसन्धान गर्न सकिने नै भएकोले हाल सबै कसूरमा २५ दिनको समयाविधि रहेकोमा २५ दिन नै म्याद दिईएको अवस्थामा नागरिकले अनावश्यक भन्दा बढी थुनामा बस्नुपर्ने नहुने तथा नागरिकको शिघ्र न्यायको अपेक्षा पुरा हुने देखिन्छ । एक वर्ष भन्दा कम सजाय हुने अभद्र व्यवहार जस्तो कसूरको मुद्दा पनि धेरै दायर हुने भएको तथा यसको दुरुपयोग भई कसूरदारहरु अनाहकमा धेरै दिन थुनामा बस्न सक्ने सम्भावना रहने हुँदा प्रतिवन्धानात्मक वाक्याँश थपी अभद्र व्यवहारको कसूरमा १५ दिन सम्मको विशेष कानूनी व्यवस्था कायम गर्न उपयुक्त हुने देखिन्छ । यसको निम्ति प्रतिवन्धात्मक वाक्याँश थप गरी एक वर्ष भन्दा कम सजाय हुने कसूरमा १५ दिन म्याद दिनु श्रेयस्कर देखिन्छ । यस अनुसार देहाय अनुसार संशोधन हुनू पर्ने देखिएको छः

दफा १४ को उपदफा (६) मा देहायको प्रतिबन्धानात्मक वाक्याँश थप गरिएको छः- "तर एक वर्षसम्म कैद सजाय हुने कसूरमा हिरासतमा राख्ने आदेश पन्ध्र दिन भन्दा बढी हुने छैन ।

३.१.२ <u>पक्राउ पुर्जी सम्बन्धमा</u>

क) **पक्राउ पुर्जी जारी गर्नु पुर्व उपस्थिति हुने सुचनाको व्यवस्था गरिनुपर्नेः** जाहेरी दर्खास्त दर्ता हुने साथ सामान्यता पक्राउ पुर्जी जारी गर्ने परिपाटी भई झुट्टा जाहेरी भएको अवस्थामा समेत व्यक्ति पक्राउ परी अनावश्यक तवरमा केही दिनमा थुनामा रहनु पर्ने बाध्य अवस्था रहेको देखिएकोले गम्भिर कसूरबाहेक अन्य कसूरको अनुसन्धानको सम्बन्धमा प्रथमतः प्रहरीबाट 'उपस्थितिको सुचना( *Notice of Appearance*) दिइनुपर्ने भन्ने व्यवस्था राखिनुपर्ने देखिन्छ । नेपालको फौजदारी कार्यविधि सम्बन्धमा पक्राउ पुर्जीलाई अनिवार्यत नराखिएको भए तापनि स्पष्ट रुपमा जाहेरी सुचनाको सम्बन्धमा शंकितलाई बोलावट भई प्रारम्भिक बुझ्ने व्यवस्था नरहेको तथा म्याद थपको सम्बन्धमा अदालतले थुनाको औचित्यतता जाँच गर्ने परिपाटी बढी यान्त्रिक जस्तो रहेकोले ज्यादा जस्तो कसूरमा पक्राउ पुर्जी जारी भई अनाहकमा व्यक्ति थुनामा जानु पर्ने अवस्था रही व्यक्ति सम्मान तथा प्रतिष्ठामा चोट पुगेको पाइन्छ । यस्तो व्यवस्था राखिएमा फौजदारी न्याय

प्रणालिमा स्वच्छता, पारदर्शिता तथा नागरिकको हकको रक्षा हुने देखिन्छ । भारतको फौजदारी कार्यविधिमा पक्राउको सम्बन्धमा यस्तो प्रकृतिको व्यवस्था नभएकोमा त्यहाँको सर्वोच्च अदालतबाट Arnesh Kumar v. State of Bihar[6] को मुद्दामा दिइएको निर्देशन (Arnesh Kumar Guidelines) अनुरुप फौजदारी कार्यविधिमा Sec 41A[7] थप गरी 'Notice of Appearance' दिइने यस्तो व्यवस्था थप गरिएको पाइन्छ। यस्तो प्रकृतिको व्यवस्था भएको खण्डमा नेपालको कार्यविधि कानूनको सन्दर्भमा अग्रिम जमानत(Anticipatory Bail) को आवश्यकता रहेको भन्ने माग भईरहने सम्बन्धमा यस्तो प्रकृतिको व्यवस्थाले केही सम्बोधन गर्न सक्नेछ ।'उपस्थितिको सुचना' को लागि देहायको व्यवस्था प्रस्ताव गरिएको छ:

दफा ९ को उपदफा (८) पछि देहायको उपदफा (९) थप गरिएको छः-

"(९) कुनै पनि व्यक्तिले जघन्य वा गम्भिर कसूर गरेमा वा त्यस्ता कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएको कसूर वा त्यस्ता कसूरको अभियुक्तलाई लुकाएको वा भगाएकोमा बाहेक अन्य कसूरमा त्यस्ता व्यक्तिलाई पक्राउ पूर्व उपस्थितिको सूचना दिनु पर्नेछ।

तर त्यसरी सूचना दिँदा समेत उपस्थित नभएको अवस्थामा पक्राउ गर्न वाधा पर्न सक्ने छैन्।

### ३.१.२ मिलापत्र हुने प्रकृतिको फौजदारी मुद्दामा सामान्यत: पक्राउ पुर्जी जारी नगरिने गरी निषेधात्मक व्यवस्था राखिनुपर्ने:

व्यापारिक प्रकृतिको ठगी, आपराधिक विश्वासघात, आदि व्यक्ति व्यक्ति बीचको व्यक्तिगत बिगो भएको मिलापत्र हुने प्रकृतिको कसूरको सवालमा सामान्यता पक्राउ पुर्जी जारी

[6] 8 SCC 273

[7] 41A. Notice of appearance before police officer - (1) [The police officer shall] *[Inserted by the Code of Criminal Procedure (Amendment) Act, 2008 (5 of 2009), Section 6.]*, in all cases where the arrest of a person is not required under the provisions of sub-section (1) of Section 41, issue a notice directing the person against whom a reasonable complaint has been made, or credible information has been received, or a reasonable suspicion exists that he has committed a cognisable offence, to appear before him or at such other place as may be specified in the notice.
(2)Where such a notice is issued to any person, it shall be the duty of that person to comply with the terms of the notice.
(3)Where such person complies and continues to comply with the notice, he shall not be arrested in respect of the offence referred to in the notice unless, for reasons to be recorded, the police officer is of the opinion that he ought to be arrested.
(4)[ Where such person, at any time, fails to comply with the terms of the notice or is unwilling to identify himself, the police officer may, subject to such orders as may have been passed by a competent Court in this behalf, arrest him for the offence mentioned in the notice.] *[Substituted by Act No. 41 of 2010.]*

नगरिने भनी निषेधात्मक व्यवस्था वा माथि उल्लेख गरे बमोजिम उपस्थितिको सुचना दिइने छ भन्ने व्यवस्था राखिनु पर्ने देखिन्छ।

**३.१.३ म्याद थप तथा पक्राउ पुर्जी लगायतका स्वच्छ सुनवाईको सुनिश्चितताको लागि सरकारी वकिललाई प्रत्यक्ष जवाफदेही तथा उतरदायी के कसरी बनाउन सकिने भन्नेः**

सारमा वा अन्त्यमा नै स्वच्छ सुनवाईको सुनिश्चतताको लागि फौजदारी कार्यविधिको मुल्य मान्यतालाई प्रभावकारी कार्यान्वयन भएको सुनिश्चितताको लागि सरकारी वकिललाई थप जिम्मेवारी दिई पक्राउ पुर्जी गर्नुपर्ने आधार कारण मुद्दाको तथ्यगत अवस्था अनुसार खुलाउन लगाउने तथा म्याद थप गर्दा समेत आधार कारण खुलाउन लगाई स्वच्छ सुनवाई भएको सवालमा अदालत तथा अन्य सरोकारवाला प्रति जवाफदेही हुनुपर्ने देखिएको छ । सम्मानित सर्वोच्च अदालतबाट ने.का.प २०७६, निर्णय नं. १०२८१ बन्दीप्रत्यक्षीकरण मुद्दामा प्रतिपादित "..*फौजदारी न्याय प्रक्रियाको प्रत्येक चरणमा स्वच्छताको अपेक्षा रहने गर्दछ । जथाभावी जरूरी पक्राउ पुर्जी जारी गर्ने, थुनामा राख्दा अभियोग सम्बन्धमा प्रस्ट बेहोरा उल्लेख नगर्ने, हिरासतमा राख्ने अनुमति माग गर्दा तथा अनुमति प्रदान गर्दा कुनै उचित, तर्कसङ्गत वा वस्तुपरक कारण उल्लेख नगर्ने जस्ता काम कारबाहीको "रूप वा आवरणबाट" कानूनद्वारा निर्धारित प्रक्रिया पूरा गरेको जस्तो देखिए तापनि "सारमा वा अन्तर्यमा"* हेर्दा यस प्रकारको काम कारबाहीबाट कानूनी सर्त पूरा भएको मान्न सकिने अवस्था देखिन नआउने सिद्दान्त मननीय रहेको छ ।

फौजदारी न्यायको हकको कार्यान्वयन तथा म्याद थपको सम्बन्धमा सरकारी वकिललाई थप जिम्मेवारी बनाउनु आवश्यक रहेको देखिएकोले हालको मुलुकी अपराध संहिता, २०७४ को दफा १४(३) मा रहेको व्यवस्थालाई पुनर्लेखन गरी अभियुक्तलाई म्याद भन्दा बढी हिरासतमा राख्नु परेमा अनुसन्धान अधिकारीले त्यसको आधार र कारण खुलाई सरकारी वकिलको समक्ष पेस गर्नुपर्ने र सरकारी वकिलले हिरासतमा राखि अनुसन्धान गर्नु पर्ने आवश्यकता र औचित्यततालाई विचार गरी हिरासत राख्नुपर्ने भए आधार कारण खुलाई दिएको पत्र सहित अनुसन्धान अधिकारीले अदालतमा अनुमतिको लागि निवेदन दिनु पर्ने व्यवस्था राख्न सक्ने विकल्प रहेको छ । तथापि, फौजदारी कार्यविधि नियमावलीमा यसै प्रकृतिको व्यवस्था रही व्यवाहरत: कार्यान्वयन अपेक्षित रुपमा

नभईरहेकोले महान्यायाधिवक्ताको कार्यालयले यस सम्बन्धमा अनुगमन तथा निर्देशन गरी सरकारी वकिललाई म्याद थप गर्दाको अवस्थामा सक्रिय पुर्वक आवश्यकता र औचित्यता हेरी अदालतसमक्ष सोही अनुसार निवेदन दिने भन्ने तर्फ व्यवहारिक प्रयोग भएको सुनिश्चतताको लागि थप पहलकदमी लिनुपर्ने देखिन्छ । फलस्वरुप यसबाट अनुसन्धान प्रति सरकारी वकिल थप उतरदायी भई अनुसन्धानको दौरान हिरासतमा राख्नुपर्ने अवस्थामात्र राखिने र नागरिकको स्वतन्त्रताको हकको संरक्षण हुने देखिन्छ ।

## ३.२ अभियोजनको चरणमा

**क) अनुसूची-२ को अभियोगपत्र दायरको कार्यविधि सम्बन्धमा**

मुलुकी फौजदारी संहिताको दफा ४३ मा अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा अभियोगपत्रका रुपमा सम्बन्धित सरकारी वकीलले अदालतमा दायर गर्ने भन्ने कानूनी व्यवस्था भए तापनि व्यवहारमा अनुसूची-२ अन्तर्गतको मुद्दाको अभियोगपत्र सम्बन्धित निकायले नै दायर गर्ने गरेको हुँदा व्यवहार र कानूनमा भिन्नता हुन गएकाले सो तर्फ आवश्यक परिमार्जन गर्नुपर्ने देखिएको छ।

ख) **साना तिना १ वर्ष भन्दा कम कैद सजायको अभियोग दावीको कसूरमा आरोपितले कसूर स्वीकार गरेको अवस्थामा निजको सहमतिमा अभियोजन तीन दिन भित्रै र मुद्दा छिटो १ दिने मै टुङ्गयाउने गर्ने Speedy Trial Procedure को व्यवस्था गर्नुपर्नेः** Comparative Law अन्तर्गत जापानमा गरिएको यस्तो प्रकृतिको व्यवस्था अनुकरणीय रहेकोले ।[8] यस्तो अवस्थामा मुद्दाको तथ्यगत सवालमा आरोपितले पुनरावेदन गर्न नपाउने व्यवस्था गर्नु पर्ने देखिन्छ।

ग) **अभियोजन गर्नु पुर्व पुनस्थापकिय न्याय, मिलापत्र ,लगायतका वैकल्पिक प्रणालीलाई स-साना कसूर जस्तो अभद्र, साइभर अपराध आदिमा प्रयोग गर्न कानूनी व्यवस्था गरिनुपर्नेः** हालको अवस्थामा जाहेरी पश्चात् आरोपितलाई पश्चाताप् भएको र पीडित पनि सहमति भएको अवस्थामा मुद्दा मिलापत्र गराउनको लागि कानूनी व्यवस्था नभएको तथा पुनस्थापकिय न्यायलाई फौजदारी मुद्दाको अनुसन्धानको दौरान देखि नै अपनाउन कानूनी व्यवस्था तथा संरचनागत सुधार गर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा स-साना व्यक्तिगत सम्बन्धसँग सम्बन्धित

---

[8] Lesson from Japan: The Speedy Trial Procedure was introduced in October 2006 in order to enable prompt disposition of minor cases and early release of defendants. In 2017, speedy trial procedure was invoked for a total of 723 defendants, and the majority of the cases were for violations of the Stimulant Control Act and the Cannabis Control Act. https://www.unafei.or.jp/publications/pdf/CJSJ_2019/06chapter4.pd Accessed on June 04,2024.

मुद्दामा प्रतिवादीलाई पश्चाताप बोध भई पिडित सँग माफी मागेको अवस्थामा स-साना प्रकृतिको कसूरमा अभियोजन नगर्ने प्रकृतिको व्यवस्था राख्न सकेको खण्डमा मुद्दा दायर भएको अवस्थामा व्यक्तिलाई पर्न सक्ने मानसिक,आर्थिक र इज्जत प्रतिष्ठामा पर्न सक्ने हानिलाई कम गर्न सकिन्छ ।

घ) **अदालतको अनुमति लिई अभियोजनलाई स्थगन गर्ने (Suspension of Prosecution) लगायतको व्यवस्था गर्न सकिने:** पश्चाताप् गरेका अभियुक्त तथा पुन: त्यस्तै प्रकृतिको अपराध नगर्ने प्रतिबद्धता भएका स-साना कसूरमा अभियोजन स्थगन गर्ने कानूनी व्यवस्थाको प्रयोग गर्न सकिने भएकोले सानातिन कसूरको सम्बन्धमा[9] _अदालतको अनुमति लिई शंकित उपर अभियोजन गर्न नपर्ने भन्ने व्यवस्था राखिएमा अदालती कार्य बोझ कम रहन गई साना तिना भुलवश तथा अभियुक्तलाई पश्चाताप् भएको मुद्दामा मुद्दा नचलाउने आधार अवलम्बन गर्न सकिन्छ ।

ङ) **आर्थिक अपराधको सवालमा 'शर्तयुक्त अभियोजन' (Deferred Prosecution) गर्न सकिने:** राज्य तथा आर्थिक व्यवस्था विरुद्धको आर्थिक अपराध जस्तै राज्य चुहावट,सहकारी अपराध, आदि मुद्दामा तोकिएको समयाविधिमा बिगो तथा जरिवाना वापतको पचास प्रतिशत तिरेमा अदालतको अनुमति लिई अभियोजन नगरिने भनी व्यवस्था राखिएमा राज्य तथा पिडित व्यक्तिले पाउने हानी नोक्सानी बिगो छिटो पाउने तथा बिगो वापतको थप जरिवाना वा हर्जाना तिरी अभियुक्तले सजाय समेत कार्यान्वयन हुन सक्छ। 'Deferred Prosecution' (शर्तयुक्त अभियोजन) लाई अमेरिका, क्यानाडा लगायतमा संस्थागत फौजदारी दायित्व बहन गराउने सम्बन्धमा प्रयोग गरिदैं आएको छ ।यसको महत्वको बारेमा लेखक Bu,Q ले "*Deferred prosecution agreements (DPAs) provide an alternative enforcement tool to tackle economic crime. Prosecutors tailor punishment and remediation measures more accurately to satisfy the principles of prosecution. The companies in question can avoid criminal charges, provided that they comply with agreed terms and conditions. The use of DPAs is conducive to relieving collateral consequences, while being able to deter, punish and reshape corporate behavior. In principle, enforcement authorities can maximize the*

[9] जापानको फौजदारी कानूनमा रहेको यस्तो व्यवस्था "Suspension of Prosecution" बाट धेरैं कसुरमा Non-prosecution भई सफलतमा अभ्यास अन्तर्गत करिब ८० प्रतिशत मुद्दा अभियोजन नगर्ने गरिएको । SUSPENSION OF PROSECUTION - A JAPANESE LONGSTANDING PRACTICE DESIGNED TO SCREEN OUT OFFENDERS FROM PENAL PROCESS (FROM UNAFEI - REPORT FOR 1977 AND RESOURCE MATERIAL SERIES NO 15, 1978 - NCJ-58438) | Office of Justice Programs (ojp.gov). Accessed on June 04, 2024.

*leverage with criminal liability over companies to cultivate a robust corporate culture against bribery. It is argued that an effective global anti-bribery regime rests with not only transnational cooperation, but also adequate governance and rigorous compliance[10].”* गरेको विचार मननिय छ मुलत: आर्थिक अपराधको सवालमा प्रथमत: राजश्व चुहावट अन्तर्गतको कसूर र बैकिङ्ग कसूर तथा सजाय ऐन लगायतको ऐनहरुमा राखि त्यसको उपयोगिता विश्वलेषण गरी कार्यविधि संहितामा राख्न सकिने हुन्छ । त्यसको निम्ति, अन्तराष्ट्रिय अभ्यास तथा प्रचलन र नेपालको सन्दर्भमा यसको उपादेयता तथा नेपालको सन्दर्भमा सान्दर्भिकता हेरी विस्तृत अध्ययन हुनुपर्ने देखिएको छ ।

**च) <u>सजायको छुटको सम्बन्धमा थप स्पष्टता</u>:**

कार्यविधि संहिताको दफा ३३ मा भएको सजाय छुटको व्यवस्थालाई सरल र कार्यान्वयन योग्य बनाउन अनुसन्धान अधिकारीलाई सहयोग पुऱ्याउने अभियुक्तलाई सो सम्बन्धी कागज गराउने, सरकारी वकिल समक्ष उपस्थित गराउने र अनुसन्धान अधिकारी/अभियोजनकर्ताले त्यस्तो कागज प्रमाणित गर्ने र त्यस्तो कागज भएपश्चात् मात्र सो सम्बन्धी छुटका प्रकिया कार्यान्वयन गर्ने भन्ने व्यवस्था हाल निर्देशिकामा उल्लेख भएको त्यसको केही मुलभूत व्यवस्थाहरु ऐनमा नै उल्लेख गरेमा थप विश्वसनियता भई कार्यान्यवयनमा सहजता हुने अवस्था रहन्छ ।

मुलुकी अपराध संहितामा रहेको दफा ४७ मा '*अदालतलाई सघाउ पुऱ्याएको लागेमा*' भन्ने व्यवस्था रहेकोमा यदि अभियोजन पक्षबाट सजायको मागदावी नलिइएको अवस्थामा अदालतले सजायमा छुट दिन नमिल्ने भनी सर्वोच्च अदालतबाट व्याख्या भई सकेको हुँदा सो अनुरुप उक्त व्यवस्था परिमार्जन गर्नुपर्ने देखिन्छ ।

छ) **पर्याप्त प्रमाणको अभाव देखिएको अवस्थामा समेत पीडितले आफुलाई लागेको कसूरमा नै अभियोजन हुनू पर्ने भनी अपेक्षा राखि दवाव दिने समस्या रहेको**: पीडितको मुद्दा चलाउनुपर्ने भन्ने अपेक्षा र अभियोजनले मुद्दा चलाउन उपयुक्त नदेखेको अवस्थामा पीडितलाई अभियोजन

[10] Bu, Q. The Viability of Deferred Prosecution Agreements (DPAs) in the UK: The Impact on Global Anti-Bribery Compliance. *Eur Bus Org Law Rev* **22**, 173–201 (2021). https://doi.org/10.1007/s40804-021-00203-5, Accessed on June 04, 2024.

निर्णय उपरको उपचारबाट वञ्चित नगराउन अदालतबाट अनुमति लिई निजी अभियोजन[11] (Private Prosecution) को उपयुक्तता सम्बन्धमा पीडित तथा प्रतिवादी दुवैको अधिकारलाई मध्यनजर गरी पीडितको न्यायको हक तथा अभियोजनकर्ताको कानूनी कर्तव्य बीच सामाञ्जस्ता ल्याउनुपर्ने देखिएको छ । केही रिट निवेदनहरुबाट सरकारी वकिलको मुद्दा नचलाउने निर्णय उपर चुनौति दिइएको, अनशन तथा दवावमुलक कार्यक्रम गरी मुद्दा चलाउन बाध्य गरिएको घटना हुने गरेको र एकपटक सरकारी वकिलले मुद्दा नचलाउने गरी सकेको अवस्थामा फेरी मुद्दा चलाउँदा सरकारी वकिलको कार्यालयको अपनत्व अपेक्षित रुपमा नदेखिने भएकोले पीडितको कानूनी उपचारको हकको संरक्षण तथा अभियोजनकर्ताको प्रमाणको अपर्याप्ता र सार्वजनिक हितको ख्याल गरी मुद्दा नचलाउन सक्ने अधिकारको सामञ्जयस्ताको एक नविन विकल्पको रुपमा निजी अभियोजनको तवरमा पीडितलाई स्वयँ अभियोजन गर्न दिने अधिकार दिन सकिन्छ । हाल अपराध पीडित संरक्षण ऐन,२०७५ ले पीडितलाई मुद्दा दायर भइ सकेको अवस्थामा दफा २० मा निवेदन वा पुनरावेदन गर्न सक्ने व्यवस्था गरिसकेको सन्दर्भमा तथा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ३४(७) मा सानातिना कसूरमा मुद्दा निर्णय गरेकोमा त्यस्तो निर्णय उपर चित्त नबुझ्ने पीडित पक्षले आफ्नो तर्फबाट मुद्दा दायर गर्न सक्नेछ ।" भन्ने व्यवस्था गरिएकोले केही हदसम्म निजी अभियोजनको अभ्यासलाई हालको संहिताले पनि स्वीकार गरेको देखिन्छ ।तथापि, निजी अभियोजन गर्न सक्ने व्यवस्थाले हाल अपनाइएको अभियोजनात्मक प्रणालि तथा निजी अभियोजन गर्दाको अवस्थामा अनुसन्धान गर्नमा प्रहरीको के कस्तो भुमिका हुन्छ, के कस्तो कसूरमा छुट दिने भन्ने विविध पक्षमा अन्तराष्ट्रिय अभ्यास समेतलाई मनन् गरी गम्भिर मुल्याँङ्कन गरेर मात्र यसको उपादेयतामा निष्कर्षमा पुग्नू उपयुक्त देखिएकोले यस विषयमा थप अध्ययन गर्नुपर्ने देखिएको छ ।

[11] बेलायत लगायतका केही देशमा पीडितले अभियोजनको मुद्दा चलाउन नपर्ने अवस्थामा Private Prosecution को व्यवस्था गरिएकोले त्यस्तो प्रकृतिको कुनै व्यवस्था उपर नेपालको सन्दर्भमा उपयुक्ताको बारेमा मनन् गर्न सकिने ।
https://www.cps.gov.uk/legal-guidance/private-prosecutions Accessed on June 05,2024

३.३ <u>हदम्याद र अधिकारक्षेत्रको सम्बन्धमा</u>

**क) हदम्याद**:

- बहुविवाह लगायतका कसूरमा थाहा पाएको मिति÷ भन्नाले पिडित वा जाहेरवालाले थाहा पाएको भन्ने कुरा स्पष्ट हुनुपर्ने तथा सर्वोच्च अदालतबाट फरक फरक प्रकृतिको नजिर कायम भएकोले कानूनबाट स्पष्टता कायम गरिनुपर्ने देखिन्छ।
- संहिताको दफा २४८ मा चोरी मुद्दाको हदम्याद ६ महिना मात्र रहेकोले उक्त अवधिपछि चोरीको सामान सहित मानिस फेला परेमा कारवाही गर्न सम्स्या भएकोले सो अनुरुप परिमार्जन हुनुपर्ने देखिन्छ ।

**ख) <u>कसूरको प्रकृतिको आधारमा बहिक्षेर्त्रिय अधिकारक्षेत्रमा थप स्पष्टता</u>:**

बहिक्षेर्त्रिय अधिकार धेरैवटा कसूरमा खुल्ला गरिएको भए तापनि मुद्दा हुने अधिकार क्षेत्र प्रतिवादीको बसोबासको आधारमा कायम गरिएकोले पीडित भएको मुद्दामा प्रतिवादीको ठेगाना यकिन नभएकोमा अवस्थामा जाहेरी दिन कठिन हुने भएकोले पीडितको अधिकार समेतलाई ख्याल गरी पीडितको स्थायी बसोबास वा प्रतिवादीको स्थायी बसोबास वा प्रतिवादी पक्राउ परेको जिल्लामा मुद्दा कारवाही हुने गरी क्षेत्राधिकारको प्रवन्ध गर्न सकिन्छ ।

३.४. <u>**थुनछेक सम्बन्धमा**</u>

क) **थुनाको आधार कारण उल्लेख गर्नुपर्ने**:

गैरजमानतिय मुद्दामा समेत के कस्तो आधारमा थुनामा राखिनुपर्ने भन्ने आधार तथा जमानतिय कसूरमा समेत धरौट जमानत इन्कार गर्न सक्ने आधारहरु उल्लेख गरी अदालतको स्वविवेकिय निर्णयलाई सरलीकरण गरी मुद्दाको प्रकृति अनुसार गर्नु पर्ने अन्य शर्त बन्देज सम्बन्धमा कानूनको अभाव रहेको देखिन्छ । दफा ६७(१) को व्यवस्था ३ वर्ष भन्दा बढी कैद सजाय हुने मुद्दामा अनिवार्यतः थुनामा नै राख्नुपर्ने प्रकृतिको यान्त्रिक तरिकाको जस्तो देखिएको तथा अजमानतिय मुद्दामा कस्तो आधारमा थुनामा राख्न सकिने भन्ने आधार कारण उल्लेख हुनुपर्ने देखिन्छ ।कसूरको गम्भिरताको अतिरिक्ता कस्तो कस्तो अवस्थाहरु जस्तै प्रतिवादी भागि जाने सम्भावना (flight risk), प्रमाणहरुको छेडखानि (tampering of evidence) वा बकपत्र गर्दा प्रभावमा पार्न सक्ने, पीडित तथा समाजको सुरुक्षाको सुनिश्चतता, आदि भनी

वस्तुगत आधार कारण देखिएमा थुनामा राख्न सकिने हो भनी व्यवस्था राखिएमा अदालत तथा सरोकारवाला पक्षलाई थुनामा राख्नुपर्ने औचित्यता पुष्टि गराउने वस्तुगत आधारको सुनिश्चितता हुने र पक्राउ गर्दाको अवस्थामा आधार कारण उल्लेख भएकोमा थुना जस्तो व्यक्तिगत स्वतन्त्रताको हक हुने अवस्थामा नागरिकको फौजदारी न्यायको हक ,पिडितको सुरुक्षाको हक तथा सामाजिक शान्ति सुरक्षाको सुनिश्चितताको लागि आधार कारण उल्लेख गर्न वाञ्छनिय हुन्छ । अन्य देशको थुनछेक सम्बन्धी कानूनामा पनि यस्तो आधार उल्लेख गर्ने परिपाटी रहेको तथा नेपालको विशेष अदालत ऐनको थुनछेक सम्बन्धमा यस्तो प्रकृतिको व्यवस्था भए गरेकोले सामान्य कानूनको रुपमा रहेको कार्यविधि संहितामा समेत थुनामा राखु पर्ने कारण सम्बन्धमा व्यवस्था भएको खण्डमा 'थुना अपवादात्मकमा मात्र हुने ' (Bail is the rule) भन्ने सिद्दान्तको कार्यान्वयन हुने देखिन्छ।यसको निम्ति अदालत तथा मुद्दाको पक्षलाईलाई थुनछेक निर्धारणमा सहयोग होस् भन्ने हेतुले देहायको व्यवस्था राख्न प्रस्ताव गरिएको छः

दफा ७७ पछि देहायका दफा ७७क. र ७७ख. थपिएका छनः-

७७क. <u>थुनछेक आदेश गर्दा विचार गर्नुपर्नेः</u> यस परिच्छेद बमोजिम थुनछेक सम्बन्धमा निर्णय गर्दा अदालतले देहायका विषयलाई समेत विचार गर्नु पर्नेछः-

क) "अभियुक्त तत्काल भाग्न सक्ने सम्भावना (flight risk),

ख) प्रमाणहरुको छेडखानि (tampering of evidence) गर्न सक्ने पर्याप्त आधार,

ग) पीडितको बकपत्र गर्दा पीडितलाई प्रभावमा पार्न सक्ने अवस्था,

घ) अभियुक्तबाट पीडित तथा समाजलाई हुने जोखिमको अवस्था,

ङ) सार्वजनिक हित,

च) कसूर ठहर भएमा फैसला कार्यान्वयनको सुनिश्चतता।

ख) **अदालतमा कसूर स्विकार गरेकोलाई अनिर्वार्यतः थुनामा राख्नुपर्ने व्यवस्था पुनरावलोकन गर्नेः** मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७(२)मा — "*उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम कैदको सजाय हुन सक्ने अभियुक्तलाई देहायको अवस्थामा अदालतले पुर्पक्षको लागि तुनामा राख्न सक्नेछ भनी खण्ड (क) मा — अभियुक्तले अदालतमा कसूर स्वीकार गरेको र मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गर्दा*

*थुनामा राख्न मनासिब देखिएको* "भनी उल्लेख भएको अवस्था छ। सोही संहिताको दफा ३३ मा सजाय छुटको दाबी लिई अभियोगपत्र दायर गर्न सकिने प्रावधान सम्बन्धी व्यवस्था गर्दा उपदफा (३) को खण्ड(क) र (ख) मा सजाय छुटको दाबी लिनका लागि अभियुक्तले आफूले गरेको कसूरका सम्बन्धमा अनुसन्धानको क्रममा पूर्ण रुपमा कसूर स्वीकार गरेको हुनुपर्ने भनि उल्लेख गरी उपदफा (६) मा अभियुक्तले अदालतमा समेत कसूर स्वीकार गर्नुपर्ने भनी प्रतिवादी/ अभियुक्तको साबिति बयानलाई सजाय छुटको सुविधा पाउन अनिवार्य पूर्वशर्तको रुपमा राखेको छ। एकातर्फ संहिताले कसूर स्वीकार गर्न प्रोत्साहन हुने गरी सजाय छुटको कानूनी प्रावधानको व्यवस्था गरेको छ भने सो मर्म विपरित अर्को तर्फ कसूर स्वीकार गरेमा पुर्पक्षको क्रममा थुनामा बस्नपर्ने अवस्थाको सृजना गरेबाट दुई कानूनी प्रवाधान विरोधाभाषपूर्ण देखिएकोले सो कानूनी व्यवस्था संशोधन हुनू पर्ने देखिएको छ ।

ग) **थुनछेकको आदेशको दौरान के कस्तो शर्त राख्ने भन्ने स्पष्ट व्यवस्था हुनुपर्ने;** थुनछेकको दौरानमा मुद्दाको प्रकृतिको आधारमा राहदानी रोक्का गर्ने, पीडित रहे,बसेको ठाउँ वरिपरि नजाने, Gag Order आदि अन्य शर्त बन्देजमा धरौटीमा छाड्ने अवस्था हुनेमा के कस्तो शर्त अदालतले राख्न पाउने भन्ने स्पष्टतन नभई केही मुद्दामा अदालतको अन्तर्निहितको आधारमा भईरहेको पाइएकोले के कस्तो शर्त हुन सक्दछ भनी केहि स्पष्ट व्यवस्था गर्न सकिने । ।यसको निम्ति अदालत तथा मुद्दाको पक्षलाईलाई थुनछेक निर्धारणमा सहयोग होस् भन्ने हेतुले देहायको व्यवस्था राख्न प्रस्ताव गरिएको छः

७७ख. <u>अदालतले थप आदेश दिन सक्नेः</u> थुनछेकको दौरानमा मुद्दाको प्रकृतिको आधारमा अदालतले अभियुक्तको राहदानी रोक्का गर्ने, पीडित रहे, बसेको ठाउँ वरिपरि नजाने, पीडितसँग कुनै पनि प्रकारको सम्पर्क स्थापित नगर्ने, मुद्दासँग सम्बन्धित विषयमा कुनै पनि माध्यमबाट सुचना सम्प्रेषण नगर्ने आदेश (Gag Order) वा अदालतले आवश्यक देखेको अन्य उपयुक्त शर्त तोक्न सक्नेछ।

घ) **थुनछेकको आदेश उपर निवेदन दिने समयाविधि किटान हुनुपर्नेः**

संहिताको दफा ७३ मा थुनछेक वा तोकिएको धरौट, जमानत वा बैङ्क जमानतमा चित्त नबुझ्ने पक्षले पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्ने कानूनी प्रावधानको व्यवस्था गरे तापनि कति समयभित्र सो निवेदन दर्ता गर्नुपर्ने हो सोको उल्लेख नभएको हुँदा मुद्दाको

कारबाही नै प्रभावित हुने गरी लामो समयसम्म पनि थुनछेक आदेश उपर निवेदन पर्ने गरेको हुँदा कानूनमा नै निवेदन दिन सकिने समय अवधि तोक्दा उपयुक्त हुन देखिन्छ। यसको निम्ति अदालत तथा मुद्दाको पक्षलाईलाई थुनछेक निर्धारणमा सहयोग होस् भन्ने हेतुले देहायको व्यवस्था राख्न प्रस्ताव गरिएको छः

दफा ७३ को,

(१) दफा शिर्षक पछि "१" राखिएको छ।

(२) उपदफा (१) पछि देहायको उपदफा (२) थप गरिएको छः-

(२) उपदफा (१) बमोजिमको निवेदन पक्षले आदेश भएको मितिले तीन महिना भित्र पुनरावेदन सुन्ने अदालतमा दिनु पर्नेछ ।

## ३.५ प्रमाण बुझ्ने कार्य

### क) साक्षी बुझ्ने कार्यविधि सम्बन्धी:

संहिताको दफा १०९ मा श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न सकिने कानूनी व्यवस्था रहेको छ । तर श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी के कसी बुझ्ने सोको निश्चित कार्यविधि रहेको नहुँदा खासगरी विदेशमा रहेका साक्षीलाई श्रव्य-दृश्यका माध्यमबाट बुझ्न अदालत समेत अनुच्छुक रहेको देखिएको छ ।

### ख) दफा ११२ को व्यवस्था :

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ मा नबुझी नहुने साक्षीलाई मुद्दाको पक्षले निवेदन दिएमा मात्र बुझ्न सकिने ब्यवस्था रहेकाले अदालतले आवश्यक ठानेमा समेत बुझ्न सक्ने कानूनी ब्यवस्था राख्न उपयुक्त हुने देखिन्छ। फौजदारी न्याय प्रणाली बढी प्रतिद्न्दात्मक प्रणाली(Adversarial System) उन्मुख हुँदै गएको अवस्थामा मुद्दाको सत्यता भन्दा पक्षको अवस्थाको कारणबाट बढी मुद्दाको परिणाममा प्रभाव हुने भएकोले अध्ययन गरी अन्वेषाणात्मक प्रणालीका केही पक्षलाई कायम राख्नुपर्ने देखिएको ।12 नबुझी

[12] Inquisitorial systems often have careful procedures for verifying and recording evidence, particularly witness statements and statements of the accused. In classic inquisitorial procedure, there are no parallel investigations. The defense, the prosecutor in those systems that use investigating judges, and the victim may nominate proofs—that is, suggest that certain witnesses be interviewed, physical evidence found, and tests run. Typically, the investigator must respond to these requests in writing, and in some systems, a denial is appealable.( https://studentbriefs.law.gwu.edu/ilpb/2021/10/21/the-inquisitorial-advantage-in-criminal-procedure/) ; विविध प्रतिदन्दात्मक फौजदारी न्याय प्रणाली अपनाइएको देशमा फौजदारी न्याय प्रणाली सुदढ बनाउन अन्वेषाणात्मक प्रणालीका केहि पक्ष अपनाउन थालिएको

नहुने साक्षीलाई उपस्थित गराउन मुद्दाको पक्षले निवेदन नै दिनपर्ने अनिवार्यताले अदालतले आफैं साक्षी बुझ्न सक्ने बाटो बन्द गरिदिएको अवस्था छ। तसर्थ नबुझी नहुने साक्षीको हकमा अदालतले मनासिब लागेमा आफैं पनि त्यस्तो साक्षी बुझ्न सक्ने व्यवस्था कानूनमा राख्न उपयुक्त देखिन्छ ।यस अनुसार देहायको व्यवस्था राख्न प्रस्ताव गरिएको छः

दफा ११२ को उपदफा २ मा रहेका साक्षी बुझ्नु पर्ने देखेमा " भन्ने शब्दहरूको सट्टा "साक्षी बुझ्नु पर्ने देखेमा वा ***अदालतलाई कुनै साक्षी नबुझी नहुने भन्ने लागेमा*** " भन्ने भन्ने शब्दहरु थपिएका छन् ।

## ३.६. मुद्दाको कारवाहीको दौरान

**क. एक वर्ष भन्दा कम कैद सजाय भएको अवस्थामा प्रतिवादीको वारदात गर्दाको परिस्थिति हेरी कैदको विकल्पको रुपमा सुधारात्मक कानूनी व्यवस्थाको अभावः**

मुलुकी फौजदारी संहिता, २०७४ को पहिला रहेको दफा १५५ मा "*प्रचलित कानून बमोजिम एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी कैदको सजाय भएको कसूरदारलाई अदालतले कैदमा राख्नुको सट्टा त्यस्तो कैद बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहर्याएमा त्यस्तो रकम लिई कैदमा बस्नु नपर्ने आदेश दिन सक्नेछ*" भनी व्यवस्था गरेको छ।साविक संशोधित हुनू पुर्वको दफा १५५ को व्यवस्थाले कम कैद भएको धेरै कसूरमा आकर्षित हुने भएकोमा हाल कायम रहेको व्यवस्था थोरै अवस्थामा मात्र आकर्षित हुने प्रकृतिको रहेकोले दफा १५५ को साविकको प्रयोजनको सुधारात्मक न्यायको महत्वलाई ख्याल कम गम्भिरता रहने कसूरको मुद्दामा अदालतले केही अवस्थाहरुको मुल्याङ्कन गरी दिइने तजबिजी व्यवस्थाको रुपमा राख्न उपयुक्त हुने देखिन्छ । यसमा हालको व्यवस्था भन्दा यस पुर्वको १ वर्षको सजाय भएको अवस्थामा गम्भिर प्रकृतिका कसूरका प्रतिवादीहरुले पनि यस सम्बन्धि सुविधा पाउन सक्ने देखिएकोले हालको व्यवस्था संशोधन गरी 'सामान्य कसूर' अन्तर्गत 'तीन वर्ष'सम्म कसूर हुने प्रकृतिको मुद्दामा लागू हुने भनी उल्लेख गर्नु श्रेयस्कर देखिन्छ । यस अतिरिक्त यस विषयमा सर्वोच्च अदालतले रइन श्रेष्ठले समेत व्याख्या गरेको अवस्थामा यो कानूनी प्रावधानलाई अझ स्पष्ट हुने गरी केही अवस्थाहरुमा निषेध गर्न सकिने हुन्छ ।

---

https://law.rutgers.edu/sites/law/files/attachments/Ferguson%20-%20Reforming%20Criminal%20Procedure%20%20Should%20Adversarial%20Systems%20of%20Justice%20Become%20More%20Like%20Inquisitorial%20Ones.pdf Accessed on June 04,2024.

यस्तो निषेधात्मक अवस्थाहरुमा मुद्दाको अनुसन्धान र न्यायिक कारवाही हुँदा फरार रहेको कसूरदारलाई नदिइने भन्ने कानूनी व्यवस्था राख्न उपयुक्त देखिन्छ । यस अनुसार देहायको व्यवस्था राख्न प्रस्ताव गरिएको छः

दफा १५५ को,-

(१) उपदफा (१) मा रहेका "एक वर्ष वा एक वर्षभन्दा कम" भन्ने शब्दहरूको सट्टा "तीन वर्ष वा तीन वर्षभन्दा कम" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

" (१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको अनुसन्धान र न्यायिक कारबाही हुँदा फरार रहेका कसूरदारलाई त्यस्तो सुवुधा दिइने छैन्। उपदफा (५) मा रहेका "एक वर्ष वा एक वर्षभन्दा कम सजाय पाई" भन्ने शब्दहरूको सट्टा "तीन वर्ष वा तीन वर्षभन्दा कम सजाय हुने कसूरमा सजाय पाई" भन्ने शब्दहरू राखिएका छन्।

**ख) अदालतले अभियोजनको दावी भन्दा फरक कसूरमा कसूरदार ठहर निर्धारण गर्ने गरेको:** अभियोजनले लगाएको आरोप(charge) को कसूर भन्दा फरक कसूरमा अदालतले कसूरदार ठहर गर्ने अभ्यास रहेको छ । त्यस सम्बन्धमा कुनै कानूनी व्यवस्था नभएको र यसले गर्दा प्रतिवादीले उक्त कसूरको तत्वको सम्बन्धमा आफ्नो सफाई पेश गर्न नपाएको र अभियोजनले पनि उपयुक्त कसूरमा किन आकर्षित हुँदैन भनी जिकिर पेस गर्न सकेको अवस्था देखिदैंन । यस्तो अवस्थामा सो तर्फ ध्यान नपुगेकोले त्यसबाट आरोपितले उपयुक्त कसूर निर्धारण गर्न;भारतको फौजदारी संहिताको CrPC Sec 216[13] मा कानूनी व्यवस्था रहेकोमा

[13] **Section 216 in The Code of Criminal Procedure, 1973**

**216. Court may alter charge.**

(1)Any Court may alter or add to any charge at any time before judgment is pronounced.(2)Every such alteration or addition shall be read and explained to the accused.(3)If the alteration or addition to a charge is such that proceeding immediately with the trial is not likely, in the opinion of the Court, to prejudice the accused in his defence or the prosecutor in the conduct of the case, the Court may, in its discretion, after such alteration or addition has been made, proceed with the trial as if the altered or added charge has been the original charge.(4)If the alteration or addition is such that proceeding immediately with the trial is likely, in the opinion of the Court, to prejudice the accused or the prosecutor as aforesaid, the Court may, either direct a new trial or adjourn the trial for such period as may be necessary.(5)If the offence stated in the altered or added charge is one for the prosecution of which previous sanction is necessary, the case shall not be proceeded with until such sanction is obtained, unless sanction has been already obtained for a prosecution on the same facts as those on which the altered or added charge is founded.

हाम्रो फौजदारी संहिता  त्यससम्बन्धमा कानूनी व्यवस्था नरहेकोले यस्तो व्यवस्थाको उपयोगिता तथा आवश्यक्तामा थप अध्ययन गरी  राख्नुपर्नेमा के कस्तो व्यवस्था राख्ने भन्ने थप थप अध्ययन हुनू पर्ने देखिन्छ।

ग) **सरकारवादी फौजदारी मुद्दाको फैसलाहरु कहिले सम्म अदालतले जानकारी दिनु पर्ने भनी स्पष्ट कानूनी व्यवस्था नरहेकोले ढिलो गरी जानकारी प्राप्त हुन सक्ने अवस्था रहेकोले मुद्दामा अनुचित ढिलाई हुन सक्ने अवस्था रहेको** ।निश्चित जस्तै फैसला प्रमाणिकरण भएको एक महिना भित्र फैसलाको प्रतिलिपि सहितको जानकारी दिनु पर्ने भनी स्पष्ट कानूनी व्यवस्था गरिनु वाञ्छनीय देखिएको छ ।

घ) **मिलापत्रको मुद्दाको दायरा विस्तार तथा  मुद्दाको परिणामको सम्बन्धमा स्पष्ट व्यवस्था हुनुपर्नेः** दफा ११७ अनुसार अदालतबाट नेपाल सरकार वादी हुने मुद्दा मिलापत्र भईरहेकोमा यसबाट मुद्दा छिटो तवरले टुङ्गग्याउन तथा पक्षहरुलाई पनि चाँडो न्याय प्राप्तिमा सहजता प्राप्त भएकोले यसको कार्यक्षेत्र विस्तार हुनुपर्ने देखिन्छ  ।साथै,मिलापत्र भए पश्चात्को परिणाम के हुने भन्ने सम्बन्धमा मुद्दा अन्त्य हुने र फैसलाले लागेको दण्ड जरिबाना समेत समाप्त भएको मानिने व्यवस्था गर्न वाञ्छनिय देखिन्छ ।

ङ) **अनुसूची  ३ र  ४ को कार्यविधिको विस्तृतीकरण सम्बन्धमा**

**अनुसूची ३**

अनुसूची तीन अन्तर्गतका कसूरको कारबाही कार्यान्वयन गर्ने कार्यविधिमा केही व्यवस्था नभएकोले प्रकृयागतमा रुपमा  निर्धारण गरी स्पष्टता ल्याउनु पर्ने।

**अनुसूची ४**

कार्यविधि संहिताले सबै अनुसूचि अन्तर्गतको कार्यविधिको लागि एकै प्रकृतिको जस्तो कार्यविधिको व्यवस्था गरेकोले अनुसूचि-४ अन्तर्गतमात्र आकर्षित हुने अवस्थाहरुको लागि वारेश राख्ने लगायतको व्यवस्थाको सम्बन्धमा देवानी कार्यविधि संहितासँग सामञ्जसय हुने व्यवस्थाहरु राखि पुनरावलोकन हुनू पर्ने देखिएको छ । यसमा केही सुधार गर्नुपर्ने देखिएको अनुसूची ४ का मुद्दाहरुमा वादी प्रतिवादीले तारेख गुजारेमा डिसमिस गर्ने,नगर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था हुनुपर्ने देखिन्छ ।

## च) पुनरावेदन फिर्ता तथा पुनरावेदनको सुचना सम्बन्धमा

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ क.मा नेपाल सरकार वादी हुने मुद्दामा पुनरावेदक प्रतिवादीले पुनरावेदन फिर्ता लिने कानूनी व्यवस्था हुनुपर्ने देखिन्छ। फौजदारी मुद्दामा फैसला गर्दा वा फैसला तयार हुँदा हार्ने पक्षलाई पुनरावेदन म्याद दिने वा नदिने बारेमा संहितामा अस्पष्टता रहेकोले फरक फरक अभ्यास रही कसैले पुनरावेदन म्याद दिने र कसैले कानून अनुसार जनाउ मात्र दिने अभ्यास रही आएको परिप्रेक्ष्यमा पुनरावेदन म्याद दिने कुरालाई स्पष्ट लेखिनुपर्ने देखिन्छ।
- फैसला प्रमाणिकरण पश्चात् जानकारीको समयाविधि सुरु हुनुपर्ने: फैसला भई प्रमाणिकरण भएको मितिले १ वर्ष कायम गर्नुपर्ने र यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट गाण्डिव काफ्लेको बन्दी प्रत्यक्षीकरणको सम्बन्धमा स्पष्ट मार्गदर्शन गरेको पाइन्छ ।
- **फैसला प्रमाणिकरण भएको २१ दिन भित्रमा अनिवार्य सूचना दिनुपर्ने:** अदालतबाट फैसला प्रमाणिकरण भएको मितिले २१ दिन भित्र वादी नेपाल सरकारलाई फैसलाको जानकारी दिनुपर्ने व्यवस्था गरिनुपर्ने देखिन्छ ।

## ३.७ फैसलाको कार्यान्वयन सम्बन्धमा :

### १. निजी बिगो र क्षतिपुर्तिको सम्बन्धमा

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५(२) मा निजि विगो वा क्षतिपूर्ति वुझाउनलाई ६ महिनाको समय दिइएको छ। फैसला अन्तिम भएपछि निवेदन दिन सक्ने व्यवस्था कायम गर्नु पर्ने देखिन्छ।
- चेक अनादर, बैङ्किङ कसूर जस्ता विगो भराईपाउने फौजदारी मुद्दामा फैसला कार्यान्वयन गर्दा प्रतिवादीले रकम नतिरे वापत कैदमा राख्दा सिधा खर्च नेपाल सरकारले तिर्नुपर्ने दफा १६५ को व्यवस्थामा परिमार्जन गरी सो खर्च व्यक्तिले वेहोर्नुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### २. बिगो भराउने कुराको प्राथमिकताको सम्बन्धमा

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६६ मा प्रतिवादीको धरौटबाट असूल गर्ने प्राथमिकता क्रम निर्धारण गर्दा क्षतिपूर्तिलाई तेश्रो प्राथमिकता दिइएको छ।

भने अपराध पीडित संरक्षण ऐन, २०७५ ले क्षतिपूर्तिलाई पहिलो प्राथमिकता दिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको सन्दर्भमा प्राथमिकता क्रम परिवर्तन गरी क्षतिपूर्तिलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

## ३.८ अन्य परिभाषा खण्डमा गरिनुपर्ने संशोधन सम्बन्धमा:

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (त) मा सरकारी वकिलको परिभाषामा सहायक न्यायाधिवक्ता थप गर्नपर्ने देखिन्छ।

कसूरदार र अभियुक्तको परिभाषा नरहेको: दफा २ को खण्ड (ङ) पछि (ङ१) थप गर्नेः (ङ१) "कसूरदार" भन्नाले मुलुकी अपराध संहिता २०७४ वा प्रचलित कानून बमोजिमको कसूरमा अदालतबाट दोषी ठहर भएको व्यक्ति सम्झनु पर्छ भन्ने व्यवस्था राखिनुपर्ने। तथा "अभियुक्त" भन्नाले अदालतबाट कुनै कसूरमा दोषी ठहर भई नसकेको अभियोग लागेको व्यक्ति सम्झनु पर्छ। भन्ने व्यवस्था राख्नुपर्ने।

## ४.४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा गर्नु पर्ने सुधारहरू( तीन महले)

| क्र.सं | हालको व्यवस्था | संशोधनमा प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| १ | नयाँ व्यवस्था थप | दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-<br>“(ङ१) "कसूरदार" भन्नाले<br>मुलुकी अपराध संहिता २०७४ वा प्रचलित कानून बमोजिमको कसूरमा अदालतबाट दोषी ठहर भएको व्यक्ति सम्झनु पर्छ।“ | कसूरदारको परिभाषा थप गर्न आवश्यक भएकोले। |
| २ | नयाँ व्यवस्था थप | दफा २ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-<br>"(ग१) "अभियुक्त" भन्नाले<br>अदालतबाट कुनै कसूरमा<br>दोषी ठहर भई नसकेको अभियोग लागेको व्यक्ति सम्झनु पर्छ।" | अभियुक्तको परिभाषा थप गर्न आवश्यक भएकोले। |
| | (त) “सरकारी वकिल” भन्नाले महान्यायाधिवक्ता, नायव महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला | दफा २ को खण्ड (त) मा रहेका “जिल्ला न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायधिवक्ता सम्झनु पर्छ” भन्ने शब्दहरूको सट्टा “जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ता वा सहायक | दफा २ को खण्ड (त) मा सरकारी वकिलको परिभाषामा सहायक न्यायाधिवक्ता थप गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता सम्झनु पर्छ र सो शब्दले महान्यायाधिवक्ताबाट सरकारी वकिलको हैसियतमा काम गर्न तोकिएको अधिकृतलाई समेत जनाउँछ । | न्यायाधिवक्ता सम्झनु पर्छ ।" भन्ने शब्दहरू राखिएका छन्। | |
| ३ | नयाँ व्यवस्था थप | दफा ४ को उपदफा १० पछि देहायको उपदफा (११) थपिएको छः-<br>"(११) उपदफा (१) बमोजिम दिइएको जाहेरी दरखास्त वा सूचनाको सम्बन्धमा प्रहरी कार्यालयले मनासिब आधार कारण उल्लेख गरी त्यस्तो जाहेरी दरखास्त वा सूचना दरपिठ गर्न सक्नेछ। यसरी दरपीठ गरिएको जानकारी जाहेरवालालाई दिनु पर्नेछ।" | झुट्टा जाहेरी दिने प्रवृतिलाई निरूत्साहित गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| ४ | ५. <u>जाहेरी दरखास्त वा सूचना दर्ता नगरेमा उजुर गर्न सक्नेः</u><br>(२) उपदफा (१) बमोजिमको उजुर प्राप्त भएमा सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा प्रहरी कार्यालयले त्यसको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ । | **दफा ५ को,-**<br>**(१) उपदफा (१) मा रहेका** "प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा" भन्ने शब्दहरूको सट्टा "प्रहरी कार्यालयले दरपीठ गरेमा" भन्ने शब्दहरू राखिएका छन्।<br><br>(२) उपदफा (२) मा रहेका "प्रहरी कार्यालयमा पठाउनु पर्नेछ" भन्ने शब्दको सट्टा "प्रहरी कार्यालयमा पठाउन वा दरपीठ आदेश मनासिब देखिएमा सदर गर्न सक्नेछ।" भन्ने शब्दहरू राखिएका छन्। | माथिल्लो तहको निकायले उजुरीमा कुनै विचार वा निर्णय नै नगरी तुरुन्त दर्ता गर्न पठाउँनु पर्ने व्यवस्था उचित नभएको।<br><br>जाहेरी वा कसूरको सूचना लिन पर्ने वा नपर्ने निर्णय गरी निर्देशन दिने व्यवस्था हुनु पर्ने |
| ५ | ८. <u>अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्नेः</u> (१) अनुसूची–१ मा उल्लिखित कुनै कसूर भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी | दफा ८ को उपदफा (१) मा रहेक "प्रहरी नायब निरीक्षक" भन्ने शब्दहरूको सट्टा "प्रहरी सहायक निरीक्षक" भन्ने शब्दहरू राखिएका छन्। | हाल कार्यविधि संहिताको दफा ८ मा कम्तीमा प्रहरी नायब निरीक्षकले खानतलासी लिन सक्ने प्रावधान रहेकोमा सोलाई संशोधन गरी प्रहरी सहायक निरीक्षकले खानतलासी लिन सक्ने व्यवस्था गर्न उपयुक्त हुने। |

| | | | |
|---|---|---|---|
| | कार्यालयले यथाशिघ्र कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोकी त्यसको जानकारी सम्बन्धित सरकारी वकिल कार्यालय र आफूभन्दा माथिल्लो प्रहरी कार्यालयलाई दिनु पर्नेछ र त्यसरी तोकिएको अनुसन्धान अधिकारीले त्यस्तो कसूरको अनुसन्धान गर्नु पर्नेछ। | | |
| ६ | नयाँ व्यवस्था थप | दफा ९ को उपदफा (८) पछि देहायको उपदफा (९) थप गरिएको छः- "(९) कुनै पनि व्यक्तिले जघन्य वा गम्भिर कसूर गरेमा वा त्यस्ता कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएको कसूर वा त्यस्ता कसूरको अभियुक्तलाई लुकाएको वा भगाएकोमा बाहेक अन्य कसूरमा त्यस्ता | **पक्राउ गर्नु पुर्व उपस्थितिको सुचना**(*Notice of Appearance*) दिइनुपर्ने भन्ने व्यवस्था राखिनुपर्ने; मिलापत्र हुने प्रकृतिको फौजदारी मुद्दामा सामान्यत: पक्राउ पुर्जी जारी नगरिने गरी निषेधात्मक व्यवस्था राखिनुपर्ने; गम्भिर कसूरबाहेक अन्य कसूरको अनुसन्धानको सम्बन्धमा प्रथमत: |

| | | | |
|---|---|---|---|
| | | व्यक्तिलाई पक्राउ पूर्व उपस्थितिको सूचना दिनु पर्नेछ।<br>तर त्यसरी सूचना दिँदा समेत उपस्थित नभएको अवस्थामा पक्राउ गर्न वाधा पर्ने छैन्। | प्रहरीबाट '**उपस्थितिको सुचना**( *Notice of Appearance*) राख्न<br>जघन्य वा गम्भिर कसूर गरेमा वा त्यस्ता कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएको कसूर वा त्यस्ता कसूरको अभियुक्तलाई लुकाएको वा भगाएकोमा बाहेक अन्य कसूरमा त्यस्ता व्यक्तिलाई पक्राउ पूर्व उपस्थितिको सूचना दिनु पर्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| ७ | ११.<u>भ्रमपूर्ण, झुट्टा वा काल्पनिक सूचनालाई तामेलीमा राख्न सकिने</u>: (१) अनुसूची–१ वा अनुसूची–२ मा उल्लिखित कुनै कसूरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त वा सूचनाका सम्बन्धमा सम्बन्धित व्यक्ति वा जाहेरवाला समेतलाई बुझ्दा त्यस्तो दरखास्त वा सूचना | दफा ११ को उपदफा (१) मा रहेका "तीन दिनभित्र" भन्ने शब्दहरूको सट्टा " आधारभूत जाँचबुझ गरी सात दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्। | अनुसन्धान अधिकृतले झुठ्ठा भ्रमपूर्ण र काल्पनिक सुचना तामेलीमा राख्न तीन दिन भित्र सरकारी वकिलसमक्ष प्रतिवेदन पठाउनु पर्ने व्यवस्था समय अवधि तीन दिन कम रहेकोले आधारभुत जाँचबुझ गरी प्रतिवेदन पठाउन सक्ने व्यवस्था गर्नुपर्ने। |

| | | | |
|---|---|---|---|
| | भ्रमपूर्ण, झुट्टा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा सम्बन्धित प्रहरी कार्यालय वा सम्बन्धित अनुसन्धान अधिकारीले सोही कुरा खुलाई सामान्यतया तीन दिनभित्र सम्बन्धित सरकारी वकिल कार्यालयमा प्रतिवेदन पठाउनु पर्नेछ । | | प्राप्त सुचना वा जाहेरी माथि आधारभुत जाँचबुझ गरी झुट्ठा भ्रमपूर्ण र काल्पनिक देखिएमा तामेलीमा राख्न सात दिन भित्र सरकारी वकिल समक्ष प्रतिवेदन पठाउनु पर्ने व्यवस्था गर्ने। |
| ८ | १४. अनुसन्धानको लागि हिरासतमा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यविधिः<br>(३) कुनै व्यक्तिलाई उपदफा (१) मा लेखिएको म्यादभन्दा बढी हिरासतमा राख्नु परेमा अनुसन्धान अधिकारीले त्यसको आधार र कारण खुलाई | दफा १४ को उपदफा (६) मा देहायको प्रतिबन्धानात्मक वाक्यांँश थप गरिएको छः-<br>"तर एक वर्षसम्म कैद सजाय हुने कसूरमा हिरासतमा राख्ने अवधि पन्ध्र दिन भन्दा बढी हुने छैन।" | एक वर्ष सम्म सजाय हुने कसूरसँग सम्बन्धित अभद्र व्यवहार लगायतको मुद्दामा वारदातको प्रकृति अनुसार प्रमाण संकलन गर्न र हिरासतमा राख्ने अवधि २५ दिन भन्दा कम भएमा पनि अनुसन्धान गर्न सकिने भएकोले। |

| | | | |
|---|---|---|---|
| | सरकारी वकिल कार्यालय मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ । | | |
| ९ | १६. <u>बयान लिने र सोधपुछ गर्नेः</u><br><br>नयाँ व्यवस्था थप | दफा १६ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-<br>"(२क) उपदफा (१) बमोजिम बयान लिनु अघि अभियुक्तलाई कसूर गर्न अन्य व्यक्ति संलग्न रहे वा नरहेको, संलग्न रहेको भए त्यसको प्रमाण तथा विवरण खुलाउन र निजले कसूर गरेको भए सो कुरा स्वीकार गरी प्रमाण जुटाउन र अनुसन्धान गर्न, अभियोजन पक्षलाई सहयोग गरेमा अभियोजन पक्षले दफा ३३ बमोजिम सजाय छुट दिई अभियोजन गर्न सक्ने सूचना अनुसूची-१०क. को ढाँचामा लिखित जानकारी गराउनु पर्नेछ।"<br>(२) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः- | सजायमा छुट सम्बन्धमा अभियुक्तलाई लिखित जानकारी दिई सजायमा छुटको सुनिश्चितता गर्न<br><br>हाल कानूनमा अनुसन्धानको दौरानमा आरोपितलाई आफ्नो प्रतिरक्षात्मक प्रमाण पेश गर्न चाहेमा के कसरी प्रमाण पेस गर्ने भन्ने स्पष्टतः कानूनी व्यवस्था नरहेकोले मुद्दा चल्न नपर्ने आरोपितहरु समेत प्रमाण पेस गर्ने मौका दिनु पर्ने। |

| | | | |
|---|---|---|---|
| | | "(८) बयान तथा सोधपुछको क्रममा अभियुक्तले आफ्नो जिकिर पुष्टि गर्न कुनै प्रमाण पेस गर्न चाहेमा निजले त्यस्तो प्रमाण पेस गर्न सक्नेछ।" | |
| १० | नयाँ व्यवस्था थप | दफा २४ पछि देहायको दफा २४क. थपिएको छः-<br>"२४क. <u>सूचना माग गर्न सक्नेः</u> (१) कुनै कसूरको अनुसन्धानको सिलसिलामा दुरसञ्चार सेवा प्रदायकसँग कुनै सूचना वा विवरण माग गर्न आवश्यक देखिएमा अनुसन्धान गर्ने निकायको कार्यालय प्रमुखले प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको प्रमुखको स्वीकृति लिई दुरसञ्चार सेवा प्रदायक निकायसँग आवश्यक सूचना माग गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम सूचना माग भई आएमा दुरसञ्चार सेवा प्रदायक निकायले तत्काल त्यस्तो सूचना उपलब्ध गराउनु पर्नेछ। | कसूरको अनुसन्धानको सिलसिलामा दुरसञ्चार सेवा प्रदायकसँग आवश्यकता अनुसार सूचना वा विवरण माग गर्न सक्ने व्यवस्था थप गरी सुचना तथा विवारण माग गर्ने सम्बन्धमा कार्यविधिगत व्यवस्था स्पष्ट गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | | (३) उपदफा (२) बमोजिम प्राप्त भएको सूचना जुन प्रयोजनको लागि माग भएको हो सो बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न सकिने छैन।<br>स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "सूचना" भन्नाले व्यक्तिले प्रयोग गरिरहेको मोबाईल वा स्थायी टेलिफोनको कल डिटेल (Call Detail) लगायत Operational Data: BTS Location, SMS, MMS, CDR, User Detail, SIM User Location, SIM Location, Call Wise Location, Internet Activity, Log, IP address तथा सो सँग सम्बद्ध विवरणको विश्लेषणबाट सम्बन्धित देखिन आएका अन्य टेलिफोनका उल्लिखित विवरण सम्झनु पर्छ। | |
| ११ | ३४. खास किसिमका सानातिना कसूरमा मुद्दा दायर गर्न आवश्यक नहुने:<br>(३) यस दफाको प्रयोजनको लागि "खास किसिमका सानातिना कसूर" भन्नाले | दफा ३४ को उपदफा (३) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-<br>"(ग) पाँच हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय | मौजुदा कानूनी व्यवस्थाको कारण ज्यादै कम कसूरका मुद्दाहरू मात्र आकर्षित हुने भएकोले यस दफाको अपेक्षित प्रयोग हुन नसकेको सन्दर्भमा यस दफाको प्रभावकारी कार्यान्वयन गर्नको लागि परिमार्जन गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | देहायका कसूर सम्झनु पर्छः–<br>(ग) तीन हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुने पहिलो पटक गरेको अन्य कुनै कसूर। | हुने पहिलो पटक गरेको अन्य कुनै कसूर । | |
| १२ | ४७. नेपाल बाहिर भएको कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकारक्षेत्रः नेपालमा दर्ता भएको वायुयान वा पानीजहाजमा भएको वा नेपाल बाहिर भएको कुनै कसूरको सम्बन्धमा प्रचलित कानूनले सजाय हुने व्यवस्था भएकोमा त्यस्तो कसूरको अभियुक्त नेपालभित्रको जुन जिल्लामा फेला परेको छ सोही | दफा ४७ मा रहेका " निजको स्थायी बासस्थान" भन्ने शब्दहरू पछि "वा पीडितको स्थायी बसोबास रहेको" भन्ने शब्दहरू थपिएका छन्। | नेपाल बाहिर भएको कसूर सम्बन्धी मुदादाको अधिकार क्षेत्र पीडितको स्थायी बसोबास रहेको क्षेत्रको जिल्ला अदालतमा समेत रहने गरी व्यवस्था गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | जिल्लाको अदालतमा र फेला नपरेकोमा निजको स्थायी बासस्थान भएको क्षेत्रको जिल्ला अदालतमा त्यस्तो कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गरिनेछ। | | |
| १३ | दफा ६१<br>(४) उपदफा (३) बमोजिम सम्बन्धित व्यक्ति वा एकाघरका व्यक्ति फेला नपरेमा वा फेला परेमा पनि निजले वा निजको एकाघरका व्यक्तिले समेत बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तीमा दुई जना स्थानीय व्यक्ति समेत राखी आफ्नो तथा निजहरुको समेत सहीछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एक प्रति म्याद | दफा ४ को उपदफा (४) मा रहेका "सम्बन्धित वडाको सदस्य" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित वडाको पदाधिकारी वा कर्मचारी" भन्ने शब्दहरु राखिएको छ। | स्थानीय तहको सम्बन्धित वडाको सदस्य मात्र नभई वडाको पदाधिकारी वा कर्मचारीको सहीछाप गराई राख्ने व्यवस्था थप गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बुझाई एक प्रति तामेली समाह्वान अदालतमा दाखिला गर्नु पर्नेछ । | | |
| १४ | दफा ६७<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम कैदको सजाय हुन सक्ने अभियुक्तलाई देहायको अवस्थामा अदालतले पुर्पक्षको लागि थुनामा राख्न सक्नेछः–<br>(क) अभियुक्तले अदालतमा कसूर स्वीकार गरेको र मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गर्दा थुनामा राख्न मनासिब देखिएको, | दफा ६७ को उपदफा (२) को खण्ड (क) को शुरूमा "दफा ३३ बमोजिम सजाय छुटको दावी भएको मुद्दा बाहेकका मुद्दामा" भन्ने वाक्यांश राखिएको छ। | अनुसन्धान वा अभियोजनमा सहयोग गर्ने व्यक्ति स्वतः पुपर्क्षको लागि थुनामा बस्नु पर्ने कानूनी अवस्थालाई सुधार गर्न आवश्यक भएकोले। |
| १५ | ७३. <u>पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सकिनेः</u> यस परिच्छेद बमोजिम भएको | दफा ७३ को , | कति समय भित्र निवेदन दिने भन्ने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नभएकोले। |

| | | | |
|---|---|---|---|
| | थुनछेक वा तोकिएको धरौट, जमानत वा बैङ्क जमानतमा चित्त नबुझ्ने पक्षले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।<br>तर जन्मकैद वा दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा भएको थुनछेकको आदेश बेरित भएको प्रश्नमा एक तहभन्दा माथिको पुनरावेदन सुन्ने अदालतमा पनि निवेदन दिन सकिनेछ । | (१)दफा शिर्षक पछि "१" राखिएको छ।<br>(२) उपदफा (१) पछि देहायको उपदफा (२) थप गरिएको छः-<br>(२) उपदफा (१) बमोजिमको निवेदन पक्षले आदेश भएको मितिले तीन महिना भित्र पुनरावेदन सुन्ने अदालतमा दिनु पर्नेछ। | |
| १६ | नयाँ व्यवस्था थप | दफा ७७ पछि देहायका दफा ७७क. र ७७ख. थपिएका छनः-<br>७७क. थुनछेक आदेश गर्दा विचार गर्नुपर्नेः यस परिच्छेद बमोजिम थुनछेक सम्बन्धमा निर्णय गर्दा अदालतले देहायका विषयलाई समेत विचार गर्नु पर्नेछः- | गैर जमानतीय मुद्दामा समेत के कस्तो आधारमा थुनामा राखिनु पर्ने भन्ने आधार तथा जमानतीय कसूरमा समेत धरौट जमानत इन्कार गर्न सक्ने आधारहरु उल्लेख गरी अदालतको स्वविवेकिय निर्णयलाई सरलीकरण गरी मुद्दाको |

| | | | |
|---|---|---|---|
| | | (क) "अभियुक्त तत्काल भाग्न सक्ने सम्भावना (flight risk),<br>(ख) प्रमाणहरुको छेडखानि (tampering of evidence) गर्न सक्ने पर्याप्त आधार,<br>(ग) प्रमाण परिक्षणमा साक्षी तथा पीडितलाई प्रभावमा पार्न सक्ने अवस्था,<br>(घ) अभियुक्तबाट पीडित तथा समाजलाई हुने जोखिमको अवस्था,<br>(ङ) सार्वजनिक हित,<br>(च) कसूर ठहर भएमा फैसला कार्यान्वयनको सुनिश्चतता।<br>७७ख. <u>अदालतले थप आदेश दिन सक्ने:</u><br>थुनछेकको दौरानमा मुद्दाको प्रकृतिको आधारमा अदालतले अभियुक्तको राहदानी रोक्का गर्ने, पीडित रहे, बसेको ठाउँ वरिपरि नजाने, पीडितसँग कुनै पनि प्रकारको सम्पर्क स्थापित नगर्ने, मुद्दासँग सम्बन्धित विषयमा कुनै पनि माध्यमबाट सुचना सम्प्रेषण नगर्ने आदेश (Gag Order) वा | प्रकृति अनुसार गर्नु पर्ने अन्य शर्त बन्देज सम्बन्धमा कानूनको अभाव रहेको;<br>दफा ६७(१) को व्यवस्था ३ वर्ष भन्दा बढी कैद सजाय हुने मुद्दामा अनिवार्यत: थुनामा नै राख्नुपर्ने प्रकृतिको यान्त्रिक तरिकाको जस्तो देखिएको तथा अजमानतीय मुद्दामा कस्तो आधारमा थुनामा राख्न सकिने भन्ने आधार कारण उल्लेख गर्न आवश्यक भएकोले।<br><br>थुनछेक सम्बन्धी प्रचलित कानूनी व्यवस्थालाई सुधार गरी थुनछेकको दौरानमा मुद्दाको प्रकृतिको आधारमा अदालतले अभियुक्तको राहदानी रोक्का गर्ने, पीडित रहे, बसेको ठाउँ वरिपरि नजाने, पीडितसँग कुनै पनि प्रकारको सम्पर्क स्थापित नगर्ने लगायतषका शर्त |

| | | | |
|---|---|---|---|
| | | अदालतले आवश्यक देखेको अन्य उपयुक्त शर्त तोक्न सक्नेछ। | तोक्न सक्ने व्यवस्था गर्न आवश्यक भएकोले। |
| १७ | दफा ७३ मा थुनछेक आदेश उपर पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिने व्यवस्था गरेको। | | निवेदन दिने म्यादको व्यवस्था हुन नसकेको।<br>यसले गर्दा धेरै प्रतिवादी भएको मुद्दामा एक पछि अर्को गरी २ वर्ष सम्म पनि निवेदन पर्ने गरेकोले मुद्दाको किनारा गर्न ढिलाई भएको।<br>एउटा प्रतिवादीको हकमा भएको आदेशको रुप र परिणाम हेरेर अर्को निवेदन पर्ने प्रवृत्ति विकास भएको।<br>देवानी कार्यविधि संहिताको दफा २५० मा १५ दिन भित्र उजुरी दिन सकिने व्यवस्था भए जस्तो दफा ७३ मा पनि आदेश भएको वा पक्षले थाहा पाएको मितिले १५ दिन भित्र निवेदन दिनुपर्ने किटानी व्यवस्था गर्ने। |

| | | | |
|---|---|---|---|
| १८ | १११२. <u>नबुझ्री नहुने साक्षीलाई समाह्वान वा पक्राउ पूर्जी जारी गर्न सकिने:</u><br>(२) उपदफा (१) बमोजिमको निवेदन परेमा र त्यस्तो निवेदनको व्यहोरा मनासिब भई त्यस्तो साक्षी बुझ्नु पर्ने देखेमा अदालतले त्यस्तो साक्षीलाई बढीमा पन्ध्र दिनको म्याद दिई समाह्वान जारी गरी बुझ्न सक्नेछ । | दफा ११२ को उपदफा २ मा रहेका साक्षी बुझ्नु पर्ने देखेमा " भन्ने शब्दहरूको सट्टा "साक्षी बुझ्नु पर्ने देखेमा वा ***अदालतलाई कुनै साझी नबुझ्री नहुने भन्ने लागेमा*** " भन्ने भन्ने शब्दहरु थपिएका छन्, | पक्षको निवेदन परेमा मात्र नबुझी नहुने साक्षी बुझ्ने व्यवस्था भएपनि अदालतले आफै झिकाउन सक्ने व्यवस्था नभएको। |
| १९ | ११७. <u>मिलापत्र हुन सक्ने:</u><br>(१) अनुसूची–३ र अनुसूची–४ अन्तर्गतका कसूर सम्बन्धी कुनै मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिनेछ । | दफा ११७ को उपदफा (२) मा हानि नोक्शानी" भन्ने शब्दहरू पछि "सार्वजनिक शान्तिमा असर नपर्ने व्यक्तिगत व्यवहारको अन्य सरकारवादी मुद्दाहरु" भन्ने शब्दहरू थपिएका छन्। | मिलापत्र प्रकृयाबाट धेरै मुद्दा टुङ्गी मुद्दाको कार्यवोझ कम हुने र हालको यस व्यवस्थाबाट चाँडो न्याय प्राप्तिमा सफलतम अभ्यास देखिएको तथा पीडितले छिटो न्याय प्राप्ति गर्न भएकोले "सार्वजनिक शान्तिमा असर नपर्ने व्यक्तिगत व्यवहारको अन्य सरकारवादी |

| | | | |
|---|---|---|---|
| | (२) उपदफा (१) को अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिबादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ । | | मुद्दाहरु" समेतलाई थप गर्न आवश्यक भएकोले। |
| २० | १११९.<u>मुद्दा फिर्ता वा मिलापत्र भएमा त्यसको परिणामः</u> (१) दफा ११६ बमोजिम नेपाल सरकारले कुनै मुद्दा फिर्ता लिएमा त्यस्तो मुद्दाको अभियुक्त उपर | दफा ११९ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः- "(३) उपदफा (१) वा (२) बमोजिम मुद्दा मिलापत्र गर्दा तल्लो तहको अदालतबाट फैसलाले कायम गरेको दण्ड जरिवाना वा क्षतिपूर्ति समाप्त भएको मानिनेछ।" | मिलापत्र भएमा अघिल्लो फैसलाले कायम गरेको दण्ड जरिवाना वा क्षतिपूर्ति छुट दिने व्यवस्था नरहेको। |

| | | | |
|---|---|---|---|
| | सोही कसूरमा पुनः मुद्दा चल्ने छैन ।<br>(२) दफा ११७ बमोजिम मिलापत्र भएकोमा सोही विषयमा सोही पक्षहरुका बीचमा पछि कुनै कारबाही वा मुद्दा चल्ने छैन।<br>तर मिलापत्रमा उल्लेख भएको शर्त बमोजिम कुनै पक्षले कुनै काम नगरेमा त्यस्तो कुराको उजुरी दिन यस उपदफाले बाधा पुऱ्याउने छैन। | | |
| २१ | दफा ११६क मा नेपाल सरकार वादी हुने मुद्दामा बाहेक फिराद पत्र पुनरावेदन पत्र निवेदन पत्र फिर्ता लिने व्यवस्था रहेको। | | सजाय माफी, मुल्तवी हुन सक्ने अवस्थामा मुद्दा विचाराधीन भएमा नमिल्ने भएकोले नेपाल सरकार वादी हुने मुद्दामा समेत प्रतिवादीले दिएको पुनरावेदन पत्र फिर्ता लिन चाहेमा फिर्ता<br>लिने व्यवस्था हुनुपर्ने। |

| | | | |
|---|---|---|---|
| | | | एउटा उपदफा थप गरी यो व्यवस्था समावेश गर्ने |
| २२ | नयाँ व्यवस्था थप | १३४कः ***पुनरावेदन लाग्न नसक्ने अवस्थाः*** दफा १३४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा पुनरावेदन लाग्ने छैनः-<br>क) कानून बमोजिम म्याद प्राप्त भए वा तामेल भएपछि अदालतमा उपस्थित नभई वा प्रतिरक्षा नगरी म्याद गुजारेको भएमा<br>ख) मुद्दा फिर्ता लिएको भएमा<br>ग) मुद्दामा मिलापत्र वा मेलमिलाप गरेको भएमा<br>घ) दफा ३४ बमोजिम मुद्दा नचल्ने निर्णय भएमा। | पुनरावेदन नलाग्ने अवस्था स्पष्ट नभएको<br><br>(सर्वोच्च अदालतले संहिताको सम्बन्धमा गरेको सुझाव अनुसार साभार गरिएको) |
| २३ | १५५.<u>कैद बापत रकम तिर्न सकिनेः</u> (१) कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भीरता, कसूर | दफा १५५ को,-<br>(१)उपदफा (१) मा रहेका "एक वर्ष वा एक वर्षभन्दा कम" भन्ने शब्दहरूको सट्टा "तीन वर्ष वा तीन वर्षभन्दा कम" भन्ने शब्दहरू राखिएका छन्। | हालको व्यवस्था थोरै अवस्थामा मात्र आकर्षित हुने प्रकृतिको रहेकोले दफा १५५ को साविकको प्रयोजनको सुधारात्मक न्यायको महत्वलाई ख्याल गरी कसरी बढी मुद्दामा लागू हुने गरी उपयुक्त व्यवस्था गर्न सकिने भएको। |

| | | | |
|---|---|---|---|
| | गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहर्‍याएमा कैद बापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ । | (२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-<br>" (१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दाको अनुसन्धान र न्यायिक कारबाही हुँदा फरार रहेका कसूरदारलाई त्यस्तो सुविधा दिइने छैन्।<br>(३) उपदफा (५) मा रहेका "एक वर्ष वा एक वर्षभन्दा कम सजाय पाई" भन्ने शब्दहरूको सट्टा "तीन वर्ष वा तीन वर्षभन्दा कम सजाय हुने कसूरमा सजाय पाई" भन्ने शब्दहरू राखिएका छन्। | हालको व्यवस्था संशोधन गरी 'सामान्य कसूर' अन्तर्गत 'तीन वर्ष'सम्म कसूर हुने प्रकृतिको मुद्दामा लागू हुने भनी उल्लेख गर्नु श्रेयस्कर देखिन्छ । |
| २४ | १८९. <u>अनुसन्धान समितिको व्यवस्थाः</u> यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपराध संहिताको दफा ९९ बमोजिमको बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको कसूरको सम्बन्धमा परेको | दफा १८९ को,-<br>(१) दफा शिर्षक पछि "(१)" भन्ने अङ्क थपी सोही उपदफामा रहेका "दफा ९९ बमोजिमको बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको कसूरको सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "दफा ९९ र दफा १६७ | अपराध संहिताको दफा ९९ बमोजिमको बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको कसूरको सम्बन्धमा थप प्रष्टता कायम गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | उजुरीको अनुसन्धान देहाय बमोजिमको समितिले गर्नेछः– | बमोजिमको कसूरका सम्बन्धमा” भन्ने शब्दहरू राखिएका छन्।<br>(२) उपदफा (२) मा रहेका “त्यसरी बदनियतपूर्बक अनुसन्धान वा अभियोजन गरेको देखिएमा त्यस सम्बन्धमा” भन्ने शब्दहरूको सट्टा “मुद्दा चलाउन आवश्यक देखिएमा सो सम्बन्धमा” भन्ने शब्दहरू राखिएका छन्।<br>(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-<br>“(५) उपदफा (१) र (३) बमोजिमको समितिले अनुसन्धान अधिकारीको अधिकार प्रयोग गर्नेछ। | |

# परिच्छेद ५

## फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ सम्बन्धमा देखिएका समस्या, विश्लेषण तथा सुझावहरु

### ५.१. सरोकारवालाहरुबाट प्राप्त भएका मुख्य मुख्य सुझावहरु

- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११(१)मा एकै वारदातमा एकभन्दा बढी कसूर गर्ने कसूरदारको प्रत्येक मुद्दामा अलग अलग सजाय निर्धारण गर्नु पर्ने भन्ने व्यवस्था छ भने ऐ.को उपदफा (२) मा प्रतिबादीलाई विभिन्न मुद्दामा ठहर भएका कैद र जरिवानाको फैसला कार्यान्वयन गर्दा सबैभन्दा बढी सजाय हुने ठहरेको मुद्दाको मात्र कार्यान्वयन हुने भन्ने छ।
- दफा १२ बमोजिमको सजाय पूर्वको प्रतिवेदनले पक्षले गर्ने पुनरावेदनलाई कुनै प्रतिकूल असर नपर्ने स्पष्ट व्यवस्था हुनु पर्दछ।
- धेरै प्रतिवादी रहेका एउटै मुद्दामा कसूर ठहर सम्बन्धी निर्णय हुँदा कसैलाई सजाय निर्धारण सुनुवाइ गरिनु पर्ने गरी र कसैलाई सजाय निर्धारण सुनुवाइ गर्नु पर्ने हदभन्दा कम सजाय हुने गरी कसूर ठहर फैसला भएको अवस्थामा सजाय तोक्ने तथा सजाय निर्धारण सुनुवाइमा एकरुपता रहेको अवस्था छैन।
- फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ३६ मा उल्लेख भएका कैदहरु सम्बन्धी प्रावधानहरु उपदफा (१) को खण्ड (क) र (ख) को प्रावधानसँग ऐ उपदफा (२) को जुनसूकै कुरा लेखिएको भए तापनि भन्ने बाक्यांश समेतका अर्थ गर्दा एक आपसमा नमिलेको देखिदा त्यसलाई प्रष्ट पार्नु पर्ने देखिन आउछ।
- सजाय निर्धारण सम्वन्धी दफा ३६ को उपदफा (२) र (३) को व्यवस्था एक अर्कामा विरोधाभाषपूर्ण रहेको देखिन्छ।
- एकै वारदातमा छुट्टाछुट्टै कैद निर्धारण भएकोमा कैदमा ठूलो कसूरको मात्र कार्यान्वयन गर्ने, कैद र जरिवानालाई छुट्टाछुट्टै मानेर कार्यान्वयन गर्ने भन्ने छ तर फरक फरक वारदातमा फरक फरक मुद्दामा फरक फरक कैद र जरिवाना निर्धारण भएकोमा त्यसलाई छुट्टाछुट्टै मानेर जोडेर कार्यान्वयन गर्ने भन्ने मुलुकी ऐन, दण्ड सजायको महलको ३९ नं.

को जस्तो प्रावधान संहितामा नरहेको हुँदा जरिवाना वापत कैद गर्दा ठूलो जरिवानाको मात्र कार्यान्वयन गर्ने कि प्रत्येक मुद्दाको जोड्ने स्पष्ट नहुँदा फैसला कार्यान्वयनमा अन्योलता रहेको हुँदा सोतर्फ विचार गर्नु पर्ने देखिन्छ।

- मुलुकी अपराध सहिताको दफा ४३ बमोजिम एकिकृत कसूरमा हुने सजाय र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको दफा ११ को छुट्टाछुट्टै सजाय निर्धारण गर्नु पर्ने व्यवस्था बीच सामान्जस्यता कायम गर्नु पर्ने देखिन्छ।
- सजाय निर्धारण सुनुवाई अलग गर्नाको औचित्य उपर सबै पक्षवीच स्पष्टता नभएको र छुट्टै गर्नु पर्ने सजाय निर्धारण सुनुवाई नगरेमा सोको परिणाम के हुने भन्ने अन्यौल रहेको छ।
- मुद्दा पुर्पक्षको लागी धरौट वा जमानत वा तारेखमा रहेको प्रतिवादीलाई थुनामा राख्नु पर्ने र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६७ (८) को व्यवस्थासँग छुट्टै गर्नु पर्ने सजाय निर्धारण सुनुवाईको व्यवस्था तालमेल कायम गराइनु पर्ने देखिन्छ।
- सजाय पूर्वको प्रतिवेदनको प्रमाणिक महत्व के हुने भन्ने प्रश्न अनुत्तरित छ।
- कसूर ठहर आदेश उपर वेरितको आदेश बदरमा पुनरावेदन सुन्ने अदालतमा उजुरी दिन पाउने हो कि वा सजाय निर्धारण भए पछि मात्रै पुनरावेदन दायर गर्न पाउने हो। सो तर्फ सबै स्पष्ट हुनु जरुरी छ।
- सजाय निर्धारणका सम्बन्धमा हुने सुनुवाईमा मुद्दाका पक्ष र कानून व्यवसायीद्वारा प्रतिवेदन पेश गर्न र सुनुवाईमा सहभागिता जनाउन संकोच मानेको अवस्था रहेको छ। प्रोवेशन वा प्यारोल अधिकृत तोकिएको वा नियुक्त नभएको अवस्थामा वादी र प्रतिवादीको कानून व्यवसायीलाई त्यस्तो प्रतिवेदन पेश गर्न आदेश दिन सक्ने व्यवस्था प्रभावकारी हुन सकेको छैन।

## ५.२ सरोकारवालाहरुसँगको छलफलबाट पहिचान गरिएका समस्याहरु

**छुट्टाछुटै वारदातको कसूरमा कसूरदार ठहर गरेको बखत सबै सजाय जोडदा चर्को पर्ने भएको तथा विविध परिस्थितमा कसरी कैद हद कायम गर्ने भन्नेमा हालको कानूनले सम्बोधन गर्न नसकेको:** फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन २०७४ को दफा ३६ को उपदफा (२) वमोजिम "पहिले भएको कैदको अवधि भुक्तान भएपछि

गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन" हुने भन्ने कानूनी व्यवसथा रहेकोमा कसूरदार ठहर गर्नुपरेको अवस्थामा अदालतले समग्रताको सजाय को सिद्दान्त (Principle of Totality) को आधारमा छुट्टै कारवाहीको रुपमा अदालतले निक् न्यायोचित र उपयुक्त सजाय गर्ने व्यवस्था गर्नु उपयुक्त हुने देखिएको छ ।संयुक्त अधिराज्यको Sentencing Council UK[14] ले समग्रताको सजाय को सिद्दान्त (Principle of Totality) र यसको सिद्दान्तहरुलाई यसरी व्याख्या गरेको पाइन्छ:

The principle of totality applies when sentencing an offender for multiple offences or when sentencing an offender who is already serving an existing sentence.

General principles

When sentencing for more than one offence, the overriding principle of totality is that the overall sentence should:

- reflect all of the offending behaviour with reference to overall harm and culpability, together with the aggravating and mitigating factors relating to the offences and those personal to the offender; and
- be just and proportionate.

Sentences can be structured as concurrent (to be served at the same time) or consecutive (to be served one after the other). There is no inflexible rule as to how the sentence should be structured.

यस सिद्दान्तबाट न त गणितय जस्तो गरी सबै कसूरको जोडिने हुन्छ न त एउटा कसूरमा सजाय पाएको भन्ने आधारमा मात्र अर्को कसूरलाई नजरअन्दाज गरिन्छ,एउटा कसूर भए पश्चात् अर्को कसूर गरेको अवस्था लगायत कसूरको गम्भिरता घटाउने लगायत समग्र पक्षलाई मुल्याँङकन गरी उचित र समानुपातिक सजाय गर्नु न्यायोचित देखिन्छ ।

यसको निम्ति फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन २०७४ को दफा ११ मा रहेको छुट्टाछुट्टै सजाय निर्धारण गर्नुपर्ने भन्ने व्यवस्था Concurrent Sentencing and Consecutive Sentencing को सैद्धान्तिक अवधारणा अनुरुप समग्रताको सजायको सिद्दान्त (Principle of totality) समेतलाई उल्लेख गरि पुनर्लेखन गर्नु पर्ने देखिन्छ। मुलभूत रुपमा

[14] https://www.sentencingcouncil.org.uk/overarching-guides/magistrates-court/item/totality/ Acessed on June 25,2024.

ऐ.संहिताको उक्त ३६(२) को व्यवस्थाले सजाय भुक्तान नहुँदै अर्को सजाय गर्नुपर्ने कसूरको सजायको कार्यान्यवनसँग सम्बन्धित भएकोमा उक्त सजाय अनुसार सजाय कार्यान्वयन गर्दा एउटा सजाय गरे पछि अर्को सजाय कार्यान्वयन गर्नु पर्ने भनी स्पष्ट कानूनी व्यवस्था गरेको देखिई कुनै अवस्थामा कुल सजाय चर्को पर्ने जस्तो देखिने वा कुनै बेला कसूरको समग्रतामा कम जस्तो पनि देखिने हुनाले ३६(२) को सजाय बढी गणितीय जस्तो देखिने भएकोले उक्त व्यवस्थाले कसूरदारको कार्यान्वयन हुनुपर्ने समग्र कसूरहरुको सजायलाई मुल्याँकन गरी समग्र सजाय उचित र समानुपातिक भन्दा बढी हुन नहुने भन्ने समग्रताको सजायको सिद्दान्तलाई आत्मसाथ गरेको नपाइएकोले भारत,अष्ट्रेलिया, आदि केही राष्ट्रहरुको यस सम्बन्धमा भएको सजायको व्यवस्थाहरुलाई अध्ययन गरी यस सम्बन्धमा दफा ३६ लाई नै समग्रमा पुर्नलेखन आवश्यक देखिएको छ । सम्मानित सर्वोच्च अदालतबाट आङजेन लामाको मुद्दामा(निर्णय नं. १०८८२ - बन्दीप्रत्यक्षीकरण) मा सजाय गर्दा समग्रताको सिद्दान्तको महत्वलाई उल्लेख गरी भएको व्याख्याको मर्मलाई मध्यनजर गरी सोही अनुसार कानूनी व्यवस्था गर्न उपयुक्त हुने देखिएको छ ।यसमा सम्मानित सर्वोच्च अदालतबाट कानून,न्याय तथा संसदिय व्यवस्था संहितालाई प्रस्तुत गरिएको सुझावले हाल यस ऐनको दफा ३६ को कार्यान्वयनमा देखिएको चुनौती र समग्रताको सजाय सिद्दान्त अनुरुप नै देखिएकोले यही व्यवस्था नै संशोधनमा राख्न उपयुक्त देखिन्छ:

## ५.३ फौजदारी कसूर (सजाय निर्धाण तथा कार्यान्वयन) ऐन, २०७४ मा गर्नुपर्ने सुधारहरु-

१. दफा ११ को सट्टा देहायको दफा ११ राख्ने

### ११. **विभिन्न कसूर वापतको सजाय निर्धारणः**

(१) अपराध संहिताको दफा ४३ बमोजिम एकिकृत कसूर गरेको मानी सजाय निर्धारण भएको अवस्था बाहेक एकै दिन एकभन्दा बढी कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण गर्दा प्रत्येक कसूर अलग अलग भएको मानी त्यस वापत छुट्टा छुट्टै सजाय निर्धारण गर्नुपर्नेछ।

(२) दुई वा सो भन्दा बढी कामबाट कुनै कसूर हुने रहेछ र त्यस्ता काम मध्ये कुनै एक काम आफैमा छुट्टै कसूर हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने कसूरमा मात्र सजाय हुनेछ।

(३) कुनै कसूरमा कैद सजाय पाई सजाय भोगीरहेको कसूरदारलाई अर्को कसूर वापत कैद सजाय निर्धारण गर्नु परेमा अदालतले निजको समग्र कसूरजन्य व्यवहारलाई हेरी दफा १४

को खण्ड (घ) बमोजिम समग्र सजाय उचित र समानुपातिक हुने गरी सजाय निर्धारण गर्नुपर्नेछ। त्यसरी सजाय निर्धारण गर्दा निजले दुवै कसूरमा भएको कैद सजाय एकैसाथ भुक्तान गर्न सक्ने हो वा अघिल्लो कसूर वापत भएको कैद सजाय पूर्ण वा आंशिक रुपमा भुक्तान भएपछि पछिल्लो कसूर वापत भएको कैद सजाय भुक्तान गर्नु पर्ने हो भन्ने कुरा समेत फैसलामा खुलाउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पहिला गरेको कसूरमा निर्धारित कैद सजाय भुक्तान नगरी अर्को कसूर गरेको कसूरदार, कुनै कसूरमा अदालतबाट पुर्पक्षको लागि धरौट वा जमानतमा छुटेकोमा सोही अवधिमा अर्को कसूर गरेको कसूरदार र कुनै कसूरमा थुना वा हिरासतमा रहेको अवस्थामा वा भागी अर्को कसूर गरेको कसूरदारलाई कैद सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ४३ वा दफा ४४ बमोजिम हुने सजाय भन्दा कम नहुने गरी उपयुक्त सजाय निर्धारण गर्नुपर्नेछ।

२) **दफा १२ को उपदफा (७) पछि देहायको उपदफा (८) थप गर्नेः**"(८) यस दफा बमोजिम पेश हुन आएको सजाय पूर्वको प्रतिवेदन र सो उपर उपदफा (५) बमोजिम पेश भएको रायलाई अदालतले कसूरदारलाई हुने कैद वा जरिवाना निर्धारण गर्दा, पीडितलाई भराउनु पर्ने क्षतिपर्ति निर्धारण गर्दा तथा सजाय निर्धारणको क्रममा गर्नुपर्ने अन्य निर्णय वा आदेश गर्दा समेत आधार लिन सक्नेछ।"

३) **दफा ३६ को सट्टा देहाय बमोजिमको दफा ३६ राख्नेः**

**३६. <u>विभिन्न कसूर वापत भएको कैद सजायको कार्यान्वयनः</u>**

(१) एकिकृत कसूरको कसूरदार, पटके कसूरदार र दफा ११ को उपदफा (४) मा लेखिए बमोजिमका कसूरदारलाई प्रचलित कानून बमोजिम जति कैद सजाय निर्धारण भएको छ सो सबै कैद सजाय कार्यान्वयन गर्नुपर्नेछ।

(२) दफा ११ को उपदफा (१) बमोजिम एउटै कसूरदारलाई विभिन्न कसूर वापत छुट्टाछुट्टै कैद सजाय निर्धारण भएकोमा जुन कसूरमा सबैभन्दा बढी कैद सजाय निर्धारण भएको छ सोही कैद सजाय कार्यान्वयन गर्नु पर्नेछ।

(३) कुनै एक काम वापत विभिन्न ऐन अन्तर्गत छुट्टाछुट्टै कसूर मानिने भई त्यस्तो काम गर्ने व्यक्ति उपर अलग अलग मुद्दा दायर भएको र सबै मुद्दामा अदालतबाट कसूरदार ठहरी सजाय निर्धारण भएकोमा जुन मुद्दामा बढी सजाय भएको छ सोही ऐन बमोजिमको सजाय कार्यान्वयन गर्नुपर्नेछ।

(४) दफा ११ को उपदफा (३) बमोजिम कैदको सजाय भोगीरहेको कसूरदारलाई एकै साथ कैद भुक्तान हुने गरी पछिल्लो कसूर वापतको कैद सजाय निर्धारण भएकोमा निज प्रहरी हिरासतमा बसेको दिन देखी गणना गरी जुन कसूर वापतको कैद सजाय बढी छ सोही कैद सजाय कार्यान्वयन गरिनेछ।

तर कुनै कसूरदारको हकमा अघिल्लो कसूर वापत भएको कैद सजाय पूर्ण वा आंशिक रुपमा भुक्तान भएपछि पछिल्लो कसूर वापत भएको कैद सजाय भुक्तान गर्नु पर्ने गरी सजाय निर्धारण भएकोमा फैसला बमोजिम नै कैदको लगत खडा गरी कैद सजाय कार्यान्वयन गरिनेछ।

(५)पहिले कुनै कसूरमा कसूरदार ठहरेको कुरा पछिल्लो कसूर वापत सजाय निर्धारण गर्दाका बखत अदालतलाई जानकारी हुन नसकी कैद सजाय निर्धारण गरिएको कसूरदारको हकमा भुक्तान हुन बाँकी अघिल्लो कसूर वापतको कैद सजाय बारे पछि जानकारी हुन आई निजको हकमा अघिल्लो कैद सजाय कार्यान्वयन गर्न अडबड परेमा निकाशाको लागि इजलास समक्ष पेश गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम इजलाससमक्ष पेश भएकोमा अदालतले सम्बन्धित कसूरदार वा निजको कानून व्यवसायी र सम्बन्धित सरकारी वकिललाई समेत उपस्थितिको लागि सुचना दिई दुवै पक्षको छलफल सुनी त्यस्तो कसूरदारले भुक्तान गर्नुपर्ने कैद सजाय निर्धारण गरी सजाय कार्यान्वयन गर्द आदेश दिनेछ।

४. **सजाय सम्बन्धी ऐनमा अपराध संहितामा उल्लेख नभएको थप कैद हुने प्रकृतिको सजाय गर्न नहुने:** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १५ को उपदफा (२) (ङ) मा रहेको कुनै सरकारी कार्यालय वा सार्वजनिक वा सङ्गठित संस्थाको पद वा ओहदामा बहाल रही त्यस्तो पद वा ओहोदाको दुरुपयोग गरी कसूर

गर्ने कसूरदारलाई त्यस्तो कसूरमा हुने सजायको डेढी सजाय हुने कानूनी व्यवस्था सजाय निर्धारणका समयमा प्रयोगमा आउन सक्ने नहुँदा यसलाई हटाउनु पर्ने देखिएको छ ।

५. **नकारात्मक सुचीहरु संशोधन गर्नु पर्ने:** दफा २९ को प्यारोलमा राख्न सकिने तथा दफा ३७ अन्तर्गत कैद कट्टा हुन सक्ने कसूरको हकमा जवरजस्ती करणी (केही निश्चित दफाहरु भनी उल्लेख गर्नु उपयुक्त हुने) तथा मानव बेचबिखत तथा ओसारपोसार (केही निश्चित दफाहरु भनी उल्लेख गर्नु उपयुक्त हुने)लगायतका कसूर अन्तर्गतका केही आपराधिक क्रियालाई छाडेर अन्य कसूरमा सुविधा दिन सकिन्छ । नकारात्मक कसूरको सुचीलाई आधार लिइनु भन्दा पनि मुलत: बन्दीको आचारण र कैद भुक्तान गरेको समयकव आधारमा प्यारोलको मानक बनाउनु श्रेयस्कर हुन्छ ।

६) **प्रोवेशन वा प्यारोल अधिकृत सम्बन्धि व्यवस्था सुधार गर्नुपर्ने:** सजाय ऐनको दफा ४९ मा 'प्रोवेशन अधिकृत वा प्यारोल अधिकृत' दुई मध्येलाई एक नियुक्त गर्न सक्ने भन्ने भाषा रहेकोले कस्तो अवस्थामा प्रोवेशन अधिकृत वा प्यारोल अधिकृत आवश्यक्ता रहेको भन्ने कानूनमा स्पष्टता नरहेकोले प्रोवेशन वा प्यारोल अधिकृत भिन्न प्रकृतिको व्यवस्था रहने हुँदा फरक मानव संशाधनलाई फरक जिम्मेवारी दिने गरी अवधारणात्मक स्पष्टता जरुरी देखिएको छ । साथै,सजाय ऐनको दफा ३८ मा उल्लेख गरिएको संघिय प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था रहेकोमा प्रोवेशन र प्यारोलको कार्यान्वयन निकाय फरक रहेकोले यी दुईलाई नियमन गर्ने छुट्टै बोर्ड गठन गर्नु उपयुक्त हुन्छ ।

७) **आजन्म कैद पाएका कसूरदारलाई परिस्थिति हेरी निश्चित कैद अवधि पछि छाड्न सक्ने व्यवस्था गरिनुपर्ने:** केही विशेष गम्भिर तवरको वारदात गरेका व्यक्तिलाई मुलुकी अपराध संहिता,२०७४ को दफा ४१ मा **'आजन्म कैद'** गर्नुपर्ने अवस्था रहेकोमा कुनै कसूरदारलाई आजन्म कैद भएको अवस्थामा बाँकी जीवन जिउने चाहना नरही निजको मानसिक अवस्था आत्महत्या उन्मुख पनि हुनसक्ने देखिन्छ ।केही विशेष प्रकृतिको वारदातमा आजन्म कैदमा राख्नुपर्ने व्यवस्था सजायको हतोत्साहको सिद्दान्त अनुरुप समेतलाई मध्यनजर गर्दा आवश्यक नै रहेकोले उक्त व्यवस्था नै नराख्ने भन्दा अन्य विकल्पमा सोच्नु बढि मनासिब देखिन्छ ।

आफु जीवन भर कैदमा बस्नुपर्ने भन्ने कसूरदारलाई आफ्नो जीवन प्रति भरोसा नभई निज आफैंलाई गर्न सक्ने हानि तथा त्यसको रोकथामको लागि कारागार प्रशासनमा पर्ने सक्ने चुनौतीलाई समेत मध्यनजर गरी आजन्म कैद कायम भएका कसूरदारलाई समेत केही वैकल्पिक व्यवस्थाबाट कैद मिन्हा हुन सक्ने सम्भावना राख्नु श्रेयस्कर हुने देखिन्छ। जन्म कैदका कसूरदारलाई मुलुकी अपराध संहिता,२०७४ को दफा ४२ अनुसार २५ वर्ष कैद गणना गर्नु पर्छ भन्ने व्यवस्था रहेकोमा आजन्म कैदको हकमा ५ वर्ष थप अर्थात ३० वर्ष कैद भुक्तान गरेपछि कसूरदारले निवेदन दिएमा बाँकी कैद अवस्था हेरी मिन्हा दिन सकिने विकल्प हुन सक्दछ । कसूरदारको अवस्थालाई छुट्टाछुट्टै तथ्यगत अवस्था(case by case) मुल्याँकन गरी निजले ३० वर्षको कैद भुक्तान गरेपछि निज रहेको सम्बन्धित कारागार कार्यालयबाट निजको आचरण र मानसिक अवस्थाको मुल्याङ्कन भई प्यारोल अधिकृतको सिफारिस सहित आफुलाई बाँकी कैद मिन्हा दिन भनी निज कारागार भएको सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्ने व्यवस्था राखि अदालतले कसूरदारको त्यस बखतको अवस्था, पश्चातापको भावना, पीडितको धारणा बुझी बाँकी कैद छुटको लागि आदेश गर्न सक्ने भन्ने व्यवस्था राख्नु उपयुक्त हुने ।

## ५.५ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा गर्नुपर्ने सुधारहरु (तीन महले)

| क्र.स. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| १ | ११. छुट्टाछुट्टै सजाय निर्धारण गर्नु पर्नेः (१) एकै वारदातमा एकभन्दा बढी कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण गर्दा प्रत्येक कसूर अलग अलग भएको मानी त्यस बापत छुट्टाछुट्टै सजाय निर्धारण गर्नु पर्नेछ ।<br>(२) दुई वा त्यसभन्दा बढी कामबाट कुनै कसूर हुने रहेछ र त्यस्ता काममध्ये कुनै एक काम आफैमा छुट्टै कसूर हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने कसूरमा मात्र सजाय हुनेछ।<br>(३) कुनै एक काम बापत विभिन्न ऐन अन्तर्गत छुट्टाछुट्टै कसूर हुने रहेछ भने जुन ऐन | **११. विभिन्न कसूर वापतको सजाय निर्धारणः**<br>(१) अपराध संहिताको दफा ४३ बमोजिम एकिकृत कसूर गरेको मानी सजाय निर्धारण भएको अवस्था बाहेक एकै दिन एकभन्दा बढी कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण गर्दा प्रत्येक कसूर अलग अलग भएको मानी त्यस वापत छुट्टा छुट्टै सजाय निर्धारण गर्नुपर्नेछ।<br>(२) दुई वा सो भन्दा बढी कामबाट कुनै कसूर हुने रहेछ र त्यस्ता काम मध्ये कुनै एक काम आफैमा छुट्टै कसूर हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने कसूरमा मात्र सजाय हुनेछ।<br>(३) कुनै कसूरमा कैद सजाय पाई सजाय भोगीरहेको कसूरदारलाई अर्को कसूर वापत कैद सजाय निर्धारण गर्नु परेमा अदालतले निजको समग्र कसूरजन्य व्यवहारलाई हेरी दफा १४ को खण्ड (घ) बमोजिम समग्र सजाय उचित र समानुपातिक हुने गरी सजाय निर्धारण | यसको निम्ति फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन २०७४ को दफा ११ मा रहेको छुट्टाछुट्टै सजाय निर्धारण गर्नुपर्ने भन्ने व्यवस्था Concurrent Sentencing and Consecutive Sentencing को सैद्धान्तिक अवधारणा अनुरुप समग्रताको सजायको सिद्दान्त (Principle of totality) समेतलाई उल्लेख गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | अन्तर्गत बढी सजाय हुन्छ सोही ऐन बमोजिमको सजाय कार्यान्वयन हुनेछ ।<br>तर सजाय निर्धारण गर्दा प्रत्येक कसूर बापत छुट्टाछुट्टै सजाय तोक्नु पर्नेछ ।<br><u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनका लागि कैद र जरिबानालाई छुट्टाछुट्टै सजाय भएको मानिनेछ र छुट्टाछुट्टै कार्यान्वयन गर्नु पर्नेछ । | गर्नुपर्नेछ। त्यसरी सजाय निर्धारण गर्दा निजले दुवै कसूरमा भएको कैद सजाय एकैसाथ भुक्तान गर्न सक्ने हो वा अघिल्लो कसूर वापत भएको कैद सजाय पूर्ण वा आंशिक रुपमा भुक्तान भएपछि पछिल्लो कसूर वापत भएको कैद सजाय भुक्तान गर्नु पर्ने हो भन्ने कुरा समेत फैसलामा खुलाउनु पर्नेछ।<br>(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पहिला गरेको कसूरमा निर्धारित कैद सजाय भुक्तान नगरी अर्को कसूर गरेको कसूरदार, कुनै कसूरमा अदालतबाट पुर्पक्षको लागि धरौट वा जमानतमा छुटेकोमा सोही अवधिमा अर्को कसूर गरेको कसूरदार र कुनै कसूरमा थुना वा हिरासतमा रहेको अवस्थामा वा भागी अर्को कसूर गरेको कसूरदारलाई कैद सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ४३ वा दफा ४४ बमोजिम हुने सजाय भन्दा कम नहुने गरी उपयुक्त सजाय निर्धारण गर्नुपर्नेछ। | |

| | | | |
|---|---|---|---|
| २ | व्यवस्था थप | दफा १२ को उपदफा (७) पछि देहायको उपदफा (८) थप गरिएको छः-<br>"(८) यस दफा बमोजिम पेश हुन आएको सजाय पूर्वको प्रतिवेदन र सो उपर उपदफा (५) बमोजिम पेश भएको रायलाई अदालतले कसूरदारलाई हुने कैद वा जरिवाना निर्धारण गर्दा, पीडितलाई भराउनु पर्ने क्षतिपर्ति निर्धारण गर्दा तथा सजाय निर्धारणको क्रममा गर्नुपर्ने अन्य निर्णय वा आदेश गर्दा समेत आधार लिन सक्नेछ।" | यस दफा बमोजिम पेश हुन आएको सजाय पूर्वको प्रतिवेदन र सो उपर उपदफा (५) बमोजिम पेश भएको रायलाई अदालतले कसूरदारलाई हुने कैद वा जरिवाना निर्धारण गर्दा, पीडितलाई भराउनु पर्ने क्षतिपर्ति निर्धारण गर्दा तथा सजाय निर्धारणको क्रममा गर्नुपर्ने अन्य निर्णय वा आदेश गर्दा समेत आधार लिन सक्ने व्यवस्था थप गर्न आवश्यक भएकोले। |
| ३ | व्यवस्था थप | २९क. अदालतले कैद छुटको आदेश गर्न सक्नेः (१) अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ बमोजिम कैद सजाय पाई तीस वर्ष वा सो भन्दा बढी अवधि भुक्तान गरिसकेको कैदीले प्यारोल अधिकृतको सिफारिस सहित आफुलाई बाँकी कैद मिन्हा दिन भनी निज कारागार भएको | कसूरदारले ३० वर्षको कैद भुक्तान गरेपछि निज रहेको सम्बन्धित कारागार कार्यालयबाट निजको आचरण र मानसिक अवस्थाको मुल्याङ्कन भई प्यारोल अधिकृतको सिफारिस सहित आफुलाई बाँकी कैद मिन्हा दिन भनी निज कारागार भएको सम्बन्धित जिल्ला अदालतमा |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम प्यारोल अधिकृतले सिफारिस गर्दा कैदीको अवस्थालाई छुट्टाछुट्टै तथ्यगत अवस्था(case by case) तथा निजको आचरण र मानसिक अवस्थालाई मुल्याङ्कन गरी सिफारिस गर्नु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भए पछि अदालतले कसूरदारको अवस्था, पश्चातापको भावना, पीडितको धारणा बुझी बाँकी कैद छुटको लागि आदेश गर्न सक्नेछ। | निवेदन दिन सक्ने व्यवस्था राखि अदालतले कसूरदारको त्यस बखतको अवस्था, पश्चातापको भावना, पीडितको धारणा बुझी बाँकी कैद छुटको लागि आदेश गर्न सक्ने व्यवस्था थप गर्न आवश्यक भएकोले। |
| ४ | ३६. <u>विभिन्न कसूर बापत भएको कैद सजायको कार्यान्वयन:</u> (१) कैदको सजाय पाई कैद सजाय भोगिरहेको व्यक्तिलाई एकभन्दा बढी कसूर बापत कैद सजाय गर्नु पर्दा | **दफा ३६ को सट्टा देहायको दफा ३६ राखिएको छः-**<br>**"३६. <u>विभिन्न कसूर वापत भएको कैद सजायको कार्यान्वयन:</u>** (१) एकिकृत कसूरको कसूरदार, पटके कसूरदार र दफा ११ को उपदफा (४) मा लेखिए बमोजिमका | अलग अलग मुद्दा दायर भएको र सबै मुद्दामा अदालतबाट कसूरदार ठहरी सजाय निर्धारण भएकोमा समग्रताको सजायको सिद्धान्त अनुरूपको व्यवस्था राखि के कसरी कार्यान्वयन गरिने भन्ने सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| | देहाय बमोजिम कैद सजाय गरी फैसला कार्यान्वयन गर्नु पर्नेछः–<br>(क) पहिले भएको फैसला बमोजिमको कैदको सजायको अवधि पछिल्लो फैसला बमोजिमको कैदको सजायको अवधिभन्दा बढी वा बराबर भएमा पहिले भएको फैसलाको कैदको सजाय कार्यान्वयन गर्नु पर्नेछ ।<br>(ख) पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधिभन्दा बढी भएमा पछिल्लो कैदको सजायको अवधि जति बढी हुन्छ सोही अवधिसम्म कैद थप गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए | कसूरदारलाई प्रचलित कानुन बमोजिम जति कैद सजाय निर्धारण भएको छ सो सबै कैद सजाय कार्यान्वयन गर्नुपर्नेछ।<br>(२) दफा ११ को उपदफा (१) बमोजिम एउटै कसूरदारलाई विभिन्न कसूर वापत छुट्टाछुट्टै कैद सजाय निर्धारण भएकोमा जुन कसूरमा सबैभन्दा बढी कैद सजाय निर्धारण भएको छ सोही कैद सजाय कार्यान्वयन गर्नु पर्नेछ।<br>(३) कुनै एक काम वापत विभिन्न ऐन अन्तर्गत छुट्टाछुट्टै कसूर मानिने भई त्यस्तो काम गर्ने व्यक्ति उपर अलग अलग मुद्दा दायर भएको र सबै मुद्दामा अदालतबाट कसूरदार ठहरी सजाय निर्धारण भएकोमा जुन मुद्दामा बढी सजाय भएको छ सोही ऐन बमोजिमको सजाय कार्यान्वयन गर्नुपर्नेछ।<br>(४) दफा ११ को उपदफा (३) बमोजिम कैदको सजाय भोगीरहेको | विस्तृत व्यवस्था राखन् आवश्यक देखिएकोले। |

| | | | |
|---|---|---|---|
| | तापनि कुनै कसूरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै निजलाई अर्को कसूर बापत कैदको सजाय भएमा पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन गर्नु पर्नेछ ।<br><br>(३) एउटै मुद्दामा एउटै व्यक्तिलाई प्रचलित कानून बमोजिम विभिन्न कसूर बापत विभिन्न कैदको सजाय भएकोमा त्यस्तो सजायमध्ये सबैभन्दा बढी कसूरको कैदको सजाय मात्र कार्यान्वयन गर्नु पर्नेछ ।<br><br>(४) उपदफा (३) बमोजिम तोकिएको कैदको सजाय बराबर भएमा त्यस्तो सजायमध्ये कुनै | कसूरदारलाई एकै साथ कैद भुक्तान हुने गरी पछिल्लो कसूर वापतको कैद सजाय निर्धारण भएकोमा निज प्रहरी हिरासतमा बसेको दिन देखी गणना गरी जुन कसूर वापतको कैद सजाय बढी छ सोही कैद सजाय कार्यान्वयन गरिनेछ।<br><br>तर कुनै कसूरदारको हकमा अघिल्लो कसूर वापत भएको कैद सजाय पूर्ण वा आंशिक रुपमा भुक्तान भएपछि पछिल्लो कसूर वापत भएको कैद सजाय भुक्तान गर्नु पर्ने गरी सजाय निर्धारण भएकोमा फैसला बमोजिम नै कैदको लगत खडा गरी कैद सजाय कार्यान्वयन गरिनेछ।“<br><br>(५) पहिले कुनै कसूरमा कसूरदार ठहरेको कुरा पछिल्लो कसूर वापत सजाय निर्धारण गर्दाका बखत अदालतलाई जानकारी हुन नसकी कैद सजाय निर्धारण गरिएको कसूरदारको हकमा भुक्तान हुन बाँकी अघिल्लो कसूर वापतको कैद सजाय बारे पछि जानकारी हुन आई निजको हकमा | |

| | | | |
|---|---|---|---|
| | एउटा मात्र सजाय कार्यान्वयन गर्नु पर्नेछ ।<br>(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पटके कसूरदारका सम्बन्धमा वा एकीकृत कसूरका सम्बन्धमा कानूनमा छुट्टै सजाय तोकिएको रहेछ भने सोही सजाय कार्यान्वयन हुनेछ । | अघिल्लो कैद सजाय कार्यान्वयन गर्न अडबड परेमा निकाशाको लागि इजलास समक्ष पेश गर्नुपर्नेछ।<br>(६) उपदफा (५) बमोजिम इजलाससमक्ष पेश भएकोमा अदालतले सम्बन्धित कसूरदार वा निजको कानुन व्यवसायी र सम्बन्धित सरकारी वकिललाई समेत उपस्थितिको लागि सुचना दिई दुवै पक्षको छलफल सुनी त्यस्तो कसूरदारले भुक्तान गर्नुपर्ने कैद सजाय निर्धारण गरी सजाय कार्यान्वयन गर्द आदेश दिनेछ। | |

# परिच्छेद ६

## विषयगत ऐनहरुको सवालमा गरिनुपर्ने सुधारहरु

### ६.१ बालबालिका सम्बन्धी ऐन, २०७५

### ६.१.१ सरोकारवालाहरुबाट प्राप्त मुख्य मुख्य सुझावहरु

१. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७ दिशान्तर सम्बन्धी कानूनी व्यवस्थाको उपदफा (२) लाई खारेज गरिनुपर्ने ।

२. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३७ मा उल्लेखित "सामान्यतया"ले कस्तो अवस्था बुझाउँदछ सो सम्बन्धमा स्पष्टीकरण मार्फत स्पष्ट पार्नुपर्ने ।

३. क्षतिपूर्ति तिर्न नसकेका बालबालिकालाई सो बापत कैद गरिने छैन भन्ने व्यवस्था स्पष्टसँग राख्ने।

४. दफा ३६ मा संशोधन गरी १० वर्ष देखि १२ वर्षसम्मको बालबालिकालाई कुनै फौजदारी दायित्व नहुने व्यवस्था गर्ने।

### ६.१.२ बालबालिका सम्बन्धी ऐन, २०७५ मा देखिएका समस्याहरु

१) दिशान्तर गर्न सकिने कसूर र सोको सिमा निकै नै साघुँरो रहेको छ। सामान्यतया बालबालिका संलग्न हुने गरेका कसूरहरुको प्रकृति हेर्दा चोरी, जबरजस्ती करणी, लागू औषध, बालविवाह रहने गरेको र सो कसूरहरुमा दिशान्तर गर्न कानूनले ठाँउ नदिएको, निकै कम सजाय हुने कसूरको हकमा मात्र दिशान्तर गर्न सकिने अवस्था रहेको। (ऐनको दफा २७)

२) ऐनको दफा ३६ (२) मा- "...... *कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृति हेरी ६ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिनेछ* " भनी उल्लेख गरेकोमा ऐनले बाल सुधार गृहलाई कैदको वैकल्पिक उपायको रुपमा व्यवस्था गरे तापनि व्यवहारमा कैद सजाय पाएका बालबालिकालाई बाल सुधार गृहमा नै राखिने भएको हुँदा सोको तादन्मयता मिलेको देखिदैन।

३) कैद सजायको विकल्पको रुपमा बाल सुधार गृहमा राख्ने व्यवस्था व्यवहारमा नमिल्दो रहेको।

४) ऐनको दफा ३६(७) मा ...पटके रुपमा कसूर गरेकोमा बाहेक कैदको सजाय नगरिने उल्लेख भएबाट बालबालिकालाई पटकेमा सजाय नहुने भन्ने सिद्दान्तसँग बाझिन गएको।

५) ऐनको दफा ६६(३) (छ) र(ज) मा स्पष्टताको आवश्यकता (७२(३)(छ) बमोजिम सो कसूरहरुमा जबरजस्ती करणीको कसूरमा हुने सजाय नै हुने)

६) बालबालिका विरुद्दको कसूरमा child sex grooming लाई समेत सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको।

७) ऐनको दफा ४५ बमोजिम अनुसन्धान,अभियोजन,कारबाही, सुनुवाई गर्दा मनोसमाजिक तथा मनोवैज्ञानिक अध्यन प्रतिवेदन पेश गर्नपर्ने कानूनी व्यवस्था भए तापनि सो अध्ययन गर्ने निकाय तथा जनशक्तिको व्यवस्थापन नहुँदा उक्त प्रावधान प्रयोगमा आउन नसकेको।

### ६.१.३ विश्लेषण

**क. १८ वर्ष पुगेका कानूनको विवादमा परेका बालबालिकालाई १८ वर्ष मुनिका बालबालिकाहरु साथै बाल सुधार गृहमा राख्न नहुने:**

मिति २०८०/०५/०३ मा भक्तपुरको सानोठिमी स्थित रहेको बालसुधार गृहमा एक जना बालकको मृत्यु भए पश्चात सुधार गृहमा रहेका कानूनको विवादमा परेका बालकहरु र प्रहरी बीच झडप भएको थियो भने मिति २०८०/०५/२६ मा वीरगञ्जको बाल सुधार गृहमा तनाव उत्पन्न भएको थियो। बाँके स्थितमा रहेको बाल सुधार गृहमा मिति २०८०/०६/०४ मा दुई पक्ष बीच झडप हुँदा १ जना बालकको मृत्यु भएको थियो।

२०८० सालमा एक महिनाको अन्तरालमा मात्रै तीन बाल सुधार गृहहरुमा झडप भई तनावग्रस्त स्थिति भएको तथ्य विधिवत नै छ।सो घटनाहरुको अनुसन्धान गरी पेश भएको प्रतिवेदनहरुले मुख्य रुपमा झडपमा संलग्न रहेका अधिकांश १८ वर्ष भन्दा माथिका रहेका, सुधार गृहमै रहँदा कानूनको विवादमा परेका बालबालिकाहरु १८ वर्ष पुगेमा निजहरुलाई छुट्टै स्थानमा राखिनुपर्ने व्यवस्थाको कार्यान्वयन नहुँदा १८ वर्ष माथिका र १८ वर्ष मुनिका बालबालिकाहरु एउटै सुधार गृहमा रहेको कारण तनावपूर्ण स्थितिको श्रृजना भएको, बाल सुधार गृहमा बालबालिका राख्ने क्षमता भन्दा बढी बालबालिकाहरु रहेको र बाल सुधार गृहहरुमा न्युनतम सुविधा नभएका तथ्यहरुलाई उजागार गरेको छ। कानूनको विवादमा परेका

बालबालिकाहरुलाई निजहरुले १८ वर्ष उमेर पुगे पश्चात स्थान्तरण गरी निजहरुको उमेर अनुकूल हुने तालिम, सीप तथा सुविधा दिनुपर्ने आवश्यकता रहेकाले यस विषयलाई सम्बोधन गर्न हाललाई प्रादेशिक स्तरमा १८ वर्ष उमेर पुगेका कानूनको विवादमा परेका बालबालिकाहरुलाई राख्न छुट्टै सुधार गृहहरुको स्थापना गरी सञ्चालन गर्नुपर्दछ।

ख. **दिशान्तरको कानूनी दायरा बढाउनुपर्ने**

कानूनको विवादमा परेका बालबालिकाहरुलाई अदालती प्रक्रिया भन्दा अनौपचारिक तबरबाट सुधार गर्नुपर्ने विश्वव्यापी सिद्दान्त र मान्यता रहेको छ तर नेपालमा बालबालिका सम्बन्धी ऐनले दिशान्तर गर्न सकिने अवस्थालाई निकै साँघुरो रुपमा व्यवस्था गरेबाट सो सिद्दान्तको पूर्ण परिपालना हुन ऐनले नै प्रतिबन्ध लगाएको देखिन्छ ।ऐनको दफा २७ को उपदफा (१) ले पाँच हजार रूपैयाँसम्म बिगो भएको वा दुई हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले, दश हजार रूपैयाँसम्म विगो भएको वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकील,जतिसुकै बिगो भएको वा जतिसुकै जरिवाना वा कैद हुन सक्नेमा बाल अदालतले दिशान्तर गर्न सक्ने भनी व्यवस्था गरेको छ भने उपदफा (२) मा उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सकिने छैन भनी व्यवस्था गरेबाट न्यून मुद्दाहरु मात्र दिशान्तर हुन सक्ने भई अंधिकाश मुद्दाहरु अदालतबाट नै कारबाही हुने अवस्था छ।

यस अवस्थालाई सम्बोधन गर्न बालबालिका सम्बन्धी ऐनको दफा २७ मा दिशान्तर सम्बन्धी व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था राखिनुपर्दछ।

दफा २७- दिशान्तर गर्न सक्ने

१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिब देखिएमा देहायको अवस्थामा देहायका अधिकारीले कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्नेछ-

(क) पचास हजार रूपैयाँसम्म बिगो भएको वा दश हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुन सक्नेमा अनुसन्धान अधिकारीले,

ख) एक लाख रूपैयाँसम्म विगो भएको वा तीस हजार रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुबै सजाय हुन सक्नेमा सरकारी वकील,

ग) जतिसुकै बिगो भएको वा जतिसुकै जरिवाना वा कैद हुन सक्नेमा बाल अदालतले दिशान्तर गर्न सक्ने

उपदफा (२) मा उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सकिने छैन।

बालबालिका संलग्न रहेका मुद्दाहरुलाई दिशान्तर गर्न सकिएमा हाल मुख्य रुपमा बाल सुधार गृहमा overcrowding का कारण देखिएका समस्याहरुलाई न्यूनिकरण गर्न सकिन्छ।

## ग. कैद सजायको विकल्पको रुपमा बाल सुधार गृहमा राख्ने व्यवस्था खारेज हुनपर्ने

एकातर्फ बाल सुधार गृहको भयावह अवस्था रहेको देखिन्छ भने अर्को तर्फ बालबालिका सम्बन्धी ऐन, २०७५ले कैद सजायको विकल्पको रुपमा बाल सुधार गृहमा राख्ने व्यवस्था गरेको देखिन्छ। बालबालिकाको उमेर, मनोविज्ञान, मानसिक तथा शारीरिक विकास, कसूर गर्दाको अवस्था र परिस्थिति समेतको विश्लेषण गरी कैदको वैकल्पिक उपायहरु अबलम्बन गर्नुपर्ने सिद्दान्त विपरित उक्त ऐनको दफा ३६(२) ले —"कसूरको प्रकृति हेरी ६ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिनेछ" भन्ने व्यवस्था गरेको छ।

बाल सुधार गृहलाई कैदको वैकल्पिक उपायको रुपमा ऐनले व्यवस्था गरे तापनि कैद सजाय भुक्तान गर्नका लागि बालबालिकालाई सुधार गृहमा नै राखिने हुँदा यस प्रावधानको औचित्यता देखिदैन। यस अवस्थालाई सम्बोधन गर्न बालबालिका सम्बन्धी ऐनको दफा ३६(२) मा रहेको कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिनेछ" भन्ने वाक्य हटाउन आवश्यक रहेको छ।

## ६.२ अध्यागमन ऐन, २०४९

**अध्यागमन ऐन, २०४९ मा गर्नुपर्ने सुधारहरुः**

क) दफा १२ मा रहेको यस ऐन अन्तर्गतको शव्द पछि दफा १० (४) बाहेकका मुद्दा भन्ने शव्द राख्न उपयुक्त हुन्छ ।

ख) दफा १० मा उपदफा (५) र (६) थप गरी देहाय बमोजिमको व्यवस्था गर्नु उपयुक्त हुन्छ।

ग) उपदफा (५): उपदफा (४) बमोजिम कायम भएको विगो र भएको जरिवाना रकम तिर्न नसकेमा बढीमा छ महिना कैद सजाय हुनेछ।

घ) उपदफा (६): उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो काबु बाहिरको परिस्थिति परी वा अन्य कुनै कारणले कुनै व्यक्ति भिसामा तोकिएको अवधि भन्दा बढी अवधि बस्नु परेको देखिएमा निजलाई भिसा नियमित गराउँदा लाग्ने भिसा दस्तुर छुट दिन, निजले व्यहोर्नु पर्ने विगो, जरिवाना वा कैद मिनाहा गरी निजको देशमा फिर्ता पठाउन सकिनेछ।

## ६.३ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा देहायको कानूनी व्यवस्था गरिनुपर्नेः**

क) ऐनको दफा २(ङ) मा भएको शोषणको परिभाषालाई देहाय बमोजिम सुधार गर्नु पर्ने "शोषण" भन्नाले न्युनतम रुपमा अरुको वेश्यावृत्तिको शोषण वा अन्य स्वरुपका यौन शोषण, जवर्जस्ती श्रम वा सेवामा लगाउने काम, दासता वा दासता सरहका अभ्यास, बाँधा बनाउने वा मानव अंग झिक्ने काम समेतलाई जनाउँछ।

ख) ऐनको दफा १७ मा कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी कसूरदारबाट पीडितलाई क्षतिपूर्ति भराउने भन्ने प्रावधान रहेबाट कसूरको गाम्भीरता, पीडितलाई पर्न गएको चोट, हानि भन्दा पनि जरिवानाको आधारमा क्षतिपूर्ति निर्धारण हुने परिपाटि रहेको हुँदा दफा १७ (१) मा देहायको कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

ग) अदालतले कसूरदारबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ।

घ) दफा २२ मा नैतिक पतनको दाबी लिँदा आधार कारण सहित लिने कानूनी व्यवस्था गर्नु पर्ने देखिँदा कुन अवस्था वा कसूरमा लिने सोमा स्पष्टताको आवश्यकता रहेको देखिँदा देहाय बमोजिमको कानूनी व्यवस्था गर्न उपयुक्त हुन्छ।

ङ) दाबी गर्नु पर्ने : यस ऐन बमोजिमको कसूरमा अदालतमा अभियोगपत्र दायर गर्दा नैतिक पतन कायम हुन सरकारी वकीलले आधार कारण सहित दावी लिन सक्नेछ।

## ६.४ लागू औषध (नियन्त्रण) ऐन,२०३३

**लागू औषध (नियन्त्रण) ऐन कानूनमा समयानुकूल सुधार र लागू औषध रोकथाम कानूनमा विकसित भएको नविन उपागमहरुलाई प्रयोगमा ल्याइनू पर्ने:**

क) परिभाषागत अस्पष्टता रहेको :ऐनको परिभाषामा मनोद्धिपक पदार्थ, गाजा र चरेसमा फरक देखिएको,

ख) Public Health Approach समेतका आधारमा गाँजा सेवन (सेवन, उत्पादन , ओसारपसार वा कारोवार) लगायतका कार्यहरुहरु फौजदारी कसूरमा जस्तो कैद सजाय नगरी जरिवाना मात्र गर्नु उपयुक्त हुने हुँदा दफा १४ को उपदफा (१) को खण्ड (क) देखि (घ) मा उल्लेख गरिएका कैद सजाय हुने कानूनी व्यवस्था हटाई जरिवानाको मात्र सजाय हुने कानूनी व्यवस्था गर्ने।

ग) कसूर सम्बन्धी व्यवस्था, सेवन, कारोबारको अन्तर छुट्टयाउने पर्ने-

१) लागू औषधको प्रकृति र परिमाणका आधारमा सजायमा पुनरावलोकन गरी कैद र जरिवनाको अनुपात मुलुकी अपराध संहिता अनुकूल मिलाउनु पर्ने ।

२) दफा १४ को उपदफा (१) (च) मा देहाय बमोजिम सुधार हुनु उपयुक्त हुन्छ:

- १ मा रहेको "एक वर्ष देखि तीन वर्षसम्म कैद र पाँच हजार रुपैंया देखि पच्चीस हजार रुपैंयासम्म जरिवाना" शव्दहरुको सट्टा "छ महिना देखि दुई वर्षसम्म कैद र पाँच हजार रुपैंया देखि बीस हजार रुपैंयासम्म जरिवाना" भन्ने कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

(२) मा रहेको "तीन वर्ष देखि दस वर्षसम्म कैद र पच्चीस हजार रुपैंया देखि दुई लाख रुपैंयासम्म जरिवाना" शव्दहरुको सट्टा "दुई वर्ष देखि पाँच वर्षसम्म कैद र

बीस हजार रुपैंया देखि पचास हजार रुपैंयासम्म जरिवाना" भन्ने कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

३) दफा १४ को उपदफा (१) (छ) मा देहाय बमोजिम सुधार हुनु उपयुक्त हुन्छः

- (१) मा रहेको "पाँच वर्ष देखि दस वर्षसम्म कैद र पाँच हजार रुपैंया देखि पच्चीस हजार रुपैंयासम्म जरिवाना" शव्दहरुको सट्टा "दुई वर्ष देखि पाँच वर्षसम्म कैद र बीस हजार रुपैंया देखि पचास हजार रुपैंयासम्म जरिवाना" भन्ने कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- (२) मा रहेको "दस वर्ष देखि पन्ध्र वर्षसम्म कैद र पचहत्तर हजार रुपैंया देखि दुई लाख रुपैंयासम्म जरिवाना" शव्दहरुको सट्टा "पाँच वर्ष देखि दस वर्षसम्म कैद र पचास हजार रुपैंया देखि एक लाख हजार रुपैंयासम्म जरिवाना" भन्ने कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- (३) मा रहेको "पन्ध्र वर्ष देखि जन्म कैद र पाँच लाख रुपैंया देखि पच्चीस लाख रुपैंयासम्म जरिवाना" शव्दहरुको सट्टा "दस वर्ष देखि पन्ध्र वर्षसम्म कैद र एक लाख रुपैंया देखि एक लाख पचास हजार रुपैंयासम्म जरिवाना" भन्ने कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- दफा १४ को उपदफा (१) (झ) मा मा रहेको "एक लाख रुपैंया देखि बीस लाख रुपैंयासम्म जरिवाना" शव्दहरुको सट्टा "बीस हजार रुपैंया देखि एक लाख रुपैंयासम्म जरिवाना" भन्ने कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- दफा १६ हटाउनु उपयुक्त हुन्छ (सामान्य कानूनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ मा पटके कसूरदारलाई सबै कसूरमा थप सजाय हुने कानूनी व्यवस्था गरिएको हुँदा विशेष कानूनमा पटके सम्बन्धी व्यवस्था आवश्यक नरहेको)
- पक्राउ पुर्जी, हिरासतमा लाग्ने अवधि, म्याद थप तथा कार्यविधि आदि प्रक्रिया बारेमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ सँग सामन्जस्य हुने गरी मिलाउनु उपयुक्त हुन्छ ।

## ६.५ सवारी तथा यातायात व्यवस्था ऐन,२०४९

**सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ मा हुनु पर्ने देहाय बमोजिम देखिएका छन्ः**

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (१) मा ठाउँ ठाउँमा रहेका "...ज्यान मार्ने मनसाय लिई" पछि "वा जानीजानी" भन्ने शव्दहरु थप गर्नु उपयुक्त हुन्छ ।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (१) मा "...सवारी दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरूप एक्काइस दिन भित्र" भन्ने कानूनी व्यवस्थाले त्यस्ता मुद्दामा अभियोजन गर्न समस्या रहेको हुँदा "...एक्काइस दिन भित्र" भन्ने कानूनी व्यवस्था हटाउनु उपयुक्त हुन्छ।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) उपदफामा रहेको " एक्काइस दिनभित्र" भन्ने शव्द हटाउन उपयुक्त हुन्छ ।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२ को उपदफा (१) मा "...बदनियत साथ गरेको भए" भन्ने प्रावधानले बदनियतपूर्वक गरेको आपराधिक कार्यलाई मात्र कसूर कायम गरेको देखिंदा जानीजानी, लापरवाहीपूर्ण वा हेलचेक्राइँपूर्वक सवारी चलाई अङ्गभङ्ग भएको अवस्थालाई समावेश नगरेको हुँदा "...त्यस्तो कार्य बदनियत साथ गरेको भए" भन्ने शव्दहरु हटाउनु उपयुक्त हुन्छ ।
- दफा १६२ (१) को अन्त्यमा रहेको "सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाँच हजार रुपैंया जरिबाना हुनेछ" भन्ने कानूनी व्यवस्थाको सट्टामा "सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैंयासम्म जरिबाना हुनेछ" भन्ने कानूनी व्यवस्था राख्नु उपयुक्त हुन्छ ।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ मा मुद्दा हेर्ने क्षेत्राधिकार सम्बन्धित जिल्ला अदालतमा हुने गरी पुनरावलोकन गर्नु पर्ने,
- दफा १६२क थप गरी सवारी साधनको कारणबाट सवारी भित्र वा बाहिर रहेको व्यक्ति दफा १६२ बमोजिम अंगभंग नभई घाइते भएकोमा निज घाइतेको उपचार सवारी साधन चलाउने व्यक्ति वा सवारी साधनको धनी व्यक्तिले गराउने र निजहरुलाई एक वर्षसम्म कैद र दस हजार रुपैंयासम्म जरिवाना हुने कानूनी व्यवस्था थप गर्ने,

- दफा १६२ख थप गरी सवारी साधन चलाएको कारण वा सवारीले ठक्कर दिई वा किची वा अन्य दुर्घटनाबाट कुनै पशु पक्षी मरेमा वारदातको प्रकृति हेरी एक वर्षसम्म कैद र दस हजार रुपैंयासम्म जरिवाना हुने कानूनी व्यवस्था थप गर्ने,
- दफा १६३क थप गरी दफा १६१, दफा १६२, १६२क र १६२ख बमोजिम सवारी सम्बन्धी कसूर वा सवारी दुर्घटनाबाट कसैको सम्पत्तिमा हानि, नोक्सानी वा क्षति पुऱ्याएकोमा प्रतिवादीबाट क्षतिपूर्ति भराउने कानूनी व्यवस्था गर्नु पर्ने।

## ६.६ सङ्गठित अपराध निवारण ऐन, २०७०

**सङ्गठित अपराध निवारण ऐन, २०७० मा सुधार गर्नुपर्ने केही कुराहरुः**

१) दफा २ को खण्ड (घ) रहेको असंगठित भन्ने शव्द हटाउनु पर्दछ।

२) दफा ४ संगठित अपराधको तयारी, उद्योग, षडयन्त्र, दुरूत्साहन, मतियारको कार्यलाई अपराधीकरण गरिए तापनि सजायको व्यवस्था नगरिएको हुँदा दफा ४ मा रहेका वाक्यांशलाई उपदफा (१) कायम गरी देहाय बमोजिमको उपदफा (२) राखिनु पर्दछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई पाँच वर्षसम्म कैद सजाय हुने व्यवस्था गरिनु उपयुक्त हुन्छ।

(४) दफा ८ खारेज गर्ने ।मुलुकी अपराध संहिताको दफा २५३ मा विस्तृत व्यवस्था गरिएको हुँदा यो दफा खारेज गर्ने।

(५) ऐनको दफा ९ को खण्ड (क) मा दफा ३ को उपदफा (३) को खण्ड (क) र (ख) (जुन खण्डहरुमा प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर, परिच्छेद—३ बमोजिमको कुनै कसूर उल्लेख छ) तथा उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय, तर जन्मकैद वा सो भन्दा बढी सजाय हुने कसूरदारलाई थप सजाय हुने छैन भन्ने कानूनी व्यवस्था गरिएको छ । तर दफा ३ को उपदफा (३) को खण्ड (ग) मा उल्लिखित कसूर (प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पत्ति

शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर) मा थप सजाय हुने व्यवस्था नै गरिएको छैन ।

त्यसकारण दफा ९ को खण्ड (क) मा रहेको दफा ३ को उपदफा (३) को पछि उल्लेख भएको "खण्ड (क) र (ख)" शव्दहरु हटाउने ।

(६) दफा ९ को "खण्ड (ख) मा दफा ३ को उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचिलत कानूनमा कुनै सजायको व्यवस्था भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैंयासम्म जरिवनाा वा दुवै सजाय" हुने कानूनी व्यवस्था छ। यहाँ कैद र जरिवानाको अनुपात मिलेको छैन। यसमा जरिवाना पचास हजार रुपैंयासम्म जरिवाना हुने कानूनी व्यवस्था हुनु पर्दछ।

## ६.७. वन ऐन, २०७६

**वन ऐन,२०७६ दफा ६८ मा बरामद भएका मालवस्तु जफत हुनेः**

सो दफाको उपदफा (३) मा देहाय बमोजिमको कानूनी व्यवस्था राख्ने

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदार बाहेक अन्य व्यक्तिले जानी-जानी कसूरदारलाई सघाउ पु¥याउन त्यस्तो सवारी साधन प्रयोग गरेको वा प्रयोग गर्न दिएको अवस्था अनुसन्धानबाट नदेखिएमा वा पचास हजार रूपैंया भन्दा कम मोल पर्ने वन पैदावार वा आखेटोपहार ओसारससार वा अन्य कुनै कार्य गर्न प्रयोग भएको बोझबाहक जफत गरिने छैन।

## ६.८ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

**राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को सम्बन्धमाः**

क) दफा २६मा कसूर र दण्ड सजायमा पुनरावलोकन गरी कैद र जरिवानाको अनुपात मिलाउने,

ख) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ को उपदफा (४) मा संरक्षित पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा पन्ध्र हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिना देखि नौ महिनासम्म कैद वा दुबै सजाय

हुने व्यवस्था रहेको र सोही दफाको उपदफा (५) मा संरक्षित पंक्षी बाहेक अन्य पंक्षी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुबै सजाय हुने कानूनी व्यवस्था रहेको छ। सो व्यवस्थाले संरक्षित पंक्षी मारेमा वा घाइते बनाएमा भन्दा संरक्षित बाहेकका पंक्षी मारेमा वा घाइते बनाएमा बढी सजाय हुने व्यवस्था त्रुटिपूर्ण देखिएको हुँदा उपदफा (५) मा देहाय बमोजिम कानूनी व्यवस्था गर्नु उपयुक्त हुन्छ :

ग) संरक्षित पंक्षी बाहेक अन्य पंक्षी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुने कानूनी व्यवस्था गरी संशोधन गरिनु पर्ने,

घ) दफा २६क थप गरी नक्कली आखेटोपहार वा वन्यजन्तुको अङ्गको संचय, ओसारपसार तथा कारोबार गर्ने गराउने कार्यलाई कसूर कायम गरी पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना गर्ने,

ङ) दफा २६ख थप गरी राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवती क्षेत्र, जैविक मार्ग, वन वा अन्य स्थानमा सवारीले ठक्कर दिई वा किची वा अन्य दुर्घटनाबाट संरक्षित वन्यजन्तुको मृत्यु भएकोमा राष्ट्रिय निकुञ्ज, आरक्ष, आरक्ष, संरक्षण क्षेत्र, मध्यवती क्षेत्र, जैविक मार्ग आदि संरक्षित क्षेत्र भित्र घटना भएकोमा दुई वर्ष देखि पाँच वर्षसम्म कैद वा बीस हजार रुपैंया देखि पचास हजार रुपैंयासम्म जरिवाना र संरक्षित क्षेत्र भन्दा बाहिर घटना भएकोमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैंयासम्म जरिवाना हुने कानूनी व्यवस्था गर्नु पर्ने ।

## ६.९ वैदेशिक रोजगार ऐन, २०६४ मा गर्नु पर्ने सुधार

क) दफा ४३ र ४४ का कसूरमा तीन वर्षदेखि सात वर्षसम्म कैद र तीन लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्थाको सट्टा कसूरको मात्राअनुसार बढीमा दश लाख रुपैयाँसम्म जरिबाना र दश वर्षसम्म कैद गर्ने कानूनी व्यवस्था गर्ने,

ख) दफा ५१, ५२, ५३, ५४ र ५५ को कसूरमा वैदेशिक रोजगार विभागले अनुसन्धान गरी वैदेशिक रोजगार न्यायाधिकरण समक्ष मुद्दा दायर गर्ने गरी संशोधन गर्ने,

ग) दफा ६२ मा रहेको हालको व्यवस्थाको सट्टामा यस ऐनको दफा ४३ र ४४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा उजुरी साथ उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन वैदेशिक रोजगार न्यायाधिकरणले आवश्यकताअनुसार पक्राउ पुर्जी जारी गर्नेछ भन्ने व्यवस्था राख्ने,

**६.१० नयाँ देखिएको व्यापारिक कार्यहरुको सम्बन्धमा नियमन गर्नुपर्नेः**

केवुलकार, र्‍याफ्टिङ, बन्जिजम्प, जिपलाईन लगायतका गतिविधिहरू देश भर सञ्चालन भए तापनि यस्ता कार्यको सञ्चालन र नियमित गर्ने कानूनी व्यवस्था हुन नसकेको कारण जवाफदेहिता सिर्जनामा कठिनाइ भएको छ। यी विषयहरुलाई व्यवस्थापन, नियमन, नियन्त्रण र आपराधिक दायित्व वहन गराउने समेतका लागि अलग्गै कानून बन्नु उपयुक्त हुन्छ।

# परिच्छेद-७

## संस्थागत सुधारको सम्बन्धमा गरिनुपर्ने सुधारहरु

### ७.१. अपराध अनुसन्धान तर्फ-

क) सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धानलाई प्रभावकारी बनाउनका लागि नेपाल प्रहरी अन्तर्गत अपराध अनुसन्धान प्रहरी समूह छुट्टै स्थापना गरी सो समूहको भर्ना लगायत अन्य सेवा शर्त सम्बन्धी छुट्टै कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा सर्वोच्च अदालतबाट समेत आदेश जारी भएको छ ।

ख) अपराध अनुसन्धान समूह भित्र आर्थिक, वित्तीय, संगठित, सम्पत्ति शुद्धीकरण लगायतका विशिष्टीकृत अपराधको अनुसन्धान गर्न अलग व्यूरो वा एकाइ स्थापना गर्न र त्यस्ता एकाइहरुलाई आवश्यक पर्ने स्रोत, साधन, सामग्री, जनशक्ति उपलब्ध गराउन आवश्यक छ ।

ग) अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन सबै प्रदेशहरूमा कार्यबोझको अनुपातमा कानूनी प्रबन्ध अनुरूप विधिविज्ञान प्रयोगशालाको स्थापना तथा विस्तार, त्यसका लागि आवश्यक पर्ने आधुनिक प्रविधि, साधन, स्रोत र दक्ष जनशक्तिको व्यवस्था गर्न आवश्यक छ । हाल संचालनमा रहेका प्रयोगशालामा जनशक्ति र साधन थप गर्नु पर्ने उपलब्ध छ ।

घ) बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुसार कानूनको विवादमा परेका बालबालिकालाई अनुसन्धानको क्रममा नियन्त्रणमा राख्न सबै अनुसन्धान गर्ने प्रहरी युनिटमा मापदण्ड अनुसारको पूर्वाधार सहितको निगरानी कक्षको व्यवस्था गर्न आवश्यक स्रोतको व्यवस्थापन गर्न र अनुसन्धान गर्न अविलम्ब बाल न्याय सम्बन्धी विषयमा तालिम प्राप्त छुट्टै प्रहरी एकाइ गठन गर्नु आवश्यक छ ।

